
# नेपालमा गाँजा

## वैज्ञानिक अवधारणा

नारायण घिमिरे

**पुस्तक :** **नेपालमा गाँजा**
**लेखकः** नारायण घिमिरे
**सर्वाधिकारः** © लेखकमा सुरक्षित
**संस्करण :** पहिलो २०७८ (सन् २०२१)

Nepalma Ganja By Narayan Ghimire



जीवनसाथी

प्रिय **कल्पना**लाई

सप्रेम

# समर्पण

## विषय सूची


| क.सं | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| १ | **संसारमा गाँजा** | १ |
| २ | **गाँजाको औषधीय उपयोग** | १३ |
| ३ | **क्यानडामा गाँजा** | २७ |
| ४ | **नेपालमा गाँजा** | ३५ |
| ५ | **कफी, गाँजा र रक्सी** : कुन कति सुरक्षित ? | ५१ |
| ६ | **भाङ** : अद्‌भूत पोषण र औषधीको स्रोत | ५९ |
| ७ | **गाँजा र यौन** | ६५ |
| ८ | **गाँजा विधेयक** : किसानलाई सास्ती, व्यापरीलाई मस्ती | ८१ |
| १० | **परिशिष्ट क** : संसदमा प्रस्तुत 'गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७६' मा हुनुपर्ने न्यूनतम परिवर्तन | ९१ |
| ११ | **परिशिष्ट ख** : पुस्तकमा समावेश भएका प्राविधिक शब्द पदावली र तिनका अर्थ | १३८ |
| १२ | **परिशिष्ट ग** : चार्टहरू | १४६ |

# मेरो भन्नु

मलाई बारम्बार मनमा लाग्ने गर्थ्यो- आफूले जाने-बुझेको त्यस्तो कुन कुरा होला जुन अरूहरूलाई समेत लाभदायक होस्। यसरी सोच्दा मैले आफूमा खासै कुनै उल्लेखनीय खुबी पाइरहेको थिइनँ। तर मेरी जीवनसाथी कल्पना रिजाल यो कुरा मान्न तयार थिइनन्। उनले मलाई बारम्बार सम्झाइन्, “जीवनमा तपाईंले हासिल गर्नुभएका अनुभव र उद्यमशीलताका कुरा मात्रै बाँड्न सक्नुभयो भने पनि त्यो धेरैलाई लाभदायी हुनेछ। त्यस्तो काम आफ्नो मातृभूमिलाई सम्झने एउटा सुन्दर अवसरसमेत बन्नेछ।”

उनको यो सुझाव मलाई एकदमै मर्मस्पर्शी लाग्यो। श्रीमतीज्यूको पटक-पटकको आग्रहपछि मैले आफूले लेखेका लेख, पढेका किताब, गरेका अनुसन्धान र दैनिक कार्यसम्पादनका सिलसिलामा प्राप्त अनुभवहरूलाई समेटेर गाँजा खेती र गाँजामा आधारित उद्यमशीलताबारे यो किताब तयार पार्ने जमर्को गरेको हुँ। यसक्रममा आफ्ना खुशीहरूलाई थाँती राखेर मलाई प्रशस्त समय उपलब्ध गराउने मेरी अर्धाङ्गिनी कल्पना र छोरा ली घिमिरेको सहयोगप्रति म हृदयदेखि नै कृतज्ञ छु।

यस पुस्तकले दिने जानकारीहरू मेरो नित्तान्त मौलिक ज्ञानमा भन्दा पनि विभिन्न स्रोत र सामग्रीको मूल्याङ्कन गर्दा मलाई ठीक लागेका तथ्य र सन्दर्भहरूमा ज्यादा आधारित छन्। मेरो यस कार्यमा धेरै आत्मीय महानुभावहरूले नि:स्वार्थ रूपमा सहयोगी भूमिका निर्वाह गर्नुभएको छ। मप्रतिको उहाँहरूको सहयोग, सल्लाह, सुझाव र सद्भावको सराहना मसित भएको सीमित शब्दभण्डारबाट मात्र हुन सक्दैन। उहाँहरू सबैको जय होस्।

यो किताब तयार पारिनुका पछाडि मूलतः दुई प्रमुख ध्येय छन्- पहिलो, नेपालमा गाँजामा आधारित कृषि र जडीबुटी उद्यमलाई गैर-अपराधीकरण (डि-क्रिमिनलाइजेसन) गरियोस् भन्ने हो भने दोस्रो, त्यस्तो उद्यम गर्न चाहनेहरूले व्यवसाय थाल्नुअघि यससम्बन्धी विश्व-परिस्थिति र वैज्ञानिक यथार्थबारे पर्याप्त जानकारी हासिल गर्न सकून् भन्ने हो । यी दुवै उद्देश्य प्राप्तिमा यो पुस्तकले थोरै मात्र उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्यो भने पनि म आफ्नो श्रमको सदुपयोग भएको ठान्नेछु । पुस्तकका तथ्यहरूलाई त्रुटिरहित बनाउने सक्दो प्रयास गरेको छु तापनि अध्ययन अनुसन्धानका क्रममा निर्णयगत गल्ती (इरर-इन-जजमेन्ट) का कारण गलत निष्कर्ष निक्लन गई त्रुटिपूर्ण व्याख्या हुन पुगेको रहेछ भने अर्को संस्करणमा सुधार्ने प्रतिबद्धता जनाउन चाहन्छु । पुस्तकमा भएका गल्ती या कमीकमजोरी औंल्याइदिनुभएमा त्यसका लागि सदैव कृतज्ञ रहनेछु ।

विभिन्न समय र परिवेशका तथ्यहरू फरक-फरक हुने भएकाले यो पुस्तक लेख्दाको समय र तयार भएर प्रकाशनमा आउने समयको अन्तरालमा पनि कतिपय पुराना तथ्य र सन्दर्भहरू परिवर्तन भैसकेका हुन सक्छन् । उदाहरणका लागि क्यानडामा गाँजा वैधानिक हुँदै गर्दा गाँजाबारे मात्र दस हजार वैज्ञानिक अनुसन्धान भएकामा अहिले यो किताब लेखिँदै गर्दा बीस हजारभन्दा बढी अनुसन्धान भैसकेका छन् । गाँजाबाट कति प्रकारका औषधि बन्न सक्छन् भन्ने तथ्य समयक्रममा पटक-पटक फरक पर्दै आइरहेको छ । पुस्तक पाठकको हातमा पुग्ने बेलासम्ममा थप तथ्यहरू आइसक्ने निश्चित छ । पुस्तकमा सकेसम्म पछिल्ला तथ्य, तथ्यांक र जानकारीहरू दिने प्रयत्न गरिएको छ तापनि समयक्रममा थपिँदै र सुधारिँदै गएका तथ्य, तथ्यांक र वैज्ञानिक अवधारणाहरूप्रति स्वयं सजग हुनुपर्ने पाठकीय दायित्वलाई पनि यहाँ विनम्रतापूर्वक स्मरण गराउन चाहन्छु ।

यो पुस्तक लेख्नु र प्रकाशन गर्नुको मूल ध्येय नेपालमा गाँजाको गैर-अपराधीकरण होस् र त्यसो हुनुको पहिलो प्रत्यक्ष फाइदा ती असंख्य बिरामीले प्राप्त गर्न सकून् जसले अहिले गाँजा वा गाँजाजन्य औषधीबाट हुने असीमित लाभहरू पाउन सकेका भए उनीहरूको दुःख, दर्द, पीडा र छट्पटी घट्ने थियो भन्ने नै हो । दोस्रो, उद्देश्य नेपालका सुगमदेखि सुदूर र विकट क्षेत्रसम्मकै गाउँबस्तीका किसानहरूका साथै उद्यमी, व्यवसायी र सरकारसमेतले गाँजाबाट यथेष्ट आर्थिक लाभ लिन र आ-आफ्नो स्तरोन्नति गर्न सकून् भन्ने हो । गाँजालाई गैर-अपराधीकरण गरियोस् वा कानुनी वैधता प्रदान गरियोस् भन्ने सदाशयताको अर्थ बिना कुनै नियमन वा अनुगमन यसको दुरुपयोग, दुर्व्यसन वा कालोबजारीकरणलाई समेत खुलै छाडियोस् भन्ने कदापी होइन । त्यसैले यो पुस्तकको समग्र सारलाई यही रूपमा बुझिदिनुहुन आम पाठकहरूमा नम्र निवेदन गर्दछु ।

**नारायण घिमिरे**

# संसारमा गाँजा

आधुनिक विज्ञानले गरेका अनुसन्धानहरूबाट वेदमा उल्लेखित कैयन् तथ्यहरूलाई आज सही प्रमाणित मात्र गरेको छैन, त्यसैको एउटा नतिजाका रूपमा अब गाँजा विश्वभर क्रमशः औषधीय तथा मनोरञ्जनात्मक खाद्य पेयका रूपमा नियन्त्रित बिक्री-वितरणका लागि खुला हुँदै गएको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) को शृङ्खलाबद्ध सुझावपछि राष्ट्रसङ्घीय लागूऔषधसम्बन्धी आयोग (यूनसीएनडी) ले गाँजालाई सबैभन्दा खतरनाक लागूपदार्थको श्रेणीबाट कम घातक लागूपदार्थको श्रेणीमा पुनः वर्गीकरण गरेको छ । गाँजालाई हानिकारक लागूऔषधको सूचीमै राखिरहने कि हटाउने भन्ने विषयमा यूनसीएनडीले गराएको मतदानमा उसका ५३ सदस्यमध्ये २७ मुलुकले पक्षमा र २५ ले विपक्षमा मतदान गरेका थिए । उक्त मतपरिणामसँगै गाँजालाई यूनसीएनडीले हानिकारक लागूऔषधको सूचीबाट हटाएको हो । गाँजालाई हानिकारक लागूऔषधको सूचीबाट हटाउनुपर्ने पक्षमा नेपालले पनि मतदान गरेको थियो । पक्षमा मतदान गर्ने अन्य प्रमुख मुलुकमा अमेरिका, बेलायत, भारत, अस्ट्रेलिया, थाइल्यान्ड, क्यानडा, बेल्जियम र फ्रान्सलगायत थिए । गाँजालाई हानिकारक लागूऔषधको सूचीबाट हटाउन नहुने पक्षमा मत हाल्नेमा ब्राजिल, चीन, अफगानिस्तान, पाकिस्तान, जापान, इराक, लिबिया, रुस, क्युबा, हंगेरीलगायत मुलुक थिए ।

चिकित्सकीय फाइदाहरूको वैज्ञानिक प्रमाणका आधारमा गाँजालाई खतरनाक लागूपदार्थको श्रेणीबाट कम घातक लागूपदार्थको श्रेणीमा झार्न धेरै मुलुकहरूले सहमति गरेको भए तापनि गाँजाको अनियन्त्रित बिक्री-वितरण गरिए आम मानिसको स्वास्थ्यमा गम्भीर जोखिम पुग्ने भन्दै यससम्बन्धी अन्तर्राष्ट्रिय नियन्त्रण भने कायमै राख्नुपर्नेमा धेरै

मुलुक सहमत देखिएका छन् । नेपालका कतिपय ठूला मिडिया समेतले भनेजस्तो गाँजा लागूऔषधको सूचीबाटै हटेको होइन । यो अहिले पनि लागूपदार्थकै श्रेणीमा छ । केवल खतरनाक लागूपदार्थको श्रेणीबाट मात्र हटेको हो ।

राष्ट्रसङ्घीय नियोगले उक्त निर्णय लिनुको मुख्य आधार गाँजाको औषधीय मूल्य वैज्ञानिक रूपमै प्रमाणित हुनु हो । यति हुँदाहुँदै पनि मुलुकभित्र र अन्तर्राष्ट्रिय रूपमा समेत गाँजालाई नियन्त्रित निगरानीमा नलिँदा यसको प्रयोग हानिकारक हुन सक्ने र दुरुपयोगसमेत हुने प्रशस्तै सम्भावना भएकाले गाँजाको उत्पादन, प्रशोधन, बिक्री-वितरण, कारोबार र उपभोगलाई सरकारहरू र अन्तर्राष्ट्रिय नियन्त्रणको दायरा बाहिर लैजान नसकिने प्रस्तावहरू पारित भएका छन् । राष्ट्रसङ्घले गाँजाको औषधीय मूल्यलाई औपचारिक मान्यता दिँदैमा गाँजामा भइरहेको अन्तर्राष्ट्रिय नियन्त्रणहरूमा तत्कालै ठूलो प्रभाव नपर्ने भए पनि गाँजालाई हेर्ने आम दृष्टिकोणमा भने यसले आमूल परिवर्तन ल्याएको छ । यसले संसारका धेरै देशहरूमा गाँजाबारे आफूले कस्तो नियम कानुन बनाउने भन्नेबारे दिशानिर्देश गर्ने र यसको औषधीय मूल्यबारे जनचेतना बढाउनमा निकै ठूलो भूमिका निर्वाह गर्नेछ । संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यहरूमा करिब ११ वर्ष लगाएर गरिएका अध्ययनहरूले दुःखाइ कम गर्ने अन्य औषधि (पेन किलर) का तुलनामा गाँजाको प्रभावकारिता अझ बढी देखिएको छ। संसारभर औषधीका रूपमा गाँजा प्रयोग गर्ने लाखौँ मानिसका लागि यो सुखद खबर हो ।

आजको दिनसम्म आइपुग्दा विकसित, धनी र आँटिला मुलुकहरू राष्ट्रसङ्घीय व्यवस्थालाई अनदेखा गर्दै औषधीयबाहेक खाद्य र मनोरञ्जनका लागि समेत गाँजालाई गैर-अपराधीकरण गरी व्यापारिक

उत्पादनहरूतर्फ जाने तयारीमा छन् । त्यसका लागि उनीहरू निकै उत्कृष्ट अनुसन्धानमार्फत प्रतिस्पर्धी बजारमा आफूलाई आक्रामक बनाउने तर्खरमा समेत छन् । औषधीय क्षेत्रमा त कैयन् उत्पादनले बजारमै ठूलो प्रभाव जमाइसकेका छन् ।

क्यानडा लगायतका धेरै मुलुकहरूमा खाना जस्तै वा सँगै खाने वा पिउने इडिबल; पाचन अङ्गहरूमा पुऱ्याउने इनजेस्टिङ्ग; सुँघ्ने वा इनहेलिङ्ग; छाला, कपाल र नङमा लगाउने टपिकल, धूमपान गर्ने स्मोक, इ-भेप लगायत उत्पादनहरूमा समेत विश्व बजार नियन्त्रण गर्न सक्ने हैसियतमा आफ्नो क्षमता विकास गरिसकेका छन् । उनीहरूका धेरै व्यावसायिक उत्पादनहरूले गाँजा गैर-अपराधीकरण भएका मुलुकको बजारमा ठूलो प्रभाव जमाइसकेका छन् ।

तर दुःखका साथ भन्नुपर्छ, गाँजालाई पुनःवर्गीकरण गर्ने राष्ट्रसङ्घीय नियोगको निर्णय विभिन्न शक्तिराष्ट्रहरूको उच्च प्रभावमा रहेका विपन्न र अन्य मुलुक आश्रित देशहरूका सर्वसाधारण जनताको दैनिक जीविकाको सवालमा फगत बाँदरको हातमा नारिवलसरह मात्र हो । हतियारको बिक्री-वितरणजस्तै आजको युगमा गाँजाको कारोबार सम्पन्न मुलुकहरूका लागि निकै आकर्षक आय हुने तर विपन्न विपन्नै रहने वा त्योभन्दा पनि तल गिर्ने यथार्थ हामी कसैमा छिपेको छैन । धेरै विकसित र केही साहसी मुलुकहरू भोलिको विश्व बजारमा हुने गाँजाको कारोबार आफ्नो पोल्टामा पार्न राष्ट्रसङ्घका प्रावधानहरूलाई सजिलै लत्याएर आफूले चाहेजस्तो कानुन बनाई अघि बढिरहेका छन् ।

उनीहरूले हालसम्म सफलतापूर्वक विकसित गरिसकेका आफ्ना प्रोपराइटरी फर्मुलेसन रहेका उच्च प्रविधिका गाँजाको औषधीहरूलाई

जब अन्तर्राष्ट्रिय बजारको जरुरत भयो ठीक त्यही समय पारेर राष्ट्रसङ्घीय नियोगले दुई वर्ष अघिदेखि नै पूर्ण तयार रहेको डब्लूएचओको प्रस्ताव निकालेर पास गर्न लबिङ गऱ्यो । नेपालजस्ता साना मुलुकका प्रतिनिधिहरूले यसमा आफ्नो मुलुकको हितका लागि के छ भन्ने यकीनसमेत नगरी ताली ठोकेर पास गरिदिए । के के नै हुने भयो भन्ने तरङ्गले पत्रिका र सामाजिक सञ्जालका भित्ता भरिए ।

खासमा विकसित मुलुकहरूले गाँजा उत्पादनमा प्राप्त गरेको कौशल र तिनीहरूले विकास गरेको प्रविधि-कुशलतामार्फत विश्व गाँजा बजारमा आफ्नो दरिलो पकड राख्ने हैसियतमा पुगेसँगै राष्ट्रसङ्घले गाँजालाई सबैभन्दा खतरनाक लागूपदार्थको श्रेणीबाट कम घातक लागूपदार्थको श्रेणीमा झारेको हो । सम्भवतः अबको दुई वर्षमा विश्व बजारमा गाँजाको खाद्य र मनोरञ्जनदायक पदार्थ आपूर्तिमा विकसित मुलुकहरू आफूलाई कसैले विस्थापन गर्न नसक्ने अवस्थामा पुग्नेछन् । त्यो बिन्दुमा इडिबल र रिक्रिएसनका लागि समेत विश्व बजारमा गाँजा खुल्ला गर्ने यस्तै प्रस्ताव राष्ट्रसङ्घीय नियोगबाट पास हुने अनुमान सहजै गर्न सकिन्छ । त्यतिबेला विदेशी मुलुकका उत्पादनहरू गुणस्तरीय र सुरक्षित रहेको सिफारिस हुने तर गरिब मुलुकका उत्पादन अहिले नीरमसी, लोठ-सल्लो, रक्त-चन्दन जस्तै 'हात लायो कि वात लायो' हुने स्थितिमा पुग्ने गरी राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मान्यता विकसित गरिएको भेटियो भने कुनै आश्चर्य नमाने हुन्छ । यस दृष्टिले हेर्दा गाँजा विश्वमै रक्सीभन्दा सहज कारोबार हुने वस्तु बन्ने दिन अब धेरै टाढा रहेजस्तो देखिन्न ।

राष्ट्रसङ्घको निर्णयले आफैँमा संसारको कुनै पनि भागमा तत्काल गाँजाको गैर-अपराधीकरण वा खुल्ला गर्ने क्षमता राख्दैन । संसारका

जुनसुकै मुलुक पनि राष्ट्रसंघको निर्णय आफ्नो हितमा छैन भने सूचना दिएर मान्दिन भनी नमान्न सार्वभौमसत्ता सम्पन्न छन् । भलै, कहिलेकाहीँ कुनै निर्णय नमान्दा त्यसबाट आउने परिणामहरू झेल्नुपर्ने हुन सक्छ ।

सन् २०१९ मा प्रकाशित वर्ल्ड ड्रग रिपोर्टका अनुसार २०१७ मा संसारमा ५ हजार १९ टन सुकेको गाँजा, १ हजार १ सय ६१ टन चरेस, ९ टन केटामाइन, ३.५ टन गाँजाको नशादायक हेलोसिनोजिन उत्पादन भएको पाइयो । १८ करोड ८० लाख जनाले गाँजा सेवन गर्ने गरेको भेटियो । अघिल्ला वर्षहरूमा भन्दा सन् २०१७ मा सुकेको गाँजाको सेवन गर्ने व्यक्तिहरूको संख्या ७% ले बढेको पाइयो । नशादायक हेलोसिनोजिन खानेहरू ७ गुणाले बढेका थिए । केटामाइन खाने ३४% र चरेस लगायत गाँजाको रेजिन सेवन गर्नेहरू भने ३१% ले घटेको तथ्यांक छ । गाँजा प्रतिबन्ध गरियोस् वा नगरियोस् त्यसको पूर्ण बेवास्ता गर्दै आज संसारभरमा झन्डै ३.८ प्रतिशतभन्दा धेरैले नियमित वा सामाजिक पर्व र भेटघाटहरूमा गाँजा सेवन गर्ने गरेको संयुक्त राष्ट्रसङ्घकै तथ्याङ्क छ ।

सन् २०१७ मा मात्र ७.७ बिलियन यूएस डलर कारोबार हुँदै गरेको विश्वको गाँजा कारोबार औसत वृद्धि ३७ प्रतिशत कायम गर्दै २०२३ सम्ममा ६५ बिलियन यूएस डलर पुग्ने अनुमान छ । स्वास्थ्यलाभ र मनोरञ्जनका लागि खानामा समेत प्रयोग हुने गरी गाँजाले संसारभर कानुनी मान्यता पाउँदै गर्दा २०१७ मा ८.४ बिलियन यूएस डलरको गाँजा हालिएको खाना र पेयको कारोबार भएको छ भने २०२२ सम्ममा २५ प्रतिशत वृद्धि भई २५.७ बिलियन यूएस डलरको गाँजा हालिएको खाना र पेयको कारोबार हुने अनुमान छ । विभिन्न स्रोतका रिपोर्टहरू

केलाउँदा सात वर्षभित्रै संसारमा गाँजामा कुल बजार मूल्य १ सय ९४ बिलियन यूएस डलर पुग्ने देखिन्छ ।

प्रतिबन्धित लागूऔषधमा सूचीकृत गाँजा औषधिका रूपमा प्रयोग गर्न सकिने वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएपछि विभिन्न मुलुकले प्रतिबन्ध हटाउने अभियान सुरु गरेका हुन्। संयुक्त राज्य अमेरिकामा गाँजा, चरेस सेवनलाई गैर-अपराधीकरण गरी धेरैजसो राज्यमा कानुनी रूपमै तर नियन्त्रित तवरबाट बिक्रीका लागि खुला गरिएलगत्तै यसका उत्पादनकर्ता, प्रशोधनकर्ता र बिक्रीकर्ताले राज्यले निर्धारण गरेका मापदण्ड अनिवार्य पूरा गर्नुपर्ने भयो। तोकिएको विधि र कानुनी प्रक्रिया पूरा गर्दा सबैले चाहेका बेला गाँजा, चरेसको सुरक्षित सेवन गर्न सक्ने अवस्था भने बन्यो। कालो बजारी गर्न वा उमेर नपुगेका किशोरकिशोरीलाई गाँजा, चरेस बिक्री गर्दा आर्थिक लाभ खासै नहुने बरु उल्टो जोखिम रहने भएकाले आपराधिक आय आर्जनको मेलो लगभग अन्त्यजस्तै बन्यो। कालो बजारमा बगिरहेको निकै ठूलो धनराशि राजस्वका रूपमा जम्मा हुन पुग्यो । गाँजा, चरेसको कारोबारले मुलुकको आय आर्जनमा समेत टेवा पुऱ्यायो ।

अमेरिकामा सन् १९७० मा राष्ट्रपति रिचर्ड निक्सनले कानुनमा हस्ताक्षर गरी मारिजुआना कर ऐन रद्द गरेका थिए। त्यसपछि यो अनुसूची १ को औषधीका रूपमा सूचीबद्ध गरियो। सन् २०१४ मा गाँजाबारे अनुसन्धान गर्न विश्वविद्यालय र राज्यहरूलाई खुला गरियो। सन् २०१८ मा किसानहरूले राज्य सरकारमा दर्ता भई मापदण्ड पूरा गरेपछि सिफारिस गरिएका गाँजाका प्रजाति खेती गर्न पाउने भए। अहिले औषधीय प्रयोजनका लागि ३३ राज्यले गाँजा खेतीलाई पूर्ण खुला गरिसकेका छन् भने ११ राज्यमा मनोरञ्जनात्मक प्रयोजनका लागि

समेत खुला गरिएको छ। अन्य राज्य मापदण्ड तर्जुमाका क्रममै छन् । यति हुँदाहुँदै पनि अमेरिकामा गाँजालाई धान, मकै वा तरकारीजस्तै स्वतन्त्रतापूर्वक खेती र बिक्री-वितरण गर्न भने खुला गरिएको छैन। प्रान्तीय राज्यहरूमा गाँजा नीतिगत रूपमा वैधानिक छ। तर संघ सरकारले गाँजाको खुला खेती र बिक्री-वितरण अवैधानिक नै मानेको छ। अमेरिकी सरकारले अहिले गाँजाको अनुसन्धान, उत्पादन, उपभोग र निर्यातको नीति उच्च प्राथमिकताका साथ लागू गरेको छ।

अमेरिकामा गाँजा, चरेस वैधानिक गरिएका राज्यमा दुई वर्षभित्र गाँजा, चरेसका कारण हुने झैँझगडा र अदालती मुद्दामामिला ८१ देखि ९६ प्रतिशतसम्म घटेको पाइएको छ। गाँजा, चरेस सेवनकर्तालाई प्रहरीले समात्ने काम बन्द हुँदा सुरक्षा खर्चमा उल्लेखनीय कमी आएको छ। गाँजा, चरेस कारोबार धेरैलाई उच्च आय दिने रोजगारीको क्षेत्रसमेत बनेको छ। वैधानिक गरिएपछि गाँजा, चरेस सेवन गर्ने उमेर पुगेका युवायुवतीको संख्या धेरैजसो राज्यमा घटेको छ। एकाधमा भने पहिलेकै जस्तो समान रहेको तथ्यांकले देखाउँछ। हालसम्म एउटा पनि राज्यमा उक्त संख्या प्रतिबन्ध हुँदाको भन्दा खुला गरिएपछि बढेको रेकर्ड भेटिएको छैन। आश्चर्य त के भने वासिङ्टन, कोलोराडोजस्ता गाँजा, चरेस सेवनलाई कानुनी मान्यता दिइएको ५ वर्ष नाघिसकेका राज्यमा रक्सी र अन्य जोखिमपूर्ण लागूपदार्थ प्रयोगमा समेत उल्लेखनीय कमी आएको तथ्यांक छ। गाँजा, चरेस खुल्ला गरिएका राज्यमा सवारी दुर्घटनाको दर गाँजा, चरेस प्रतिबन्धित अन्य राज्यको भन्दा बढेको पाइएको छैन। गाँजा, चरेस वैधानिक भएका मुलुकमा ओपोइडको ओभर डोजका कारण हुने मृत्यु र ओपोइड प्रयोगका कारण अस्पतालमा आउने बिरामीको संख्यामा २५ प्रतिशतले कमी आएको तथ्यांक छ। यसबाहेक राज्यलाई सयौं मिलियन डलर

करस्वरूप प्रत्येक वर्ष प्राप्त भएकाले उक्त रकम शिक्षा, स्वास्थ्य र जोखिमपूर्ण लागूपदार्थको समुचित नियन्त्रण र विकृतिको उपचारमा लगाउनसमेत सहयोग मिलेको छ ।

विगतमा अमेरिकी सरकारको दबाबमा नेपालजस्ता मुलुकमा गाँजा प्रतिबन्धित हुनु वैदिक मान्यताप्रतिकूल राज्यबाट मुलुकवासीमाथि नबुझीकनै लादिएको एकतर्फी कानुन थियो । आज तिनै अमेरिका लगायतका मुलुकले गाँजा खेती, प्रशोधन र कारोबारलाई गैर-अपराधीकरण गरी कानुनी रूपमा व्यवस्थित बिक्री-वितरण गरी रहँदा नेपालजस्ता मुलुक भने पुरानै प्रतिबन्ध खेपिरहेका छन् । छिमेकी भारतको अरुणाञ्चल प्रदेश, उत्तरप्रदेश र उत्तराखण्ड राज्यहरूले गाँजाको औषधी र औद्योगिक प्रयोगलाई वैधानिक बनाइसकेका छन् । मणिपुर राज्य पनि त्यही दिशातर्फ अग्रसर छ । त्यहाँका मुख्यमन्त्री बीरेन सिंहले चाँडै नै गाँजाको औषधी र औद्योगिक प्रयोगलाई मणिपुर राज्यमा समेत कानुनी मान्यता दिने घोषणा गरेका छन् ।

**के हुन् गाँजाका फाइदा ?**

प्रयोगशालामा भएको अनुसन्धानले गाँजा ४ सय ८० भन्दा धेरै रासायनिक पदार्थबाट बनेको पाइएको छ, जसमा सयभन्दा बढी औषधीय क्यानाबिनोइडहरू रहने प्रमाणित भएको छ । गाँजामा भेटिएका त्यस्ता ४ सय ८० रसायनहरूमध्ये मात्र ६ प्रकारका उल्लेखनीय रसायनको औषधीय गुण राम्ररी पहिचान हुन सकेको छ । संसारभर गरिएका २० हजारभन्दा धेरै अनुसन्धानबाट गाँजाले मानिसमा दर्द कम गर्ने र अनिन्द्रा जस्ता समस्या पैदा गर्ने १० समूहका रोगहरूमा यो लाभदायकसिद्ध भएको छ । पाचन प्रणालीमा हुने अनियमितताले जन्माउने ७ समूहका रोगहरूमा पनि यो प्रभावकारी सावित छ । मानिसको मुड र बानी

बेहोरामा पैदा हुने विकृतजन्य ७ समूहका रोगहरू, स्नायु समस्यासम्बन्धी ९ समूहका रोगहरूको निदानमा पनि यसको उपयोग महत्वपूर्ण ठहरिएको हो । यसबाट दम, क्यान्सर, एड्सजस्ता ७ अन्य समूहका रोगहरूसमेत गरी कम्तीमा चालीस रोग समूहको प्रत्यक्ष निदान हुने यकिन भैस केको छ । प्रत्येक रोग समूहमा आफ्नै अन्य उप-समूहहरू पनि हुने हुँदा आज मानिसमा हुने अन्दाजी ७ सयभन्दा धेरै स्वास्थ्यसम्बन्धी समस्यामा गाँजा उपयोगीसिद्ध हुने देखिन्छ । यसरी आज संसारमा बन्ने हजारौँ हजार औषधीहरूमा गाँजाको उपयोग हुने अवस्था आएको छ । क्यानडाजस्ता मुलुकमा गाँजा औषधिबाहेक मालिस गर्ने क्रिम, तेलहरू, कस्मेटिक्सलगायत मनोरञ्जनात्मक गैर-औषधीय पदार्थहरू- धूमपान, भेप र खाना तथा पेय, रक्सीको विकल्पमा प्रयोग गरिने ड्रिङ्क्स आदि समेतमा उपयोगमा आउन थालेको छ ।

**गाँजाका अन्य रोचक पक्ष**

गाँजाका अन्य धेरै चाख लाग्दा पक्षहरूसमेत छन् । तीमध्ये केही हुन्-

- गाँजालाई संसारमै सबैभन्दा पहिले सन् २०१३ मा उरुग्वेले मुलुकभर कानुनी मान्यता दिएको थियो ।

- सन् २०१४ मा उरुग्वेका राष्ट्रपति जोस मुजाकालाई उरुग्वेलाई संसारकै पहिलो गाँजा उत्पादन र बिक्रीलाई वैधता प्रदान गर्ने देश बनाउन सफल भएकामा नोबेल शान्ति पुरस्कारका लागि मनोनयन गरिएको थियो ।

- महिनावारी हुँदाको पीडा निकै धेरै हुन थालेपछि सन् १८०० महारानी भिक्टोरियालाई गाँजाको औषधी दिइएको थियो ।

- संसारमा सबैभन्दा पहिले मेडिकल एनेस्थेसियाका रूपमा चिनियाँ शल्यचिकित्सकले गाँजा प्रयोग गरेका थिए ।

- इन्टरनेटमा सबैभन्दा पहिले अनलाइन बेचिएको वस्तु गाँजा नै थियो ।

- बियर तीतो-टर्रो हुनुको कारण त्यसमा हालिएको होप हो, जुन गाँजा प्रजातिकै बिरुवाबाट बन्ने गर्छ ।

- अमेरिकाका जर्ज वासिङ्टन आफैँले माउन्ट भेरोनमा गाँजा लगाएका थिए, जसलाई उनले पछि गाँजाको प्रजाति हेम्प भएको बताएका थिए ।

- अमेरिकाको अलस्कामा सन् १९७५ देखि नै घरेलु प्रयोजनमा गाँजा खानु कानुनी रूपमै स्वीकृत थियो ।

- क्यानडाले २००१ देखि मेडिकल उद्देश्यका लागि गाँजा वैधानिक बनाएको थियो । मनोरञ्जन प्रयोजनमा गाँजाको प्रयोग मुलुकभर कानुनी बनाउन क्यानडालाई १७ वर्ष लागेको थियो । कानुन बनेपछि पनि व्यावहारिक रूपमा मनोरञ्जन प्रयोजनका लागि गाँजा बजारमा उपलब्ध गराउन १ वर्ष र खानेकुरामा हाली इडिबलका रूपमा गाँजा मिश्रित खाद्य तथा पेय बजारमा ल्याउन अर्को २ वर्ष लागेको थियो ।

- आयुर्वेदका अनुसार गाँजा शरीरको दर्दनाशक अचुक उपाय हो । मानिसमा पाचन गडबडी र झाडापखाला ठीक पार्ने, डिप्रेसन,

छारेरोग लगायत धेरै मनोवैज्ञानिक रोगको निदानमा यसले ओखतीको काम गर्छ ।

- आयुर्वेदमा १३ फरक डोजेज फर्ममा १ सय ९१ (आन्तरिक १८७ फर्मुला र बाहिरी ४ फर्मुला) भन्दा धेरै ओखतीहरूमा गाँजा प्रयोग भएको पाइन्छ । त्यसमा पनि मुख्यगरी १ सय ११ हर्बल-मिनरल-मेटल हाली बन्ने रस प्रकृतिका ओखती, ३० थरी ट्याब्लेट वा गुटिका, १७ थरी पाउडर वा चूर्ण, ९ थरी मिठाईजस्तो अवलेह, ४ थरी रक्सी- तेल मिश्रित अस्म, ३ थरी डिकोकसन मतलब कभाथा र ग्रथ, एक अल्कोहोलिक वा अरिस्ट, एक मोदका वा बोलस, एक सत्तावा (एसेंस), एक लौह (फलाममा आधारित) तथा अन्य उत्पादनहरू भएका छन् ।
- गाँजाको ठिक्क मात्राको सेवनले पुरुषमा शुक्रकीट बढाउने, बाँझोपनपीडित महिलामा गर्भधारण र महिला-पुरुष दुवैमा सहवासको क्षमता वृद्धि गर्ने मानिएको छ ।
- तौल र रक्तचाप घटाउने, दिमागमा आनन्द दिनेजस्ता अब्बल गुणका कारण प्राचीन आयुर्वेदिक औषधीका सूत्रहरूमा र कम्तीमा आठ युनानि फर्मुलामा गाँजाको उपस्थिति छ ।
- कुनै समय सिंहदरबार वैद्यखानाले गाँजा प्रयोग गरेर १० प्रकारका औषधी बनाउने गरेको तथ्य छ ।
- गाँजाको सिबिडीले हड्डी निर्माण गर्ने र यसमा हड्डीलाई बलिष्ठ पार्ने गुणसमेत रहेको हालै पत्ता लागेको छ ।

# गाँजाको औषधीय उपयोग

गाँजा एक बहुउपयोगी औषधीय वनस्पति हो । यसको बोटानिकल नाम क्यानाबिस स्याटिवा हो। यसलाई ग्रास, पट, उइड आदि नाम पनि दिइएको छ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले गरेको अनुसन्धानले गाँजालाई ९८ प्रतिशत औषधीजन्य वनस्पति हो भनेर प्रमाणित गरेको छ। गाँजालाई प्राचीनकालदेखि 'विजया' को नामले पनि चिनिन्थ्यो । यसको अति महत्वपूर्ण गुणहरूले गर्दा यसलाई 'कोहिनुर अफ हर्ब्स' पनि भन्ने गरिएको छ। हिन्दु धर्ममा गाँजाको प्रयोग जति महत्वपूर्ण मानिन्थ्यो त्यति नै बौद्ध, इस्लाम, युनानी, ताओ लगायतका धर्ममा गाँजाबाट बन्ने औषधिबारे उल्लेख छन् ।

हालसम्म गाँजामा हाम्रो शरीरमा प्रभाव पार्ने ४ सयभन्दा धेरै तत्व भेटिएका छन् । यिनै तत्व र तिनका औषधीजन्य अनि मनोरञ्जनात्मक अनुभूति दिन सक्ने क्षमताका कारण गाँजाबाट ५ सयभन्दा धेरै रोगका औषधी र आनन्दका लागि लिइने नशालु पदार्थ बनेका छन् । कतिपय अवस्थामा गाँजाका विभिन्न रसायनको परस्पर विरोधी भूमिकासमेत भेटिएको छ । उदाहरणका लागि गाँजा सेवन गर्दा यसमा हुने सीबीडीले भोक घटाउन सघाउँछ भने टीएचसीले भोक जगाउँछ। यसलाई ओखतीका रूपमा प्रयोग गर्दा दुब्लाउनुपर्ने भए सीबीडी हालेर अनि मोटाउनुपर्ने भए टीएचसी राखेर सप्लिमेन्ट बनाउने गरिन्छ ।

शरीर दुख्ने, टाउको दुख्ने, मल्टिपल सेरोसिसजस्ता डिस्अर्डर, अनिद्रा, मेरुदण्डको चोट, मेरुदण्डको संक्रमण र हड्डीको जोर्नी वरिपरि सुन्निने गठिया रोगमा गाँजा अचूक औषधी सावित भएको छ । दिमागसम्बन्धी समस्या, मुर्च्छा पर्ने छारेरोग, अल्सरजस्तो आन्द्रामा हुने दर्द आदिले पेट पोल्ने र वृद्धावस्थामा पुग्दा शरीर भतभत पोल्ने समस्यामा पनि यसले औषधीको काम गर्छ । दर्द हुँदा गरिने मालिस, आँखाको रोग

ग्लाउकोमा हुँदा, एचआईभी/एड्सका बिमारीको दर्द कम गर्न, भोक हराउने कमजोरी र क्यान्सरजस्ता संक्रमणको उपचारमा गाँजाको प्रयोग अत्यधिक प्रभावकारी हुने विज्ञानले प्रमाणित गरेको छ । त्यसैले उल्लेखित रोगका निदानमा संसारभर गाँजा र गाँजाबाट निकालिएका पदार्थ उत्साहवर्द्धक रूपमा धमाधम प्रयोग भइरहेका छन् ।

गाँजामा दिमागको चेतनालाई परिवर्तन गर्ने खुबी रहेको मुख्य नशालु तत्व साइकोएक्टिभ केमिकल 'डेल्टा-९ टेट्राहाइड्रोक्यानाबिनोल' हो । यसलाई छोटकरीमा 'टीएचसी' भन्ने गरिएको छ। गाँजामा अर्को महत्वपूर्ण केमिकल सीबीडी पनि पाइन्छ। सीबीडी नशालु र साइकोएक्टिभ प्रकृतिको रसायन होइन । गाँजाले मानिसको दिमागलाई एकातर्फ छोटो समयका लागि लठ्ठाइदिने काम गर्छ भने र अर्कोतर्फ अल्मेन्जरजस्ता रोगमा दिमागका तन्तुहरू छियाछिया हुँदै सानो सानो हुँदै जाने क्रमलाई रोक्छ। गाँजाका धेरैभन्दा धेरै फाइदा भेटिएकैले अहिले संसारको ध्यान यसतर्फ आकर्षित भएको हो ।

दिमागसँग जोडिएर शरीरभरि फैलिएको मानिसको स्नायु प्रणालीमा शरीरको आन्तरिक वातावरणलाई स्वस्थ्य र सन्तुलित राख्ने क्यानाबिनोइड सिस्टम हुने गर्छ। त्यसलाई समग्रमा इन्डो-क्यानाबिनोइड सिस्टम (ईडीसी) भनिन्छ। इडीसीको काम मनस्थिति (मुड), स्मरणशक्ति, दर्दको चेतना, भोकलगायत समग्र स्वास्थ्यको व्यवस्थापन गर्नु हो । ईडीसीमा क्यानाबिनोइड (सीबी)-१ र क्यानाबिनोइड (सीबी)-२ नामक दुई रिसेप्टर भेटिएका छन् । सीबी-१ दिमाग, स्नायु प्रणाली, फोक्सो, कलेजो र मिर्गौलामा भेटिन्छ। सीबी-२ प्रतिरक्षा प्रणाली, पित्तथैली र आन्द्रामा पाइन्छन् ।

दर्द घटाउने, वाकवाकी नियन्त्रण गर्ने, डिप्रेसनलगायत दिमागसँग सम्बन्धित विकृति देखिँदा शरीर आफैँले एनान्डामाइड नामक ब्रेन केमिकल बनाएर सीबी-१ रिसेप्टरमार्फत उपचार गर्छ। त्यसलाई शरीरको सेल्फ हिलिङ प्रक्रिया भनिन्छ। गाँजामा पाइने टीएचसीको बनावट एनान्डामाइडसँग मिल्ने हुँदा टीएचसीले सीबी-१ रिसेप्टरलाई सक्रिय पारी एनान्डामाइडकै काम गरिदिन्छ। अति भोक लाग्ने, भतभत पोल्ने, सुन्निने, मर्किने, दुख्ने र रोगसँग जुध्ने प्रतिरोधात्मक शक्ति कमजोर हुँदा शरीरले आफैं २-एजी नामक प्रोटिन उत्पादन गर्छ। त्यसले सीबी-२ रिसेप्टर सक्रिय पारी सेल्फ हिलिङ प्रक्रिया पूरा गर्छ। गाँजामा पाइने सीबीडीले सीबी-२ रिसेप्टरलाई सक्रिय पारी २-एजीको काम गरिदिन्छ।

हाम्रो शरीरको शारीरिक गतिविधि न्युरोट्रान्समिटर वा रासायनिक म्यासेन्जरको सहयोगमा सञ्चालन र नियन्त्रण हुने गर्छ। मुख्यतः दिमाग र आन्द्रामा बन्ने रासायनिक म्यासेन्जर सेरोटोनिन मानिसको मनस्थिति, वाकवाकी, भोक, हड्डीको स्वास्थ्य, निद्रा, भावना, उत्तेजना आदि गतिविधि सञ्चालन र नियन्त्रणमा जिम्मेवार हुन्छ। सेरोटोनिनको न्युरोनमा केनाबिनोइड रिसेप्टर पाइन्छ। हामीले खाने चिज, रातो मासु र नटमा पाइने एमिनोएसिड त्रिप्टोफानलाई शरीरले त्रिप्टोफान हाइड्रोअक्सिलेजको सहयोगमा सेरोटोनिनमा परिवर्तन गर्छ।

सेरोटोनिन न्युरोनको केनाबिनोइड रिसेप्टरमा सेरोटोनिनको कमी हुँदा मानिसमा एन्जाइटी, डिप्रेसन र मुड-डिस्अर्डर आदि विकृति विकास हुन्छ। त्यसले हाम्रो दिनहुँको मनस्थिति र भावनाहरूलाई प्रत्यक्ष नियन्त्रण गर्छ। गाँजामा पाइने रसायन सीबीडी जब केनाबिनोइड रिसेप्टरमा पुग्छ, त्यसले त्रिप्टोफानकै तरिकाबाट सेरोटोनिन केमिकल पैदा गरिदिन्छ। त्यसैले

एन्टी-एन्जाइटी, एन्टी-डिप्रेसन र एन्टी-मुड डिस्अर्डरको औषधी बनाउँदा गाँजाको रसायन सीबीडी प्रयोग हुने गर्छ ।

सेरोटोनिनजस्तै डोपामिन नामक अर्को महत्वपूर्ण ब्रेन-केमिकलले खाना खाँदा, नशालु पदार्थ लिँदा, सम्भोग गर्दा, जुवा खेल्दा, हितैषीसँग भेट्दा, टाँसिँदा वा भलाकुसारी लगायत प्रिय गतिविधिमा संलग्न भइरहँदा आनन्दित, पुरस्कृत, रोमाञ्चित, आत्मविभोर र धन्य महसुस गराउँछ । हाम्रो शरीरले दिमाग, आन्द्रा, मिर्गौला, एड्रिनल ग्लान्ड आदि भागमा रहेका रिसेप्टरमा उत्पादन गर्ने ब्रेन केमिकल डोपामिनले प्रत्येक पलपलमा धन्य र आनन्दित अनुभूत गराइरहेका हुन्छन् ।

भटमास, चिज, बदाम, गेडागुडी, मासु, अन्डा, दूध आदिमा पाइने फिनाइल-एलानिन नामक एमिनोएसिडले हाम्रो शरीरको फिनाइलएलानिन हाइड्रोकसिलेज एन्जाइमको सहयोगमा टाइरोसिन, एल-डोपा, ए-डोपा हुँदै डोपामिन बनाउँछ । शरीरले आफूलाई चाहिने डोपामिन आफैँ बनाएर आन्तरिक रूपमा उपलब्ध गराउँछ । आफ्ना लागि आफैँले डोपामिन बनाउँदै गर्दा निकै धेरै डोपामिन उत्पादन हुँदा साइकोएक्टिभ नशालुपनको विकास हुने जोखिम पनि रहन्छ । उक्त जोखिम रोक्ने प्रयोजनका लागि शरीर आफैँले आवश्यकताभन्दा ज्यादा डोपामिन बन्न नदिन जीएबीए न्युरोनको सहयोग लिने गर्छ । जीएबीए न्युरोनले थप डोपामिन बन्ने प्रक्रियामा तत्काल हस्तक्षेप गरिदिन्छ ।

डोपामिन न्युरोनमा केनाबिनोइड रिसेप्टर हुँदैनन् । तर, जीएबीए न्युरोनमा भने जीएबीएका साथै केनाबिनोइड रिसेप्टरसमेत हुन्छन् । जब मानिसले गाँजा सेवन गर्छ, गाँजाको रासायनिक टीएचसीले जीएबीए न्यु रोनको जीएबीए रिसेप्टरलाई छोटो अवधिका लागि निष्क्रिय पारिदिन्छ ।

शरीरले आन्तरिक रूपमा डोपामिन बनाउने कार्य सुचारु हुँदै जाँदा अलि धेरै नै गाँजा खाइएको अवस्थामा मानिस पूर्ण रूपमा झ्याप हुन पुग्छ। गाँजामा पाइने केमिकल टीएचसीले डोपामिन न्युरोनलाई अप्रत्यक्ष रूपमा उत्तेजित पारी शरीरमा इ-डोपा वा डोपामिन पैदा गराएर मानिसलाई आनन्दित र साइकोएक्टिभ बनाउने भए तापनि यसमा हुने सीबीडीले भने डोपामिन न्युरोनलाई उत्तेजित गरी डोपामिन पैदा गराउन कुनै भूमिका खेल्न सक्दैन। त्यसैले गाँजाको रसायन टीएचसी मात्र मानिसमा अल्पकालीन चेतना र स्मरणशक्तिमा हानि गर्ने साइकोएक्टिभ अम्मलका रूपमा प्रयोजनमा आउने गर्छ।

**वेद र आयुर्वेदमा गाँजा**

अथर्ववेदले आध्यात्मिक र मनोवैज्ञानिक सबलताका लागि सहयोगी हुने पाँच मुख्य वनस्पतिलाई 'सोम' का रूपमा ग्रहण गर्न सकिने बताएको छ। अथर्ववेद संहिताको ११ औं खण्डको पापमोचन सूक्तको १५ औं मन्त्र छ-

*पञ्च राज्यानि वीरुधां सोमश्रेष्ठानि ब्रूमः।*
*दर्भो भङ्गो यवः सहस्ते नो मुञ्चन्त्वहंसः॥*

यसको अर्थ हो- पात, डाँक्लो, फल, फूल र जरोरूपी पाँच राज्य (अवयव) ले सम्पन्न औषधीहरूमा सोमलता सर्वश्रेष्ठ छ। दुवो, भाङ, जौ आदि सबैसित हामीलाई पापबाट जोगाओ भनेर हामी प्रार्थना गर्दछौं। अथर्ववेदको यो कथनले गाँजा रोगमुक्तिका लागि प्रार्थनीय वनस्पतिमध्येको थियो भन्ने स्पष्टै थाहा हुन्छ।

तिब्बती भाषामा गाँजालाई सोम-रस्ता भनिन्छ जुन वैदिक शब्द 'सोम' बाटै राखिएको अनुमान गरिन्छ। वैदिक ग्रन्थहरू अनुसार सोम एक

विशाल, आध्यात्मिक शक्ति प्रदायक जैविक प्राकृतिक स्रोत (देवता) हुन् । ध्यान वा सङ्कल्पमार्फत गरिने अनुसन्धानका क्रममा गहिरो चिन्तनमा लिन हुने विज्ञ, वैज्ञानिक (ऋषि) तथा सामान्य मानवहरूको लागि समेत नशालु अम्मल होस् वा अधिक सेवन गर्दा हानिकारक हुन सक्ने विषाक्त पदार्थ होस्, ती सबैको जोखिमलाई निर्मलीकरण गरी सोमरस बनाएर तोकिएको मात्रामा सेवन गर्न दिँदा लाभदायक हुने मान्यता छ । अथर्ववेदले मुख्य औषधीय वनस्पतिमध्ये एकका रूपमा गाँजालाई उल्लेख मात्र गरेको छैन, यसका पातहरू र कोपिलालाई शारीरिक, मानसिक र मनोवैज्ञानिक तन्दुरुस्ती तथा पुनर्ताजकी प्राप्तिको मानव उपयोगका लागि अचुक ओखती (स्वर्गदूत) का रूपमा समेत वर्णन गरेको छ ।

महत्वपूर्ण वैदिक अनुष्ठानहरूमा मनोवैज्ञानिक उपचार (भूत, देवीदेवता लाग्ने, ग्रह-दशा लाग्ने आदि) र वातावरण शुद्धिका लागि विशेष प्रकारको यज्ञमा गाँजाको डाँठ होम गर्ने परम्परासमेत रहिआएको छ । वेदका अनुसार गाँजा औषधीय वनस्पति मात्र नभई यसको नियन्त्रित तथा अनुशासित प्रयोग मानव खुसी र आनन्दको स्रोतसमेत हो । दुःखबाट मुक्तिका लागि गाँजाको प्रयोग हुने कुरा प्रयोगको तरिकासहित ऋग्वेदलगायत विभिन्न संहिता र महाभारतमा समेत पाउन सकिन्छ ।

आयुर्वेदमा गाँजा ओखतीका रूपमा प्रयोग गर्दा सफा गरेर वा शुद्धीकरणपश्चात् मात्र प्रयोग हुने गर्थ्यो । यस्तो शुद्धीकरणका मूलतः तीन-चार विधि हुन्थे । पहिलो, गाँजाको पातलाई सिरकको खोल हुने मस्लिमक्लथ कपडाले बाँधेर पानीमा हरियो नआउन्जेल हातले मिचीमिची (पात नबिग्रिने गरी) सफा गरिन्थ्यो । त्यसपछि घाम नभएको ओभ्रेलमा राखी सुकाएर सुकेपछि औषधीमा हाल्न तयार बन्दथ्यो ।

दोस्रो तारिकमा गाँजाको पातलाई पानीमा सफा गरिन्थ्यो । हातले दबाएर पनि तारे पछि सिधै घाममा सुकाइन्थ्यो । सुकेपछि गाईको शुद्ध घिउमा भुटिन्थ्यो । यसरी भुटिएको गाँजा त्यसपछि ओखतीमा हाल्न तयार हुन्थ्यो । तेस्रो तारिकमा गाँजाको पातलाई लगभग तीन घण्टा गाईको दूधमा डुबाएर यसमा हुने स-साना बैजनी पदार्थ हटाइन्थ्यो र त्यसपछि पानीले सफा गरिन्थ्यो । त्यसलाई सिधै घाममा सुकाएर सुकेपछि गाईको शुद्ध घिउमा भुटिन्थ्यो । यसरी दूधले पखालेर घिउमा भुटिएको (सभेदाना वा फोमेन्टेसन) गाँजा त्यसपछि ओखतीमा हाल्न तयार पदार्थ बन्दथ्यो । चौथो तरिकामा खयरको बोक्रालाई ३०-४० मिनेट पानीमा उमालेर बनाइएको (डिकोक्सन) मा मनतातो अवस्थामा गाँजाको पातलाई लगभग १२ मिनेट जति भिजाएर सिधै घाममा सुकाइन्थ्यो । सुकेपछि गाईको शुद्ध घिउसँग मिसाएर पाउडर वा चूर्ण बनाइन्थ्यो । घिउसहितको सुकेको गाँजाको पाउडर ओखतीमा हाल्न तयार चूर्ण बन्दथ्यो ।

परम्परागत रूपमा गाँजा उपयोग हुने औषधीमा हाल्न यसरी गाँजालाई तयार गरिन्थ्यो । आज पारो (मर्करी) र कतिपय हेभी मेटल जस्तै फलाम लगायतको भष्म आदि ओखतीमा हाल्नु स्वास्थ्यका दृष्टिले हानिकारकसमेत हुन सक्ने केही प्रमाणहरू देखिइसकेका छन् । त्यसैले स्वास्थ्यका लागि प्रतिकूल नहुने निश्चित भएको पदार्थबाटै औषधीहरू बनाइनुपर्छ भन्नेमा हाम्रो परम्परागत औषधि विज्ञान र आधुनिक औषधि विज्ञान एकै ठाउँमा जोडिनुपर्छ । यसो भएमा मात्र हामी मानव कल्याणका लागि स्वास्थ्यवर्धक औषधी र पूरक खाना निर्माण गर्ने कुशल क्षमता हासिल गर्न समर्थ हुनेछौं ।

विश्वमा पहिलोपल्ट शल्यक्रिया आयुर्वेदिक चिकित्सा पद्धतिले अवलम्बन गरेको थियो । इसापूर्वक ६०० मा भारतवर्षमा क्रियाशील महर्षि सुश्रुत शल्यचिकित्साका पिता हुन् । उनले संसारमै सबैभन्दा पहिले शल्यक्रिया सुरु गरेका थिए । महर्षि सुश्रुतले आयुर्वेदिक शल्यक्रियामा ८ प्रक्रियाहरू रहने उल्लेख गरेका छन् । उनका अनुसार छेद्य (विच्छेदन गर्नु, भेद्य (प्वाल पार्नु), लेख्य (अलग गर्नु), वेध्य (शरीरबाट हानिकारक झोल पदार्थ निकाल्नु), ऐष्य (मूल समस्या अवलोकन गर्नु), अहार्य (देखिएको हानिकारक वस्तु वा पदार्थ बाहिर निकाल्नु), विश्रव्य (जरुरी पर्ने ठाउँ मिलाएर खाली गर्नु) र सिव्य (शल्यक्रिया गर्दा बनेको घाउ सिलाउनु वा टाँका मार्नु) मुख्य हुन् ।

महर्षि सुश्रुतले उनको जीवनकालमा सफलतापूर्वक सम्पन्न गरेका कार्यहरूलाई सुश्रुत संहिताअन्तर्गत लिपिबद्ध गरिएको छ । ६० प्रकारका घाउहरूको उपचार गर्ने तरिका, १ सय २० किसिमका घाउको उपचारमा काम आउने उपकरणहरूको सम्पूर्ण वर्णन उल्लेख भएको सुश्रुत संहितामा ३ सय प्रकारका रोगका उपचार प्रक्रिया उल्लेख छन् । सुश्रुत संहितामा शल्यक्रियाहरूलाई ८ श्रेणीमा वर्गीकरण गरिएको छ । १२ किसिमका भाँचिएका अङ्गहरू र ६ प्रकारका जोर्नीहरूमा हुने चोटपटकको उपचार पद्धतिहरूबारे लेखिएको छ ।

सुश्रुतले आफ्नो जीवन कालमा आयुर्वेदिक पद्धतिअनुरूप नाकको प्लास्टिक सर्जरी (राइनोप्लास्टी), कानको च्यातिएको वा बिग्रिएको लोतीको सर्जरी (लोबुलोप्लास्टी), कान टम्मपारि मिलेको बनाउने अप्रेसन (ओटोप्लास्टी) लगायतका असंख्य विकृतिहरूको सफल उपचार गरेका थिए । चिकित्सा प्रणालीमै पहिलो पटक दबेको अङ्ग बाहिर निकाली मिहिन गरी मिलाउने (ट्र्याक्सन), अङ्गहरूको हेरफेर गर्ने

(मेनुपुलेसन), अङ्गहरू एक अर्कोमा मिहिन गरी मिलाउने (एपोजिसन), स्थिरीकरण (स्ट्याबिलाइजेसन) र फिजियोथेरापीका महान् सिद्धान्तहरू उल्लेख गर्दै व्यावहारिक रूपमा लागू गर्नसमेत उनी सफल थिए । यी सबै उपलब्धिहरू आयुर्वेद इतिहासकै अत्यन्त गौरवशाली पक्ष हुन् ।

सुश्रुत ती महर्षि हुन् जसले कालो कमिलाको टोक्ने टाउको प्रयोग गरी आन्द्राको सिलाइ गर्ने विधिको विकास गरेका थिए । उनले इतिहासमै सबैभन्दा पहिले भ्रूहरूको संरचनाको क्रमिक विकासको अध्ययन गरी महत्वपूर्ण चिकित्सा पद्धतिका सम्भावनाको उजागर गरे । उनी नै संसारको पहिलो चिकित्सक हुन्, जसले मानव शरीरको पूर्ण चिरफार गरी शरीर संरचनाका धेरैभन्दा धेरै थाहा नभएका विषयहरूबारे चिकित्सा विज्ञानलाई जानकारी गराए । विभिन्न चरणमा १ हजार १ सय २० बिमारीहरूको गहिरो निरीक्षण गरी नाडीमा मुटुको धड्कन नाप्ने पाल्पीटेसन प्रविधि र मुटु, फोक्सो र अन्य अङ्गको ध्वनि सुनेर रोगको यकिन गर्ने औसकुलेसन प्रविधिको उनैले विकास गरेका थिए । भारतको विहार नजिक जन्मिएका भनी विभिन्न ग्रन्थहरूमा लेखिए पनि महर्षि सुश्रुत नेपालको देवघाट क्षेत्र वरपर जन्मिएको हुनुपर्छ भन्नेहरू पनि छन् । देवघाट वरपर जन्मिएर भारत वर्षको काशी (हालको बनारसी) पुगी चिकित्सा पेसा अभ्यास गरेका यी महर्षिको उतै निधन भएको बुझिन्छ ।

महर्षि सुश्रुतले आफूले गर्ने विभिन्न प्रकारका शल्यक्रिया र प्लास्टिक सर्जरीका क्रममा बिरामीलाई सकेसम्म कम दर्द होस् भन्नका लागि उक्त समयमा बिरामीले उपचार हुँदै गरेको थाहा पाओस् तर शल्यक्रिया आदिका कारण भएका दर्द महसुस गर्न नपरोस् भनी दर्द नाशक (एनाल्जेसिक) हरू र बेहोस बनाउने (एनेस्थेटिस) हरूसमेत विकास गरेका थिए । ती दर्द नाशक र बेहोस बनाउने औषधीहरूलाई

उनले आफूले सम्पन्न गरेका धेरै शल्यक्रियाहरूमा सफल प्रयोग गरेका थिए । सुश्रुतले उपयोगमा ल्याएका एनेस्थेटिसमा मूलतः भात लगायतका अन्न, फलफूल र मौवाको जाँड वा वाइन थियो । सबैभन्दा प्रभावकारी एनाल्जेसिकमा हिमाली भेगमा फल्ने शिव-बुटीसमेत भनिने प्रायः क्यानाबिस इन्डीका जातका हिन्द-कुश गाँजाको बोटबाट बनेका गाँजाका विभिन्न पदार्थहरू हुन्थे । त्यसमा सिबिड़ी, टिएचसी युक्त तेल, रेजिन, चरेस, भाँङ, गाँजाका पेय पदार्थहरू, धूमपान, पात, कोपिला तथा गाँजाका विभिन्न प्रशोधित पदार्थ मिश्रित खाद्य पदार्थ, मालिस गर्ने तेल, भाँङको लड्डु, सिबिड़ी तेल आदि हुने गर्दथ्यो ।

तपाईं हामीलाई आज पनि स्कुलहरूमा मानव शरीरमा रक्त सञ्चार, श्वासप्रश्वास, मूत्र, प्रजनन, अन्तरक्रियात्मक (बाहिरी आवरण वा छाला), मेरुदण्ड, मांसपेशी, स्नायु, इन्डो-क्राइँन, लिम्फेटिक र पाचन गरी जम्मा ११ प्रणाली रहेको भनी सिकाइन्छ । जबकि शरीरले आफूले आफैंलाई उपचार गराउने १२ औं पद्धति महर्षि सुश्रुतले उनको समयमै आयुर्वेदिक औषधि विज्ञानमा लागू गरेका थिए । आधुनिक चिकित्सा विज्ञानमा बल्ल अहिले आएर इन्डोक्यानाबिनोइड प्रणाली भनिने शरीरको स्व-उपचार प्रणाली मानव शरीरको १२ औं पद्धतिका रूपमा अस्तित्वमा आएको छ । पाठ्यक्रममा भने आम रूपमा अझै समेटिन बाँकी नै छ ।

हाम्रो शरीरको इन्डोक्यानाबिनोइड प्रणाली शरीरलाई नियमित सञ्चालन गर्न स्नायु वा पाचन प्रणाली जत्तिकै महत्वपूर्ण र जटिल प्रणाली हो । विज्ञान आज पनि इन्डोक्यानाबिनोइड प्रणालीका धेरै महत्वपूर्ण कार्यहरू बुझ्ने कोसिसमै छ । मानव शरीरमा यसले सञ्चालन गर्ने मुख्य गतिविधिमध्ये निद्रा, मनस्थिति, भोक, स्मरण, कलेजो सञ्चालन,

प्रजनन प्रणाली सञ्चालन, तनाव नियन्त्रण, छाला र स्नायु सञ्चालन आदि मुख्य हुन् । यी सबै गतिविधिले शरीरको आन्तरिक वातावरणमा स्थिरता दिने काम गर्दछ ।

उदाहरणका लागि जब हामी चोटपटक वा ज्वरोका कारण पीडा महसुस गर्छौं त्यतिबेला आफ्नो शरीरले सन्तुलनको भावना वा होमोस्टेसिस गुमाउँदै गएको महसुस गर्छौं । यो अवस्थामा शरीरको इन्डोक्यानाबिनोइड प्रणाली तुरुन्त सक्रिय बनी शरीरलाई सामान्य सन्तुलनको अवस्थामा फर्काएर सञ्चालन हुने वातावरणमा फर्कन सहयोग गर्छ । जबसम्म हाम्रो शरीर सामान्य सन्तुलनको अवस्थामा फर्कँदैन तबसम्म इन्डोक्यानाबिनोइड प्रणालीका हरेक प्रणालीले जे कुराको अभावका कारण शरीरले सामान्य महसुस गर्न नसकेको हो त्यसको पूर्ति गर्न जे जे कुरा जसरी जुन मात्रामा जरुरत छ त्यसरी नै त्यसको व्यवस्थापन गर्न एकअर्कालाई सघाउँछ । शरीरका त्यस्ता हरेक समस्याको समाधानमा सक्रिय रहन्छ ।

इन्डोक्यानाबिनोइड प्रणाली इन्डोक्यानाबिनोइड, यसका रिसेप्टर्सहरू र इन्जाइमहरू गरी मुख्य तीन महत्वपूर्ण भागहरू मिलेर बनेको हुन्छ । हाम्रो शरीरले आफ्नो स्व-हिलिङ्गमा जरुरत हुने सबै क्यानाबिनोइडहरू आवश्यक रूप र मात्रामा आफैँले बनाउने गर्छ । ती क्यानाबिनोइडहरू शरीरको आन्तरिक कार्यहरू सुचारु गर्न सहयोगी हुने वा सक्रिय रहने हुँदा तिनीहरूलाई शरीरले आफैँले बनाउने भन्ने इंगित गर्न इन्डोक्यानाबिनोइड नाम दिइएको हो । वैज्ञानिक खोजीकर्ता वैज्ञानिक या अन्वेषकहरूले हालसम्म आनन्दमाइड (ए-ई-ए) र २- आराचिड़ोनोएल-ग्लिरोल (२-एजी) गरी दुई प्रमुख इन्डोक्यानाबिनोइडहरू पहिचान गर्न सकेका छन ्। शरीरको समस्या समाधान गरेपछि मानिसले आनन्द

महसुस गर्ने हुँदा महर्षि सुश्रुतको सम्मानमा उनकै संस्कृत भाषा 'आनन्द' वाट ए-ई-एलाई 'आनन्दमाइड' नामकरण गरिएको हो ।

शरीरमा सीबी-१ र सीबी-२ गरी दुई किसिमका इन्डोक्यानाबिनोइड रिसेप्टर्सहरू हुने गर्छन् । सीबी-१ प्रायः केन्द्रीय स्नायु प्रणालीमा रहने गर्दछ । सीबी-२ शरीरको हरेक प्रतिरक्षा कोशिकाहरूमा रहने गर्दछ । यसरी इन्डोक्यानाबिनोइड रिसेप्टर्सहरू मानिसको शरीरमा सबैतिर फैलिएर रहेको हुन्छ । जब शरीरमा कुनै भइपरि आइलाग्छ दिमागमा रहेको सीबी-१ रिसेप्टर्सले तुरुन्तै थाहा पाउँछ । तब सीबी-१ रिसेप टर्सले प्रतिरक्षासँग जोडिएर रहेको सीबी-२ लाई खबर सम्प्रेषण र परिचालन गरी आवश्यक निषेधात्मक र सुधारात्मक कार्य गराउँछ । इन्डोक्यानाबिनोइडहरूले जरुरत अनुसार जब निषेधात्मक र सुधारात्मक कार्यहरू पूरा गर्छन् र शरीर सामान्य अवस्थामा फर्कन्छ तब क्यानाबिनोइडहरूलाई फ्याटी-एसिड-एमाइड-हाइड्रोलेज र मनोएसाइल-ग्लाइसिरोल- एसिड-लाइपेज जस्ता दुई प्रकारका मुख्य इन्जाइमहरूले इन्डोक्यानाबिनोइड रिसेप्टर्सहरूबाट छुट्टाएर शरीरको नियमित गतिविधिमा दक्खल नहुने गरी कार्य सञ्चालन हुन सघाउँछन् ।

शरीरमा पर्याप्त मात्रामा क्यानाबिनोइडहरू बन्न र उपलब्ध हुन नसकेको आवस्थामा इन्डोक्यानाबिनोइड प्रणाली नै असन्तुलित बन्न पुग्छ । शरीरमा रोग प्रतिरोधी क्षमता कायम गरेर दर्द आदि हुन नदिन सूचनाहरू आदानप्रदान गर्ने ट्रान्समिटरहरूको गुणस्तर र क्षमता स्खलन हुने हुँदा रोग प्रतिरोधी क्षमतामा उतार-चढाव निम्तन्छ । शरीरमा उपलब्ध रिसेप्टर्सहरूको मात्रामा समेत घटबढ हुन पुग्छ । यो अवस्थामा शरीरले आफ्नो सन्तुलन कायम गर्ने प्राकृतिक क्षमता गुमाउँछ । यो स्थितिको प्रायः देखिने सम्भावित परिणामहरूमा पीडा

हुने, दुख्ने, तनाव उत्पन्न हुने, नराम्रो सपना देख्ने, निद्रा नपर्ने, क्यान्सर, पार्किन्सन्स, मल्टिपल सेरोसिस, पिटीएसडी, ग्लुकोमा, आरथ्राइसिस, सिजोफेर्निया लगायतका रोगको सिकार हुने समस्या पर्दछन् ।

जब शरीरमा पर्याप्त मात्रामा क्यानाबिनोइडहरू बन्न र उपलब्ध हुन सक्दैन तब गाँजा र गाँजाजन्य पदार्थमा पाइने क्यानाबिनोइडहरूले इन्डोक्यानाबिनोइडहरूको काम गरेको भेटिएको छ । गाँजा वा गाँजाजन्य पदार्थका क्यानाबिनोइड्सहरूले न्युरोट्रान्समिटरहरूलाई सक्रिय बनाई इन्डोक्यानाबिनोइड रिसेप्टरसँग बाँधिएर शरीरलाई आफूले आफ्नो उपचार गर्ने स्व-हिलिङ्ग पद्धतिमा इन्डोक्यानाबिनोइडहरूले जस्तै गरी काम गर्न सहयोग गर्छन् । गाँजा महर्षि सुश्रुतको छनोटमा पर्नुको मुख्य कारण नै यही थियो । भलै सुश्रुतको बुझाइ र आजको विज्ञानको बुझाइ हुबहु थिएन होला, तर मावन स्वास्थ्यका लागि गाँजाको उपयोगिता उहिल्यैदेखि अहिलेसम्मै उस्तै र उत्तिकै छ ।

शारीरिक, मानसिक र मनोवैज्ञानिक तन्दुरुस्ती तथा पुनर्ताजकीका लागि उपयोगी बिरुवा भएकैले गाँजा प्राचीनकालदेखि आज पर्यन्त नेपाली परम्परा र संस्कृतिको अभिन्न अङ्गका रूपमा रहँदै आएको छ । नेपालमा सदियौंदेखि परम्परागत रूपमा गाँजाबाट बनाइएका आयुर्वेदिक औषधी प्रयोग हुँदै आएको थियो । सिंहदरबार वैद्यखानादेखि पुस्तैनी वैद्यहरूले समेत ती औषधि चलाउँथे । सन् १९७० को दशकमा अमेरिकी दबाबले गाँजा प्रतिबन्धित भएपछि त्यस्तो औषधी उत्पादन हुन छाडे । आयुर्वेदिक अनुसन्धान पनि बन्द भयो । आयुर्वेदमा ‘विजया’ भनिने गाँजाबाट निर्मित औषधि अनिद्रा, नाकबाट पानी बग्ने, शीघ्र स्खलन, झाडापखाला, अत्यधिक पीडा, मानसिक रोग जस्ता समस्यामा प्रयोग हुने गरेको सिंहदरबार वैद्यखानाको अभिलेखमै उल्लेख छ ।



# क्यानडामा गाँजा

गाँजा संसारमै डरलाग्दो लागूऔषधका रूपमा प्रचारित भएकाले अधिकांशले यसलाई अझैसम्म पनि नकारात्मक दृष्टिले हेर्ने गरेका छन् । वैज्ञानिक परीक्षणहरूबाट यो वनस्पति मानव स्वास्थ्यका लागि वरदान सावित भइसके पनि यस तथ्यलाई आम जनमानसदेखि मुलुकको राज्य संयन्त्रसम्म सबैलाई बुझाउनु जहीँसुकै आफैंमा चुनौतीपूर्ण कार्य हो । क्यानडाका सन्दर्भमा पनि यस्तै भयो । क्यानडामा सन् १९२३ देखि गाँजा प्रतिबन्धित थियो । उक्त प्रतिबन्ध आंशिक हटाउँदै सन् २००१ मा गाँजालाई औषधि प्रयोजनमा खुला गरिएको थियो ।

खाद्य, हर्बल र हिलिङ्ग फुड क्षेत्रको नव-प्रवर्तनमा काम गरिरहेको क्यानडाकै सबैभन्दा ठूलो फ्लेभर हाउसमा प्रयोगात्मक अनुसन्धानको वैज्ञानिक तथा प्राविधिक प्रमुखका रूपमा कार्यरत रहँदा मैले यहाँका विभिन्न निकायहरूसँग काम गर्ने अवसर पाएँ । क्यानडामा गाँजाको गैर-अपराधीकरण (डि-क्रिमिनलाइजेसन) गर्न लबिङ गर्दादेखि नै यसलाई औषधि, खाद्य, पेय तथा मनोरञ्जन प्रदायक अम्मलहरूमा राखी खाने नियम, विनियम बनाउने चरणसम्मै हामी क्यानडेली उद्यमीहरूले सरकारसँग निकट समन्वयमा रहेर काम गरेका थियौं । गाँजालाई वैधता प्रदान गर्न सम्बद्ध क्षेत्रका सरोकारवालाहरूको साथ र सहयोगमा धेरै मुलुकका उस्तै-उस्तै प्रकृतिका घटनाहरूको अध्ययन गरी क्यानडेली सरकारले आन्तरिक गृहकार्यका साथ तयारी सुरु गरेको थियो । यसको गरिनुको मूल उद्देश्य गाँजाले समाजमा पुऱ्याउन सक्ने विकृति नियन्त्रण गर्दै यसका गुणहरूबाट कसरी धेरैभन्दा धेरै लाभ क्यानडेली समाज र सिङ्गो विश्वसमुदायसमक्ष पुऱ्याउने भन्ने नै थियो ।

क्यानडाको सरकार र राजनीति पार्टी भ्रष्टाचारमा शून्य सहनशीलताको अवधारणा आत्मसात् गर्छन् । त्यसैले यहाँ भ्रष्टाचार बढी हुने नेपालजस्ता

मुलुकमा जस्तो गाँजालाई वैधता दिनेबित्तिकै थप अवैध धन्दा होला कि भन्ने चिन्ता खासै थिएन । वास्तवमा क्यानडाले गाँजालाई वैध बनाउने निश्चय गर्नुका दुई मुख्य उद्देश्यमध्ये पहिलो नै यसको बिक्रीमा भइरहेको आपराधिक संलग्नतालाई घटाउने थियो । दोस्रो उद्देश्य, किशोरकिशोरी र युवा युवतीहरूमा गाँजाको उपलब्धता वा पहुँच घटाएर शून्यप्राय: बनाउने थियो । औषधीय प्रयोजनबाहेक मनोरञ्जन वा नशाका रूपमा किशोरकिशोरीको उपलब्धता नियन्त्रण होस् भन्ने अभिप्राय: राखेर नै यहाँ गाँजालाई वैधानिकता दिलाइएको हो । आर्थिक लाभका कारण मात्र नभई सामाजिक उत्थान र आवश्यकताबोधसमेतका कारण यहाँ गाँजाको गैर-अपराधीकरण अभियान सफल भएको हो । गाँजाले वैधानिकता पाएलगत्तै यसको खेती र प्रशोधन लगायत गतिविधिबाट ठूलो धनराशि कमाउनेसमेत अवसर जुरेको हो ।

**नार्कोटिक्स महासन्धिले किन रोकेन ?**

नार्कोटिक्स महासन्धिमा क्यानडा लगायत धेरै मुलुकले गाँजाजन्य औषधी बनाउन पाउने छुट लिएर मात्र हस्ताक्षर गरेका थिए । नेपालले भने औषधी बनाउने प्रयोजनमा गाँजाजन्य पदार्थको उपयोगको महत्व समेतलाई वास्ता नगरी हस्ताक्षर गरेको देखिन्छ । क्यानडाले गाँजालाई मनोरञ्जनात्मक उपयोगका लागि समेत गैर-अपराधीकरण गर्ने कानुन बनाएपछि संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय लागूपदार्थ नियन्त्रण बोर्डको विज्ञप्ति आएको थियो । उक्त विज्ञप्तिमा 'कानुनी दायित्व र कूटनीतिक प्रतिबद्धताहरूको बेवास्ता गर्दै गैर-मेडिकल उद्देश्यका लागि समेत गाँजालाई वैधानिकता दिने क्यानडाको निर्णयले अन्तर्राष्ट्रिय लागू पदार्थ नियन्त्रण बोर्डको कानुन उलङ्घन गर्न र नियन्त्रण फ्रेमवर्कलाई समेत कमजोर पार्न योगदान पुऱ्याएको' उल्लेख थियो । जबाफमा ग्लोबल अफेयर्स क्यानडाले उक्त निर्णय क्यानडावासीको स्वास्थ्य रक्षा

र कल्याणका लागि अन्तर्राष्ट्रिय लागूपदार्थ नियन्त्रणको फ्रेम वर्कको दृष्टिकोणको लक्ष्यअनुरूप नै रहेको जनाएको थियो ।

यसरी क्यानडाको नार्कोटिक्स महासन्धिमा भएको हस्ताक्षरको मान्यता मेडिकल र गैर-मेडिकल दुवै उद्देश्यमा गाँजाजन्य पदार्थको प्रयोगमा छुटको सर्तमा मात्र मान्य हुने क्यानडाको औपचारिक जानकारी दर्ज भयो । हाल क्यानडामा मेडिकल प्रयोजन र गैर-मेडिकल वा मनोरञ्जनात्मक उपयोगका लागि समेत गाँजाको उपयोग/उपभोग गर्नु वैधानिक भइसकेको छ ।

**वैधानिक र गैर-अपराधीकरणमा के फरक छ ?**

कानुनका दृष्टिमा वैधानिक बनाइनु र गैर-अपराधीकरण गरिनु उस्तै-उस्तै कुरा हुन् कि भन्ने धेरैलाई लागेको पाइन्छ । वास्तवमा यी दुईबीच प्रस्टै भिन्नता छ । वैधानिक बनाइनु भनेको कुनै वस्तु, उत्पादन, काम वा गतिविधिलाई कानुनका दृष्टिमा कुनै पनि किसिमले दण्डनीय नठहऱ्याइनु वा पूर्णतः स्वीकार गरिनु हो । ती सबै कामहरू वैधानिक हुन् जसमा कुनै जेल, जरिवाना वा दण्डभागी हुनु पर्दैन । यो कानुनविहीन अवस्थाबाट कानुनी संरचनामा जाने एउटा प्रक्रिया पनि हो । गैर-अपराधीकरण (डि-क्रिमिनलाइजेसन) भनेको चाहिँ त्यस्ता कार्य वा गतिविधि हुन्, जो हिजोका दिनमा आपराधिक ठहरिए पनि अबका दिनमा आपराधिक होइनन् । यद्यपि यस्ता कार्यमा केही सामान्य हदको जरिवाना वा नगण्य सजायको सम्भावना भने अझै रहिनै रहन्छ ।

कुनै वस्तु उत्पादन, काम वा गतिविधिलाई सामाजिक परम्परा वा कानुनअनुसार स्वीकार्य नरहेको ठहर गरी नियन्त्रण गर्नु वा अपराध करार गरी कारबाहीको प्रक्रियामा लैजानुलाई ‘अपराधीकरण’ भनेर

बुझ्ने हो भने यसरी अपराधीकरण गरिएको कुरा नै वास्तवमा सही छैन भन्ने धेरैलाई लागेको छ भने समाजमा जनचेतना जगाएर परम्परागत सामाजिक विश्वासमै क्रमभंगताको आवश्यकता पर्छ। त्यसका लागि कानुनमा 'आपराधिक' भनी उल्लेख गरिएका विषयलाई सामाजिक-राजनैतिक मुद्दा बनाएर संशोधन गरी जनप्रतिनिधिमूलक निकाय संसद्बाट आवश्यक प्रक्रिया पूरा गरेर कानुन परिवर्तन गरी लागू गरिनु आवश्यक हुन्छ । यसरी हिजोका मितिमा आपराधिक भनेर किटान भएका कामलाई अबदेखि ती आपराधिक वा गैर-कानुनी होइनन् भनेर घोषणा एवं कार्यान्वयन गरिने प्रक्रियालाई नै गैर-अपराधीकरण भनिन्छ। वेश्यावृत्ति, गर्भपतन, खेलकुदमा स्टेरोइडको प्रयोगजस्ता विषयका कानुनहरू समाज र परिवेश अनुसार प्रायः परिवर्तन हुँदै र गैर-अपराधीकरण गरिँदै आएको पाइन्छ । गाँजाको उत्पादन, प्रशोधन वा बिक्री-वितरणको विषय पनि यस्तैमध्येमा पर्छ ।

गैर-कानुनी हुँदाहुँदै पनि नेपालमा शिवरात्रीमा र अन्य दिनमा समेत मठमन्दिरमा प्रयोग भएजस्तै क्यानडामा पनि घरेलु रूपमा गाँजा सेवन सामान्य नै थियो । कानुनद्वारा भने वर्जित । क्यानडामा गाँजा खाएको भेटियो भने त्यस्तो व्यक्तिको क्रिमिनल रेकर्ड रहने गर्थ्यो । त्यस्तो रेकर्ड भएको व्यक्तिले समाजमा कामकाजी बन्नका लागि अत्यावश्यक कारोबार गर्न, राम्रो तहको जागिरमा रहन, बैङ्कको कर्जा आदि पाउन वञ्चित हुने थियो । यसले गर्दा उसको पूरै भविष्य अन्धकारमय हुने अवस्था थियो ।

क्यानडाका हालका प्रधानमन्त्री जस्टिन ट्रुडो यहाँका पहिलेका निकै प्रख्यात प्रधानमन्त्री पियरे ट्रुडोका छोरा हुन् । जस्टिन स्वयंले बताए अनुसार उनका भाइ माइकल ट्रुडो लुकीछिपी गाँजा खाने गर्थे । एक

पटक उनी गाँजासहित पक्राउ परेकाले उनको पुलिस रिपोर्ट बिग्रन नदिन उनका पिताले आफ्नो सम्पर्क र पहिचान उपयोग गरी उनका भाइको पुलिस रिपोर्टमा 'अपराधी' उल्लेख हुनबाट बचाएका थिए । सन् १९९८ को नोभेम्बरमा उनी स्की खेल्न जाँदा त्यतै हराए । स्की खेल्दै गर्दा कतै बाटो बिराएर हिउँ, कुवा वा एभेलेंचमा कतै कहिल्यै नभेटिने गरी उनको मृत्यु भएको अनुमान गरिन्छ ।

जस्टिन ट्रुडोले प्रधानमन्त्री हुने दौडमा होमिँदै गर्दा आफू क्यानडामा गाँजाको गैर-अपराधीकरण गरिनुपर्ने पक्षमा रहेको घोषणा गरे । चुनाव जितेपछि उनी प्रधानमन्त्री बने । गाँजाको गैर-अपराधीकरण किन जरुरी छ भन्ने सन्दर्भमा उनले आफ्नो भाइको कथा सार्वजनिक गर्दै भने, "परम्परागत रूपमा क्यानडामा सर्वत्र पाइने र सेवन गरिने गाँजा सेवन गरेको मात्र आधारमा क्यानडाका धेरै युवा पुलिस रेकर्डमा अपराधी करार गरिएकाले आफ्नो सुन्दर भविष्य निर्माण गर्नबाट वञ्चित हुनुपरेको छ । किनभने उनीहरूसँग मेरो भाइसँग भएजस्तै पहुँच र सम्पर्कवाला पिताजी थिएनन् ।"

वास्तवमै सामाजिक कार्यहरूमा मात्र एक दुई चिलिम गाँजा, त्यो पनि कतिपयले त औषधीका रूपमा खानैपर्ने भएर खाएका आधारमा, त्यतिबेलै प्रहरीले भेटेकाले उनीहरू अपराधी करार हुनु सामाजिक न्याय र मर्मविरुद्ध थियो । उनको यो कथाले धेरै क्यानडेलीहरूलाई आफ्नो परम्परागत सामाजिक मान्यता नै परिवर्तन गराउन प्रेरित गऱ्यो ।

अर्कोतर्फ वैज्ञानिक परीक्षणहरूबाट रक्सी र सुर्ती सेवनभन्दा गाँजा धेरै सुरक्षित रहेको प्रमाणित भइरहेको थियो । इजरायल, होलेन्ड, अमेरिका लगायत धेरै मुलुकले औषधीजन्य र मनोरञ्जनका लागि

गाँजाको नियन्त्रित बिक्री-वितरण गर्न पाइने कानुन बनाएर कारोबार सञ्चालन गरिसकेका थिए । गाँजा कम्तीमा ४० रोग समूहभित्र पर्ने करिब ७ सय प्रकारका रोगको प्रत्यक्ष निदानमा सहयोगी हुने तथ्य पत्ता लागिसकेको अवस्था थियो । गाँजा हाली संसारभर हजारौं हजार ड्रग वा औषधीहरू बनिसकेका थिए । मनोरञ्जनका हिसाबमा खाना, पेय, धूमपान, मद्यपान, ई-भेपका रूपमा समेत विकास भइसकेको थियो । नयाँ नयाँ उपलब्धिमूलक औषधी र हिलिङ्ग फुडहरूसमेत बन्दै थिए । यी सबै कारणबाट यहाँ गाँजाको गैर-अपराधीकरण हुने माहोल बनेको हो ।

जब गाँजालाई गैर-अपराधीकरण गर्ने सरकारी योजना सफल बन्यो, यहाँ कानुनबाट नै संरक्षण प्राप्त हुने गरी नियन्त्रित रूपमा खाजा खेती सुरु गरियो । नयाँ नयाँ प्रविधि र सीप हस्तान्तरण गरिए । गाँजा प्रशोधन, गाँजायुक्त औषधि, गाँजाजन्य खाद्य तथा पेय र धूमपान, ई-भेपजस्ता उत्पादनहरू सम्भव बने । काम गर्दै जाँदा क्यानडेली कम्पनीहरू आफैँले धेरै नव-प्रवर्तनकारी प्रविधि र सूत्रीकरण (फर्मुलेसन) विकास गर्न सफल भए । मात्र ५ वर्षभित्र आज क्यानडा यो क्षेत्रमा विश्वमै आफूलाई अग्रणी भूमिकामा राख्न सफल भएको छ । क्यानडाको अर्थतन्त्रलाई समेत यसले राम्रो टेवा दिएको छ ।

# नेपालमा गाँजा

नेपाल संसारमै पाइनेमध्येका उत्कृष्ट गुणस्तरका सारतत्व दिने लगभग ७ हजार रैथाने जडिबुटी (हर्बल) हरूको सुन्दर स्थान हो ।

नेपालका डाँडा पखेरामा असरल्लै फलेर र फालिएर रहेका ती औषधीय गुणयुक्त र सुगन्ध दिने वनस्पतिमध्ये झन्डै ३ सय जताततै र सजिलै पाइन्छ । उदाहरणका लागि क्यान्सरको औषधी बन्ने तीतेपाती, डिप्रेसन र एन्जाइटीको औषधी बन्ने घोडताप्रे, काउसो, कन्टकारी, असुरो, बेथे, मेपल फ्लेभर सिरप बन्ने मेथी र ताप्रे, लिकोराइस भनिने जेठीमधु आदि छन् । यस्तै वा यीभन्दा पनि महत्वपूर्ण वनस्पतिमध्ये एक गाँजा पनि हो ।

नेपालको वातावरणमा गाँजा घरबाहिर जताततै हुने हुँदा विभिन्न भागमा विभिन्न मौसममा उम्रने गाँजाको गुणस्तर फरक-फरक हुने पाइएको छ । नेपाली गाँजाको रैथाने प्रजाति सेटिभा र इन्डिका उच्च गुणस्तरको हुने हुँदा उच्च गुणस्तरकै चरेसका लागि नेपाल संसारभरका गाँजा पारखीबीच प्रख्यात छ । नेपालमा झुसिलो कोपिला हुने मध्यम कडा १४ देखि १७ प्रतिशतसम्म टीएचसी हुने गाँजा फल्ने गर्छ । थोरै तर बाक्लो झुस हुने नेपाली गाँजाको कोपिला लछप्पै परेको गुलियो, कागतीको बोक्रा, लेभेन्डर र सल्लोको जस्तो मिश्रित बासनादार, च्यापच्याप लाग्ने रेजिनले भरिपूर्ण हुने गर्छ । गहिरो गरी सुँघ्दा यसमा माटो, काठ र फूलमिश्रित बासनासमेत आउँछ । नेपालका प्रायः सबै भेगमा हुने भए पनि दार्चुला, बझाङ, डोटी, रुकुम, सल्यान, बागलुङ, म्याग्दी, मकवानपुर, धादिङ, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, उदयपुर, सुनसरी, मोरङ, बर्दिया, सप्तरी, रूपन्देही, नवलपरासी, चितवन, सुर्खेतलगायत जिल्लामा गाँजा अझ बढी पाइने गरेको छ ।

मार्टिन बुथको किताब 'गाँजाको इतिहास' मा उल्लेख भए अनुसार १५ औं शताब्दीमा नेपालमा सैनिकहरूलाई लडाइँ गर्न जानुअघि साहसका साथ लड्न सकियोस् र सही निसाना लगाओस् भनेर गाँजा खुवाउने गरिन्थ्यो । नेपालमा १७ औं शताब्दीमै गाँजालाई औषधीका रूपमा प्रयोग गरेको पाइएको छ । १९ औं शताब्दीमा तराईका बारा, पर्सा, सिराहा, सप्तरी, महोत्तरीजस्ता जिल्लाहरूमा नगदे बालीका रूपमा व्यापक मात्रामा गाँजा उब्जाउन थालिएको थियो । दोस्रो विश्वयुद्धताका संसारभर नेपालको गाँजा प्रख्यात थियो ।

सन् १९६० को दशकमा हिप्पीहरू आउन सुरु भएपछि नेपालको तत्कालीन सरकारले गाँजा बेचेर पैसा कमाउन र कर उठाउन सकिन्छ भन्ने महसुस गऱ्यो । अनि लगत्तै सन् १९६१ मा गाँजा खेती गर्न र बेच्न अनुमति लिनुपर्ने कानुन बन्यो । कानुन बनेपछि त्यतिबेला ३० वटा पसललाई अनुमति दिइएको थियो । तीमध्ये धेरैजसो पसल काठमाडौंको वसन्तपुरमा थिए । किनभने विदेशी पर्यटक थुप्रिने ठाउँ नै त्यही थियो । त्यतिबेला गाँजाबाट विभिन्न परिकार बन्ने थिए । तीमध्ये गाँजाको चिया, गाँजा मिसाएको टोस्ट अण्डा, गाँजा केक, गाँजा जुस आदि पर्दथे । त्यतिबेला हिप्पीहरूले नेपालमा धेरै खर्च गरेर जाने गरेकाले यहाँ महँगी पनि ह्वात्तै बढेको थियो । अधिकांश किसानले धान, मकै, गहुँ आदि बाली हुने ठाउँमा समेत गाँजा रोप्न थालेका थिए । अहिले पनि नेपालका धेरैजसो ठाउँमा नरोपिकनै गाँजाका बोटहरू देखिनुको कारण त्यसबेला रोपिएका बीउकै निरन्तरता हुन सक्ने अनुमान गरिन्छ ।

हिप्पीहरूले अत्यधिक रुचाउने गाँजा नेपालमा राम्रो र सस्तो भएकाले तत्कालीन समयमा हिप्पीको पहिलो रोजाइ नै काठमाडौं भएको थियो ।

त्यो बेला काठमाडौंलाई 'हेस क्यापिटल' अर्थात् चरेसको राजधानीसमेत भन्ने गरिन्थ्यो। एक अनुमान अनुसार सन् १९७२ तिर नेपाल र मोरोक्कोको उत्पादनले संसारकै ५० प्रतिशत गाँजा आपूर्ति धानेको थियो। तर अमेरिकी सरकारको तीव्र दबाबका कारण नेपालले संयुक्त राष्ट्रसङ्घको 'सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स, १९६१' मा हस्ताक्षर गर्न बाध्य भयो। राष्ट्रसङ्घको 'नार्कोटिक्स कन्ट्रोल बोर्ड' ले गाँजालाई हेरोइनजस्तै उच्च जोखिमपूर्ण लागूऔषधको दर्जामा राखेका कारण नेपालले पनि सोही मान्यतालाई हुबहु मान्दै 'लागूऔषध नियन्त्रण ऐन, २०३३' जारी गरी मुलुकभरि प्रतिबन्ध लगाएको थियो। सोही प्रतिबन्धका कारण नेपालमा आजसम्म पनि गाँजा र गाँजाजन्य सम्पूर्ण पदार्थ पूर्ण गैरकानुनी छन्।

वास्तवमा नार्कोटिक्स कन्ट्रोल बोर्डको जोखिमपूर्ण लागूऔषध सूचीमा रहेका उच्च जोखिमपूर्ण लागूऔषध प्रतिबन्ध गर्न नार्कोटिक्स महासन्धिमा नेपालले गरेको हस्ताक्षर कानुन हैन, प्रतिबद्धता मात्र हो। उक्त प्रतिबद्धता लागू गर्न 'लागूऔषध नियन्त्रण ऐन, २०३३' जारी भएपछि मात्र नेपालमा गाँजा र गाँजाजन्य सम्पूर्ण पदार्थ पूर्ण रूपमा गैर-कानुनी भएका हुन्। नार्कोटिक्स महासन्धि अनुसारै पनि नेपालले सरकारद्वारा निर्दिष्ट मापदण्डअनुरूप नियन्त्रित तरिकाले खेती र प्रशोधन गरी औषधि बनाउन पाइने, अनुसन्धान गर्न पाइने र अयुर्वेदिक औषधीहरूमा प्रयोग गरी डाक्टरको सिफारिसमा बिरामीले खान पाउने गरी अन्य देशले जस्तै लागूऔषध नियन्त्रण कानुन जारी गर्न सक्थ्यो। तर बुझेर होस् या नबुझी उति बेला राज्य अझ धेरै कठोर हुँदै चाहिनेभन्दा बढ्ता कडा कानुन लाद्न अग्रसर भयो।

परिणमस्वरूप आज आधुनिक औषधि विज्ञानले आफ्ना दशौं हजार परीक्षणहरूबाट शताब्दीयौं अघि वेद र आयुर्वेदमा लेखिएका तथ्यहरू सत्य रहेको प्रमाणित गरी गाँजालाई कानुनी रूपमै औषधीय र मनोरञ्जनात्मक प्रयोजनमा ल्याइरहँदा नेपालमा भने गाँजाको दुई चार बोट मात्र लगाएका विपन्न किसानलाई पनि प्रहरी प्रशासनले तस्करको व्यवहार गरिरहेको छ । नेपालमा आज पनि गाँजा वा गाँजाजन्य पदार्थ मिसाएर बनाइएका औषधी लागूऔषधकै श्रेणीमा पर्छन् । यसरी हेर्दा गाँजा प्रयोग हुने १ सय ९१ भन्दा बढी प्राचीन आयुर्वेदिक औषधी सेवन गरिरहेका बिरामी, जोखिमपूर्ण छारे रोगको औषधी खाइरहेका बालबालिका, क्यान्सरको पीडाबाट आहत भई घर वा अस्पतालमा चरम दर्द घटाउने औषधी सेवन गरिरहेका बिरामी र पेन किलरका रूपमा गाँजाको तेलको मालिस लिइरहेकाहरू सबै कानुनका नजरमा अपराधी करार छन् । युद्ध वा यातनापूर्ण कारबाहीको दर्द घटाउन गाँजा प्रयोग गरिरहेका राष्ट्रसेवक सैनिक, प्रहरी वा अन्य पीडितलाई समेत लागूऔषध नियन्त्रण ऐन, २०३३ ले अपराधी ठहर गरिरहेको छ ।

नेपालको कानुनअनुसार २५ बोटसम्म गाँजा लगाएको वा खेती गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना हुनेछ । सोभन्दा बढी खेती गर्नेलाई तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँ जरिवाना गर्ने भनिएको छ । अनि ५० ग्रामसम्म गाँजा राखेको भेटिएमा तीन महिनासम्म कैद र तीन हजार रुपैयाँसम्म जरिवाना तोकिएको छ । कानुनी व्यवस्था जे भए पनि र यकिन तथ्यांक नभए पनि धार्मिक-सांस्कृतिक पक्षसँग समेत जोडिएकाले नेपालमा एक न एकपल्ट गाँजा सेवन गरेकाहरूको संख्या निकै छ । अनौपचारिक रूपमा व्यापक उपयोग हुँदाहुँदै पनि औपचारिक रूपमा प्रतिबन्धित गरिँदा मुलुकमा गाँजा नियन्त्रणकै नाममा ठूलो धनराशि खर्च भइरहेको

छ । कानुनको भय देखाएर प्रहरी र स्थानीय नेताहरू भ्रष्ट बन्ने र टाठाबाठा र प्रहरी प्रशासनले सोझासाझामाथि निजी रिसिइबी साध्ने माध्यम गाँजा बन्न पुगेको छ ।

गाँजाजन्य औषधी, खाद्य र पेयको अनुसन्धान, नव-प्रवर्तन, विकास र व्यावसायिक उत्पादन विश्वका विभिन्न मुलुकहरूमा लगभग परिपक्व अवस्थामा पुगिसकेको छ । गाँजाको खेती, प्रशोधन, बिक्री-वितरण र उपभोगलाई कानुनी मान्यता दिँदै गैर-अपराधीकरण गर्नु नै राष्ट्रको हितमा हुने धारणा संसारको कुनाकाप्चासम्मै पुगिसकेको छ । नेपालजस्तो मुलुकमा यसलाई गैर-अपराधीकरण गरिँदाको तात्कालिक र दूरगामी असर के कस्तो होला भन्नेबारे चर्चा परिचर्चा हुनु अस्वाभाविक होइन । पछिल्लो समय गाँजालाई वैधानिकता दिइनु पर्छ भन्ने बहस भइरहेको छ । नेपालको हावापानी र माटो गाँजा खेतीका लागि राम्रो रहेको, गाँजाबाट किसानले मनग्य आम्दानी गर्न सक्ने दलिल पेस गर्दै धेरै अभियन्ताहरूले यसमाथिको प्रतिबन्ध हटाउनुपर्ने माग राख्दै आएका छन् ।

गाँजा सेवनलाई जघन्य अपराध करार गरिनु नेपाली संस्कृति र आयुर्वेदिक विश्वासविरुद्ध छ । प्रत्यक्ष विदेशी हस्तक्षेपमार्फत लादिएको कानुनी व्यवस्थाले कानुनी राज्यकै गम्भीर उपहास गरिरहेको छ । कतिपय मूलकमा ड्रग्स कारोबारीलाई फाँसी दिइन्छ । तर नेपालमा जतिसुकै ठूलो अपराध भए पनि कसैलाई फाँसी दिइँदैन । लागूऔषध नियन्त्रण ऐन, २०३३' मा पनि गाँजा र गाँजाजन्य पदार्थको कसुरमा कैद र जरिवानाको प्रावधान मात्र छ । नार्कोटिक्स महासन्धिले कुन कुन कामलाई प्रतिबन्ध गर्ने वा आपराधिक मान्ने भन्नेबारे मापदण्ड दिने मात्र हो । उक्त मापदण्डलाई आफ्नो मुलुकको सन्दर्भमा कसरी व्याख्या गर्ने र उलङ्घनको अवस्थामा के कस्तो सजायको निर्धारण गर्ने भन्ने

राज्यको आफ्नै अधिकार र दायित्व हो । त्यसैले राज्यले आफ्नो जस्तो नियम बनायो त्यही लागू हुने हो ।

नेपालको सन्दर्भमा गाँजालाई खुल्ला गर्नुभन्दा पनि गैर-अपराधीकरण गर्नतिर लग्नु उचित हुने देखिन्छ । यसको आशय के भने नेपालमा कसैले नियम विपरीत गाँजा सेवन गरेको वा कारोबारमा संलग्न भएको भेटिएमा अहिलेजस्तो जघन्य अपराधीका रूपमा जेल हाल्ने नियम परिवर्तन गरी कसुर अनुसार जरिवाना र कारबाही हुने गरी कानुन परिवर्तन गर्नु उपयुक्त हुन्छ । नेपालले क्यानडामा जस्तै मेडिकल र गैर-मेडिकल दुवै उद्देश्यमा गाँजाजन्य पदार्थको मुलुकभित्रको प्रयोगमा नियन्त्रित छुट चाहने हो भने मुलुकभित्र गाँजा कारोबारमा भइरहेको आपराधिक संलग्नता न्यून गर्ने, युवा तथा किशोरकिशोरीमा मेडिकल बाहेक अन्य प्रयोजनमा उपलब्धता वा पहुँच घटाएर शून्यप्रायः बनाउने, गाँजाजन्य पदार्थको नियन्त्रण र प्रभावकारिताको मूल्याङ्कन गर्ने र नेपाल सरकारलाई सल्लाह दिने गरी समय-समयमा अन्तर्राष्ट्रिय निकायहरूलाई पर्यवेक्षकका रूपमा नेपाल भ्रमण गराउने आफ्नो स्पष्ट धारणा सार्वजनिक गर्नु उपयुक्त हुन्छ । त्यसपछि मेडिकल र गैर-मेडिकल उद्देश्यका लागि गाँजा व्यवसाय गर्न चाहनेलाई कानुन बनाएर तदनुरूप कारोबारमा जाने बाटो खोलिदिँदा फरक पर्दैन ।

गाँजालाई गैर-अपराधीकरण गरिसकेपछि नेपालले वैधानिक रूपमा आफ्नो कानुन संशोधन गरी अन्तर्राष्ट्रिय महासन्धिको प्रावधानबाट गाँजाजन्य कारोबारका लागि छुटकारा लिने निर्णयमा पुगेको जानकारी राष्ट्रसङ्घीय नार्कोटिक्स बोर्डमा दिनुपर्नेछ । नार्कोटिक्स सन्धिमा हस्ताक्षर गरेका तर हाल गाँजाको वैधानिक उत्पादन, प्रयोग र बेचबिखन गरिरहेका देशकै बाटो पछ्याउँदै नेपालले पनि गाँजा खेती र बिक्री-

वितरणलाई आपराधिक ठहर गर्ने कानुन सच्याउने र नियन्त्रित बिक्री-वितरणमा जानेतर्फ कदम चाल्नु जरुरी छ । हुन त हाल अन्तर्राष्ट्रिय रूपमै नार्कोटिक ड्रग्सको सूचीबाट गाँजालाई हटाउनेबारे पनि बहस सुरु भइसकेको छ । सूचीबाट हट्यो भने नेपाललाई आफ्नो आन्तरिक कानुन संशोधन गरी गाँजाको नियन्त्रित कारोबार थाल्ने बाटो स्वतः खुल्नेछ । यसो हुन सकेमा नेपालमा गाँजाले अन्य उद्योगधन्दाले भन्दा छिट्टै र कम खर्चमा रोजगारी सिर्जना गर्नेछ । खेर गइरहेको जमिनमा सम्भव हुने गाँजा खेती युवाबीच उच्च आकर्षणको विषय बन्नेछ । यसै पनि नेपालमा विश्वकै उच्च गुणस्तरका गाँजा पाइन्छन् । यदि यसलाई गैर-अपराधीकरण गर्ने हो भने नेपालले आफ्नो प्राविधिक र आर्थिक हैसियत अनुसारको फाइदा उठाउन सक्नेछ । गाँजाको बीउ बिरुवाका अतिरिक्त यसका कोपिला, पात, ड़ाठ, जरा र चोप, चूर्ण, लोक्ता, सिठा तथा तरल र ठोस सबै उत्पादन बिक्रीयोग्य हुन्छन् ।

संसारभर भएका वैज्ञानिक अध्ययनहरूको निष्कर्ष र गाँजालाई गैर-अपराधीकरण गरी औषधि तथा मनोरञ्जनपूर्ण काममा खुला गरिएका देशको अनुभवसम्बन्धी दस्तावेजहरूको सामान्य पुनरावलोकनसमेत नगरी अनुमानका भरमा नेपालमा आज पनि कतिपय व्यक्ति, पूर्वप्रहरी प्रशासकहरू र चिकित्सकहरूसमेत नेपालजस्तो देशमा गाँजा खुल्ला गर्दा दुर्व्यसन बढ्छ, मुलुक बस्न लायकै रहँदैन भनिरहेका छन् । उनीहरूमध्ये कतिले त यसमाथिको प्रतिबन्ध अझ कडा पारिनुपर्छ भन्नसमेत भ्याएका छन् । समाजका कतिपय सिधासादा वर्गमा तिनकै कुराले हो कि त भन्ने धारणासमेत बनेको पाइन्छ ।

इन्स्टिच्युट अफ मेडिसिन अफ द नेसनल एकेडेमी अफ साइन्सका अनुसार आनन्दका लागि सुर्ती खाने सिकारुमा ३२ प्रतिशत सुर्तीको

अम्मली बनेको पाइएको छ। रक्सी पिउने सिकारुमध्ये १५ प्रतिशत रक्सीको अम्मली भएका छन् । जबकि गाँजा खाने सिकारुमा ९ प्रतिशत मात्र गाँजाको वास्तविक अम्मली बन्ने गरेको भेटिएको छ। अन्य अनुसन्धानबाट पनि सुर्ती वा रक्सी धेरै खाएर मान्छेको मृत्यु भएको पाइए पनि गाँजा धेरै खाएर कसैको मृत्यु भएको रेकर्ड भेटिएन । उल्टै गाँजामा प्रतिबन्ध लगाउँदा वास्तविक तथ्यका आधारमा भन्दा भावनात्मक प्रभावमा बहेर यसको असरबारे निकै बढाइचढाइ गरिएको यथार्थ उजागर भएको छ ।

अनुसन्धानहरूले गाँजा सेवनका कारण हुने स्वास्थ्यसम्बन्धी राष्ट्रको व्ययभार सुर्ती र रक्सी लगायत अन्य अम्मलभन्दा निकै कम रहेको प्रमाणित गरेका छन् । गाँजाका प्रयोगकर्ता रक्सीका अम्मलीले जस्तो सन्किएको वा आपत्तिजनक असामाजिक व्यवहार देखाएको पनि खासै भेटिँदैन । यथार्थमा आज रक्सी र सुर्तीभन्दा गाँजा सुरक्षित प्रमाणित भएको छ। हामीकहाँ भने रक्सी र सुर्तीजन्य पदार्थ नियन्त्रणको अभिभारा पाएका निकायकै कार्यालयमा विभिन्न पार्टी र सम्मेलनका नाममा आरामले त्यसैको उपयोग चल्दै आएको छ । ती अम्मलहरूभन्दा कैयन् गुणा किफायती औषधीय मूल्यको गाँजा कसैले रोपेको वा कुरा मात्रै गरेको भेटे तिनै निकायका प्रमुखहरू पाता फर्काउन वा गोर्खे लौरी लगाउन पाउँदा आफू मुलुकको सच्चासेवक बनेको भ्रममा मक्ख बन्छन् । यस दृष्टिले नेपाल कम हानिकारक वस्तु सेवन गरे अपराधीकरण हुने, बढी हानिकारक रक्सी, चुरोट र सुर्तीजस्ता अम्मल सम्भ्रान्त वर्गको सान ठानिने सुकुल गुन्डातन्त्रले राज गरेको मुलुक बनेको छ ।

आज नेपालमा गाँजालाई गैर-अपराधीकरण गर्नका लागि समय परिपक्व भइसकेको छ। वर्ल्ड ड्रग रिपोर्ट २०१९ को तथ्यांकका

आधारमा नेपालले एकातर्फ गाँजा खेतीबाट सम्भव हुने प्रभावकारी मुनाफा र प्रतिफल लिन स्तरीय र नियन्त्रित गाँजा उत्पादनमा जोड दिन जरुरी छ भने अर्कोतर्फ कार्बनडाइअक्साइड प्रयोग गरी गाँजाको सारतत्व निकालिने अहिलेसम्मकै सबैभन्दा हरित तथा जैविक प्रविधि (सुपर क्रिटिकल एक्सट्रेक्सन) प्रशोधन अवलम्बन गर्न अनिवार्य छ। हाल औद्योगिक स्तरमा सुपर क्रिटिकल एक्सट्रेक्सन प्रशोधन प्रविधिमा काम गर्ने प्लान्टको सुरुवाती मूल्य करिब सवा तीन करोडदेखि चार करोडको हाराहारीमा पर्छ। नेपालजस्ता मुलुकले यस्ता आधुनिक प्रविधिका मेसिनहरू खरिदमा अन्य मुलुकले जस्तो ८०-८५% सम्मै अनुदान र मेसिन आयातमा कर छुट हुने गरी वास्तविक नेपाली उद्यमीको हातमा यो उच्च प्रविधि र आधुनिक उद्यमशीलता पुऱ्याउन जरुरी छ। गाँजाजस्ता वस्तुहरू कानुनी रूपमा प्रशोधन हुँदा गाँजा प्रशोधन प्रक्रियाकै ताप र चापको मात्रामा सामान्य हेरफेर गरी अहिले व्यावसायिक मात्रामा उत्पादन नभइरहेका अन्य ३ सयभन्दा धेरै उच्च मूल्यका जडिबुटीको पनि प्रशोधन र बजारीकरण गर्न सक्ने हो भने मुलुकले कायापलट गर्ने छ।

तर यसरी गाँजालाई गैर-अपराधीकरण गराइनुको अर्थ जसले जहिले जति मात्रामा चाहन्छ त्यति गाँजा सेवन गर्न वा निर्वाध बेचबिखन गर्न दिनुपर्छ भन्ने कदापि होइन। गाँजाको व्यावसायिक उत्पादन, प्रशोधन, प्रयोग, बेचबिखन तथा निर्यातलाई गैर-अपराधीकरण गराइनुका पछाडि खास-खास पवित्र उद्देश्यहरू निहित हुन जरुरी छ। ती हुन्-

- गाँजाको बिक्रीमा भइरहेको आपराधिक संलग्नतालाई कम गर्ने।
- गाँजाले समाजमा पुऱ्याउन सक्ने विकृति नियन्त्रण गर्ने।

- गाँजाका गुणहरूबाट नेपाली समाज र विश्वलाई लाभ पुऱ्याउने ।
- तस्करीमा हुने गरेको रकमको विनिमय तस्करी उन्मूलनमार्फत आयकरको दायरामा ल्याएर मुलुकको आम्दानी सुनिश्चित गर्ने ।
- किशोरकिशोरीमा यसको उपलब्धता वा पहुँच घटाएर शून्यप्रायः बनाउने ।
- औषधीय प्रयोजनबाहेक मनोरञ्जन वा नसाका रूपमा युवा अवस्थाका किशोरकिशोरीहरूको उपलब्धता वा पहुँच पूर्ण नियन्त्रण गर्ने ।
- गैर-कानुनी हुँदा युवा वर्गमा बढ्ने दुर्व्यसनको हद घटाएर युवाको हातमा लुकीलुकी चिलिमका चिलिम गाँजा पुग्ने स्थिति अन्त्य गर्ने ।

जब कानुनबाट नै नियन्त्रित रूपमा गाँजा खेती सुरु गरिन्छ, तब यो क्षेत्रमा नयाँ प्रविधि र सीप हस्तान्तरण सम्भव बन्छ । यसका प्रशोधन, गाँजायुक्त औषधि, गाँजाजन्य खाद्य तथा पेय र धूमपान, ई-भेपजस्ता उद्योग स्थापना हुन्छन् । ग्रामीण क्षेत्र केन्द्रित नव-प्रवर्तनीय संस्कार विकसित हुन्छ । बाह्य विश्वको माग पूरा गर्न कम्पनीहरू स्वयं नव-प्रवर्तनीय प्रविधि र सूत्रहरू (फर्मुलेसन) समेत विकास गर्न सक्नेछन् ।

यथार्थमा आज गाँजा रक्सी र सुर्तीभन्दा सुरक्षित प्रमाणित भएको छ । तर रक्सी र सुर्ती नियन्त्रणको अभिभारा पाएको निकायकै कार्यालयमा समेत आरामले यिनको खपत हुँदै आएको छ । कम हानिकारक वस्तु

सेवन गरे अपराध हुने र बढी हानिकारक अम्मलले पूरै छुट पाइरहनु आफैँमा विडम्बनापूर्ण स्थिति हो ।

अहिले पनि कतिपय मानिस हचुवामै नेपालजस्तो देशमा गाँजा, चरेस खुल्ला गर्दा दुर्व्यसनी बढेर मुलुक बस्नलायकै रहँदैनसमेत भन्न भ्याउँछन् । त्यस्ता दाबीबारे गहिरिएर बुझ्न हामीले अन्यत्रको अनुभवलाई राम्ररी बुझ्न जरुरी छ। संसारका विभिन्न मुलुकले आफ्नो अनुभवबाट निकालेको सार के हो भने गाँजा, चरेस, रक्सी, सुर्तीजस्ता अम्मलको प्रयोग गैर-कानुनी घोषणा गरी नियन्त्रण गर्ने नीतिले केवल कालोबजारीमा रमाउनेका लागि सुनको अण्डा पार्ने कुखुरी मात्र उपलब्ध गराउँछ ।

रक्सीलाई नियन्त्रण गर्दा यसको नियन्त्रित क्षेत्रमा उत्पादन र ढुवानी मात्रै गैरकानुनी बन्यो तर खानपिनमा नियन्त्रण हुन सकेन । त्यसले गर्दा कालो बजारमा गुणस्तरयुक्त र गुणस्तरहीन सबै प्रकारका रक्सी पुगे । रक्सी पिउनु निकै जोखिमपूर्ण बन्यो । विषालु रक्सी सेवनबाट मानिसहरू मरेको खबर दिनहुँजसो आउन थाले । वयस्कभन्दा पनि कम उमेरका युवा धेरै संख्यामा रक्सीका अम्मली भेटिन थाले । समाजमा अपराध र भ्रष्टाचार मौलायो । अपराध रोक्न गरिएको प्रयत्नले उल्टै अपराधलाई बढावा दियो । संगठित अपराधले सामाजिक संरक्षण प्राप्त गर्ने अवस्था विकसित भयो ।

गाँजाको उपभोगमा गरिएको अपराधीकरणको नियति पनि ठ्याक्कै यस्तै हो । समाजमा दशौँ हजार मानिस दैनिक लुकीलुकी गाँजा खाने अम्मली बने । किशोरकिशोरीको उल्लेखनीय संख्या उच्च जोखिमयुक्त लागूऔषध प्रयोगकर्ता बनेको भेटिन थाल्यो । सेवन गरिने गाँजा,

चरेसको गुणस्तर यकिन गर्ने कार्य असम्भव बन्यो । ड्रगको अधिकतम मात्रा, स्वच्छता, सेवनमा हुने जोखिम, सुरक्षा, गाँजा र चरेसको गुणस्तर, उमेरको हद आदिको केही कुनै मापदण्ड लागू गर्न सकिने अवस्था रहेन । किशोरकिशोरीहरू असुरक्षित बने । भ्रष्टाचार र अपराध सामाजिक र संगठित रूपमै मौलाउँदै गयो, जुन तथ्यांकहरूबाट छर्लङ्गै सावित भइरहेको छ ।

नेपालमा अवैध रूपमा भित्रिने लागूऔषधको माध्यमबाट कम्तीमा ३० देखि ४० करोड अमेरिकी डलर वार्षिक रूपमा बाहिरिने अनुमान छ । एसियाबाट युरोप र अमेरिकामा तस्करी हुने ६ प्रतिशत गाँजा र चरेस नेपालकै भेटिन्छन् । पछिल्लो तथ्याङ्क अनुसार झन्डै दुई लाखको हाराहारीमा रहेका दुर्व्यसनीमा ९१ हजार ५ सय ३४ व्यक्ति कडा खालको लागूऔषधको आदतमा फसेका छन् । यो संख्या वार्षिक रूपमा ११.३६ प्रतिशतका दरले बढिरहेको छ । लागूऔषध प्रयोगकर्तामा तीन चौथाइजति २० वर्षभन्दा कम उमेरका किशोरकिशोरी छन् ।

नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्युरोको तथ्याङ्कअनुसार सन् २०१३ देखि २०१९ सम्म १९ हजार ६ सय २८ जना लागूऔषध कारोबारी पक्राउ परेका छन् । ब्युरोले सन् २०१२ मा तस्करी गरिँदैको अवस्थामा ४७ टन गाँजा बरामद गरेको थियो । नेपालमा लागूऔषधका रूपमा हुने कारोबारमा गाँजा र चरेस सबैभन्दा धेरै ८७ प्रतिशत छ । कानुनी प्रतिबन्धका बाबजुद पनि दार्चुला, बझाङ, डोटी, रुकुम, सल्यान, बागलुङ, म्याग्दी, मकवानपुर, धादिङ, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, उदयपुर, सुनसरी, मोरङ, बर्दिया, सप्तरी, रूपन्देही, नवलपरासी, चितवन र सुर्खेत लगायत जिल्लामा व्यावसायिक रूपमै गाँजा खेती हुँदै आएको छ ।

दुई ठूला छिमेकी राष्ट्र चीन र भारतको माग पूरा गर्न नेपालमा गाँजा उत्पादन हुने गरेको तथ्य भेटिएको छ। नेपाली कृषकले गाँजा खेती गर्न बीउ, मल र पैसा पेस्कीसमेत पाउने गरेका छन्। नेपालमा हुने गाँजा र चरेसमा भारतीय नागरिकको समेत लगानी भेटिन्छ।

वार्षिक कम्तीमा ५५ करोड अमेरिकी डलर खुद्रा मूल्यको गाँजा र चरेस चोरी निकासी हुने नेपालका उत्पादक र बिचौलियाको हातमा भने लगभग १० करोड अमेरिकी डलरजति मात्र पर्ने गरेको अनुमान छ। नेपालमा गाँजाले कानुनी मान्यता पाउने हो भने सुरुको वर्षमै लगभग ५ अर्ब अमेरिकी डलर बराबर खुद्रा मूल्यको गाँजा र चरेस निकासी हुने र करिब ३ अर्ब ३० करोड अमेरिकी डलर नेपाल भित्रने अनुमान छ। यो क्रम आगामी वर्षमा लगभग ५० प्रतिशतको दरमा वृद्धि हुने अनुमान जो कोहीले लगाउन सक्छ। गाँजा, चरेस खुल्ला हुने हो भने नेपालमा अवैध रूपमा भित्रिने लागूऔषध लगभग ६० प्रतिशत नियन्त्रण हुनेछ। त्यसका कारण लगभग १८ करोडदेखि २४ करोड अमेरिकी डलर बाहिर जानबाट रोकिने अनुमान छ।

नेपालमा गाँजा परम्परागत रूपमा चुरोटजस्तो सल्काएर धूवाँको सर्को लिने प्रचलन छ। तर हाल यो ई-भ्यापका रूपमा, बिस्कुट, कुकिज, क्यान्डी आदि बनाउँदै गर्दा कच्चा पदार्थका रूपमा हाली बेकिङपछि खाने चलन छ। अन्य खानासँगै पकाएर, चिया, जुस आदिमा हाली पिउने क्रम पनि बढेको छ। गाँजाको तेल निकालेर वा अन्य तेल वा लोसन वा क्रिम आदिमा हाली छालाको मसाज गरेर पनि यसको उपयोग हुँदै आएको छ। प्रायः खाना, पेय र अन्य पदार्थबाट बनेका बियर वा रक्सीमा गाँजा मिसाएर खानेहरू पनि हुन्छन्। अहिले गाँजाकै बियर र रक्सीसमेत बन्न थालेको छ। गाँजाको बिरुवाबाट निकालिने

रेजिनलाई चरेस (ह्यास-ह्यासिस) ले दिमागमा तुरुन्तै प्रभावकारी आनन्द दिने हुँदा चिलिममा हाली धूवाँ तान्ने चलन बहुप्रचलित छ ।


लागूऔषधका रूपमा नेपालमा लोकप्रिय रहेका पदार्थमा गाँजा, चरेस र भाङ, अफिमका प्राकृतिक तथा कृत्रिम उत्पादन हिरोइन, ब्राउन सुगर, कोडिन, कोकिन आदि, निद्रा लगाउने तथा लट्ठ पार्ने बेन्जोडायाजेपिन, नाइट्रोजिपाम, डायाजिपामस आदि, उत्तेजक औषधी सिउडो इफेन्ड्रिन कफसिरप, मेथेम्फेटामिन कफसिरप आदि हुन् ।

आज शारीरिक दर्द कम गर्न र आनन्द लिने लोभमा हेरोइन, फेन्टानाएल, कोडिन, मर्फिन, अक्सिकोटिन, भिकोटिन आदि वास्तवमै हानिकारक ओपोइड लागूऔषधको ओभरडोजका कारण धेरै मानिस मृत्युको सिकार बनिरहेका छन् । अनुसन्धानबाट प्राप्त वैज्ञानिक तथ्यले गाँजा ओपोइडजस्ता खतरनाक लागूपदार्थ, ड्रग, हेरोइन, कोकिन, रक्सी आदिको हानिकारक आदत छुटाउन दरिलो बाटो हुने स्पष्ट पारेको छ ।

नेपालमा पाइने गाँजाको रैथाने प्रजाति सेटिभा र इन्डिका जातको गाँजाको हाइब्रिड सिड बनाएर बनाइएको 'रोयल मोब' जात बजारमा निकै बिक्री भएको भेटिन्छ । उदाहरणका लागि उत्तरी क्यालिफोर्नियाको गाँजा ओजी कुशका नाममा बजारमा भेटिन्छ भने इन्डिका जातको गाँजालाई स्पेसल कुशका नाममा बिक्री गरिँदै आएको छ । नेपालमा हुने बाहिरी वातावरणमा हुर्कने उच्च सेटिभा जातको गाँजा अफ्रिका हुँदै नेदरल्यान्ड्स पुगी लगभग ८८ प्रतिशत सेटिभा जातसँग मिल्दोजुल्दो हुने गरी इन्डोर खेती हुने सेटिभाको हाइब्रिड जात बनेको हो । लगभग आधा आउटडोर र आधा इन्डोर खेती गरिएको गाँजालाई मिसाएर 'पावर फ्लावर' नाम दिइएको छ, जुन आजको सबैभन्दा प्रख्यात र

उच्च माग रहेको सेटिभाकै हाइब्रिड हो । यसरी समयक्रममा नेपालको सेटिभा र इन्डिका प्रजातिको क्रस गरी संसारमा आज धेरै हाइब्रिड जातका गाँजाका बीउ बनाएर विकास गर्दै गुणस्तरीय गाँजाका नाममा कारोबार गरिएको छ। नेपालमा गाँजालाई गैर-अपराधीकरण गरिए सेटिभा र इन्डिका दुवैले विश्व बजारमा उच्च मूल्य पाउने प्रस्टै छ। गाँजा खेतीलाई कानुनी मान्यता दिइए रोजगारी सिर्जना हुने, औषधि निर्माण हुने, यसको रेसाबाट कपडालगायत सामग्रीको उत्पादन गर्न सकिने र डाँठ फर्निचर बोर्ड तथा इँटासमेतका लागि उपयोगीसिद्ध हुन सक्नेमा दुविधा छैन ।

नेपालमा गाँजा र भाङलाई 'शिव बुटी' वा 'शिवको प्रसाद' का रूपमा ग्रहण गर्नेको संख्या ठूलो छ। कति मानिसले गाँजा खान्छन् भन्ने कुनै तथ्याङ्क नभए पनि हरेक गाउँमा रैथाने गाँजाका अम्मली थुप्रै भेटिन्छन्। शिवरात्रीका दिन त कहिल्यै नखानेले पनि गाँजा सेवन गर्ने परम्पराजस्तै छ। प्रतिबन्धित भएकाले कारोबार लुकीछिपी हुन्छ। घोषित प्रतिबन्ध भए पनि किनबेच रोकिएको छैन। गाँजा खेती गैर-कानुनी हुने र प्रहरीले बेला-बेला फाँड्ने अभियान चलाउने भए पनि खेती हुने क्रम रोकिएको छैन ।



# कफी, गाँजा र रक्सी

## कुन कति सुरक्षित ?

हरेक व्यक्तिको आफ्नो स्वास्थ्यस्थिति र शरीरको क्षमताअनुरूप कुनै पनि अम्मलले दिने विषाक्तता व्यक्तिपिच्छे फरक-फरक हुन सक्छ । हरेक अम्मलमा हुने रासायनिक पदार्थको हरेक व्यक्तिमा आफ्नै विशिष्ट प्रकृतिको रासायनिक विषाक्तता (टकसिसिटी) को जोखिम रहन्छ । व्यक्ति-व्यक्तिमा फरक रहेकाले विशिष्ट प्रकृतिको रासायनिक विषाक्तता भनिने अम्मली पदार्थको विषाक्तताको हदको आधारमा कुन लागूपदार्थको असर कसलाई कस्तो पर्छ भनेर यकिन गर्न हरेक व्यक्तिमै केन्द्रित रहेर अनुसन्धान, परीक्षण र विश्लेषण जरुरत पर्दछ ।

मानिसको जीवन पद्धतिसँगै जोडिन पुग्ने हरेक अम्मल तथा लागूपदार्थले प्रत्येक व्यक्तिमा पार्न सक्ने जोखिम-समय, खर्च र लत बस्ने कुरा आदिलाई सामान्यीकरण गर्न मिल्दैन । त्यसैले व्यक्तिको उमेर समूह, लिङ्ग र शारीरिक अवस्था (जस्तै : गर्भवती, दूध चुसाउने आमा, तौल समूह आदि) का आधारमा अम्मली वा लागूपदार्थको सुरक्षित सेवनको अधिकतम मात्रा निर्धारण गर्ने गरिन्छ ।

प्राकृतिकभन्दा पनि मानव निर्मित औषधीहरू (सेन्थेटिक-ड्रग्स), उच्च प्रशोधित खानपान र अप्राकृतिक जीवन शैलीको दबदबा बढेको आजको दुनियाँमा औषधी र विषको फरक सम्बद्ध पदार्थको सुरक्षित सेवनको मात्राले निर्धारण गर्दछ । सुरक्षितभन्दा धेरै मात्रा ग्रहण गर्दा विष हुने कतिपय पदार्थ सुरक्षित मात्रामा सेवन गर्दा औषधीय गुणको हुने गर्दछ । अधिक सेवन गर्दा विषाक्त हुने हरेक पदार्थको एउटा निश्चित अधिकतम मात्रा (कहिलेकाहीँ न्यूनतम मात्रा) जसलाई लक्षित समूहका व्यक्तिले सेवन गर्दा त्यसको विषाक्तताले हानि पुऱ्याउने जोखिम रहँदैन, त्यसलाई नै सुरक्षित सेवनको मात्रा भनिन्छ ।

औषधीय तथा लागूपदार्थको वैज्ञानिक रूपमा निश्चित गरिएको अधिकतम (वा न्यूनतम) मात्रा जसको सेवनले विषाक्तताको जोखिम नगण्य रहने यकिन हुन्छ, त्यसलाई औषधी विज्ञानमा विषाक्तताको जोखिमविहीनताको मात्रा (टक्सिकोलोजिकल थ्रेसहोल्ड) भनिन्छ । प्रायः व्यक्तिको उमेर समूह, लिङ्ग र शारीरिक अवस्थाका आधारमा यस्तो थ्रेसहोल्ड निर्धारण गरिन्छ । कुनै पनि अम्मल एक पटक सेवन गर्दा सेवनकर्ताले कति मात्रामा गरिरहेको छ र त्यसको वैज्ञानिक रूपमा प्रमाणित विषाक्तताको जोखिमविहीनताको मात्रा कति छ, त्यसको अनुपात (रेसियो) लाई उक्त अम्मलको जोखिमको हद (मार्जिन अफ एक्सपोजर) भनिन्छ । अम्मलको जोखिमको हदको अनुपात जति धेरै हुन्छ त्यति नै त्यसले समाजमा विकृति भित्याउने सम्भावना न्यून रहने वैज्ञानिक अवधारणा छ ।

रक्सी, सुर्ती र गाँजा लगायतका अम्मलहरूसमेत समावेश गरी तिनीहरूको सम्भावित जोखिमको हद (मार्जिन अफ एक्सपोजर) को वैज्ञानिक तरिका अपनाएर गरिएको अनुसन्धान नेचर साइन्स पत्रिकामा ३० जनवरी २०१५ मा प्रकाशित छ । त्यसमा गाँजाबारेका महत्वपूर्ण वैज्ञानिक प्रमाणित तथ्यहरू उल्लेख छन् ।

गाँजामा टेट्राहाइड्रोक्यानबिनल (टीएचसी) भनिने एउटा तत्व हुन्छ, जसले मानिसलाई लट्ठ पार्ने, झुम्म बनाउने जस्ता असर पारि एक प्रकारको नशा दिने गर्दछ । मुखबाट लिइने गाँजामा रहेको टीएचसीको विषाक्तताको जोखिमविहीनताको मात्रा (टक्सिकोलोजिकल थ्रेसहोल्ड) प्रतिकेजी शरीरको तौलको हिसाबमा ०.०४ मिलिग्राम हुने गर्दछ ।

मुटुको धड्कन बढाउने समस्या निम्त्याउन जिम्मेवार सुर्तीमा पाइने निकोटिनको टक्सिकोलोजिकल थ्रेसहोल्ड ०.००८ छ । फोक्सो बिग्रेर खत बसी फोक्सोलाई दागी पारी कमजोर बनाउने लिभर सिरोसिस नामक रोग विकास गर्ने रक्सीमा हुने इथानोलको टक्सिकोलोजिकल थ्रेसहोल्ड ०.४ छ । त्यस्तै गाँजा, सुर्ती वा रक्सी दैनिक पिउने वा खाने बानी परेका अम्मलीहरूले गाँजाबाट टीएचसी १०-६० मिलिग्राम, सुर्तीबाट निकोटिन १.६५-१.८९ मिलिग्राम र रक्सीबाट इथानोल १३.६-५४.४ ग्राम आफ्नो रगतमा मिलाइरहेका हुन्छन् ।

प्राप्त तथ्यहरूको वैज्ञानिक विश्लेषणका आधारमा अम्मलका रूपमा दैनिक प्रयोग हुने गाँजा, सुर्ती वा रक्सी पिउने अम्मलीहरूको सम्भावित जोखिमको हद (मार्जिन अफ एक्सपोजर) रक्सी (दशभन्दा कम) अत्यन्त उच्च जोखिमपूर्ण, सुर्ती (दशभन्दा बढी तर १०० भन्दा कम) जोखिमपूर्ण तर टीएचसीयुक्त गाँजा (१० हजारभन्दा धेरै) कम जोखिमपूर्ण रहेको निष्कर्ष निस्किएको छ । साधारण भाषामा भन्नुपर्दा वैज्ञानिक अनुसन्धानहरूको नतिजाले रक्सी र चुरोट व्यक्तिको स्वास्थ्यको जोखिम र सामाजिक विकृतिका लागि जति जिम्मेवार छन्, त्यसका तुलनामा गाँजा कम जोखिमयुक्त पाइएको छ । यसै पनि सामाजिक स्वास्थ्य र अनुशासन कायम राख्न रक्सी, चुरोट र गाँजा सबैको सेवन नगर्नु उत्तम विकल्प हुँदै हो । यति हुँदाहुँदै पनि तुलनात्मक रूपमा हेर्ने हो भने गाँजाको धूमपान रक्सी पिउनुभन्दा १ सय १४ गुणा सुरक्षित रहेको अनुसन्धान नतिजाहरूले इङ्गित गरेका छन् ।

नेचरमा उक्त अनुसन्धानको नतिजा बाहिरिए सँगै सन् २०१५ मै डेली मेल, द इन्डिपेनडेन्ट र न्युजविकजस्ता प्रतिष्ठित अखबारहरूले गाँजाको धूमपान रक्सी पिउनुभन्दा १ सय १४ गुणा सुरक्षित रहेको

समाचार सम्प्रेषण गरे, जसले संसारको ध्यान खिच्यो । गाँजालाई गैर-अपराधीकरण गर्न, यसलाई औषधी र मनोरञ्जनका रूपमा प्रयोग गरी आर्थिक उपार्जनका लागि प्रयोग गर्न संसारभर गरिएका प्रयासहरू त्यसपछि झनै तीव्र भए । संयुक्त राष्ट्रसङ्घको नेक्रोटिक विभागले गाँजालाई हानिकारक उच्च जोखिमको ड्रगको सूचीबाट हटायो । क्यानडाजस्ता थुप्रै मुलुकमा औषधी र मनोरञ्जनमा समेत गाँजाको नियन्त्रित उत्पादन, प्रशोधन र व्यापार खुल्ला गरियो । गाँजा संसारभर कानुनी र गैर-कानुनी रूपमा उल्लेखनीय आम्दानी हुने व्यवसायमा स्थापित भयो । अहिले अमेरिकाले समेत क्यानडाकै बाटो पछ्याइरहेको छ ।

विश्व स्वास्थ्य सङ्गठनका विशेषज्ञ सल्लाहकार प्राध्यापक बेन हलले उतिबेलै भनेका थिए- गाँजामा हुने टीएचसीको अनुमानित प्राणघातक मात्रा १५ देखि ७० ग्रामको बीचमा पर्दछ । ग्राममा पिइने गाँजाले मिलीग्रामको मात्रामा मात्र टीएचसी शरीरमा उपलब्ध गराउने गर्दछ । तसर्थ अत्यन्त धेरै गाँजा पिउने अम्मलीले समेत एक दिनमा १५ देखि ७० ग्राम टीएचसी पुग्ने गरी गाँजाको धूमपान गर्न लगभग सम्भव हुँदैन । त्यसैले त संसारमा गाँजा सेवन गरेकै वा गाँजाको ओभरडोजबाट कुनै व्यक्तिको मृत्यु भएको भन्ने प्रमाणित घटना देखिँदैनन् ।

जब हामीलाई ठेस लाग्छ र हामी 'ऐया' भन्छौं, त्यतिबेला हामीलाई दुःख लाग्छ । आँसु नै आउँछ सक्छ । तर केही क्षणमै शरीरले त्यसको आफैँ उपचार गर्छ । हाम्रो दर्द हराउँछ । अनि फेरि आराम हुन थाल्छ । हामी आफैँ हिँड्न थाल्छौं । यो कसरी हुन्छ ? हाम्रो शरीरमा इन्डोक्यानाबिनोइड भनिने एक प्राकृतिक रसायनहरूको समूह हुन्छ, जसले यो सब काम गर्छ । इन्डोक्यानाबिनोइड नै हाम्रो शरीरमा हुने

एउटा यस्तो प्रणाली हो, जसले हाम्रो शरीरमा कुनै चोट लाग्दा वा दुःख आइपर्दा दुःखेको सूचना दिन्छ, निको पार्छ र निको भएपछि आराम महसुस गराउँछ। किनभने इन्डोक्यानाबिनोइड लगायतका सम्पूर्ण पदार्थ हाम्रो शरीरले आफैँ बनाउँछ।

गाँजामा हुने सारतत्व पनि यही इन्डोक्यानाबिनोइड भनिने प्राकृतिक रसायनहरूको समूह नै हो। शरीरको अक्षमता वा न्यून उत्पादनमा गाँजाको आनन्दमाइड र केनेबिनोइडमार्फत हामी ती तत्वहरू उपलब्ध गराउन सक्छौं। हामी आफ्नो मनोवैज्ञानिक दक्षता कायम गर्नसमेत ती तत्वहरूको सहायता लिन सक्छौं। तर त्यसका लागि गाँजाको नियन्त्रित र अनुशासित उपयोग भने जरुरी हुन्छ। आवश्यकभन्दा धेरै खाइयो भने गाँजामा हुने टीएचसीले हामीलाई अवश्य नै हानि गर्नेछ। औषधी मात्र होइन अक्सिजन, पानी वा खाना नै किन नहोस् निश्चित मात्राको सीमा नाघेर हसुरियो भने त्यसको नकारात्मक असर परिनै हाल्छ। गाँजा सेवन गर्दा त्यसले हाम्रो शरीरभित्रको एक समूहका मेटाबोलाइटहरूको कार्यमा प्रभाव पार्ने वा त्यसका गतिविधिलाई उत्प्रेरित गर्छ, जुन शरीरको अत्यन्तै महत्वपूर्ण इन्डोक्यानाबिनोइड प्रणालीको सञ्चालनसँग सम्बन्धित छ। यी वैज्ञानिक तथ्यहरू सार्वजनिक भएसँगै गाँजालाई गैर-अपराधीकरण गर्ने अभियानमा संसार अघि बढिरहेको छ।

नयाँ वैज्ञानिक तथ्यहरूका अनुसार हामीले पिउने कफीले रगतमा हुने १ सय १५ फरक-फरक प्रकृतिका मेटाबोलाइट्को गतिविधिमा प्रभाव जमाएर परिवर्तन गर्न भूमिका खेलिदिने प्रमाणित भएको छ। हालसम्म प्रमाणित १ सय १५ मध्ये ८२ मेटाबोलाइट्स मात्र पहिचान भएको छ। साथै तिनीहरूले शरीरमा गर्ने ३४ विभिन्न जैविक प्रक्रियामा भूमिका

खेलेको बुझ्न सकिएको छ । तर तिनको पूर्ण चित्र प्रस्ट हुन निकै समय लाग्ने देखिन्छ । बाँकी ३३ मेटाबोलाइट्सको नाम तय गर्न र तिनको शरीरमा हुने भूमिका बुझ्न बाँकी नै छ ।

१२ फेब्रुअरी २०१८ को जनरल अफ जेनेरल मेडिसिनमा प्रकाशित रिसर्च पेपरमा उल्लेख भए अनुसार मानिसको इन्डोक्यानाबिनोइड प्रणालीको इन्डोक्यानाबिनोइड रिसेप्टर मस्तिष्क प्रणाली, प्रतिरक्षा प्रणाली र इन्डोक्राइन प्रणालीमा प्रचुर मात्रामा जतातत‌ै रहने गर्छ । इन्डोक्यानाबिनोइड रिसेप्टरले शरीरले निर्माण गरेको इन्डोक्यानाबिनोइड र बाहिरबाट प्राप्त आनन्दमाइड समेतको क्यानाबिनोइडको सहायतामा मानिसलाई दर्द हुँदा, दुख लाग्दा वा चोट लाग्दा त्यसको स्वउपचारमार्फत आनन्दको अनुभूति दिलाउने गरेको हुन्छ ।

यदि हामीमध्ये कसैको दैनिक ४ देखि ८ कप कफी पिउने बानी छ भने हाम्रो शरीरमा हुने क्याफिनले इन्डोक्यानाबिनोइड, क्यानाबिनोइड र आनन्दमाइड जस्ता रसायनहरूको गतिविधिलाई शरीरभित्र दबाएर इन्डोक्यानाबिनोइड रिसेप्टरमा जोडिनबाट अवरोध पैदा गरिदिन्छ । यसले गर्दा हामी कम आनन्द महसुस गर्न पाउँछौं । हाम्रो मनोविज्ञान अधिक सतर्क, निद्राविहीन र बेचैन हालतमा धकेलिन्छ ।

क्याफिनले मस्तिष्कको एडेनोसिन रिसेप्टर्सलाई समेत प्रभावित पार्छ र न्युरोनहरूको सक्रियता बढाएर तपाईंलाई अत्यधिक सचेत बनाइदिन्छ । यो प्रकारको तनावमा रमाउने बानी परेको मानिसलाई निरन्तर त्यस्तै बानी खोज्ने लत बस्छ । फलतः हामी पटक-पटक कफी पिउने सौखिन बन्न पुग्छौं । धेरै कफी पिउने बानीले रगतमा कैफिनको मात्रा ३ हजार २०० मिलिग्रामदेखि १० हजार मिलिग्रामसम्म पुग्यो भने

मानिसको मृत्यु हुनेसम्मको जोखिम रहन्छ । आजसम्मको वैज्ञानिक खोज र अनुसन्धानहरूको निष्कर्ष के भने कफीको क्याफिन र गाँजाको टीएचसी दुवै मानिसमा मनोवैज्ञानिक प्रभाव पार्ने वा मानिसको मुडमा फरकपन झोसिदिने (साइकोएक्टिभ) तत्व हुन् ।

गाँजाबारे संसारमा २० हजारभन्दा धेरै अनुसन्धान भैसकेका छन् । गाँजा सेवनबाट मानिसको स्वास्थ्य, मनोदशा, अनुभूति र व्यवहार कसरी परिवर्तन हुन्छ भन्नेबारे जति गहिरो अध्ययन भएका छन्, त्यसको एकछेउ पनि कफीबारे अध्ययन भएको छैन । गाँजाले मानिसमा छोटो समयको मनोवैज्ञानिक लत बसाल्ने गर्छ । तर कफीले यसलाई पिउन छोड्ने क्रममा भौतिक प्रकृतिको उइदड्रल सिनड्रोम जस्तै पखाला, चक्कर लाग्ने, दृष्टि धमिलो हुने, मुटुको धड्कन बढाउने, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, कोपर्ने, चिन्तित बनाउने, अस्थिर बनाउने, निन्द्रा हराउने र चिड्चिड़ापन बढ्ने जस्ता लक्षण देखाउँछ । त्यसैले गाँजाको भन्दा कफीको लत छुटाउन बढी गाह्रो हुने गरेको छ ।

गाँजाको धूमपानभन्दा चिया-कफीको विकल्पको पेय, खाद्यका रूपमा बटरको सट्टा पिनट बटर खाइने जस्तै क्यान-बटर र अन्य पदार्थमा हालेर खाने उपाय शरीरलाई कम हानिकारक छ । गाँजाले ढिलो ट्रिप दिने हुँदा खाना सँगै खाँदा सुरक्षित मात्रा ननाघोस् भनी ख्याल गर्नुपर्छ । कफी र गाँजाको शरीरमा फरक भूमिका हुने हुँदा मिसाएर खानु राम्रो मानिँदैन । कफी र गाँजाको तुलनामा निकै हानिकारक रक्सीमा गाँजा मिसाएर खानु त झनै जोखिमपूर्ण हो । धूमपानभन्दा खाद्य पेयका रूपमा गाँजाको अनुशासित र सुरक्षित मात्राको सेवन मानव स्वास्थ्यका लागि उपयुक्त रहेको आजसम्मको वैज्ञानिक अनुसन्धानहरूको निष्कर्ष छ ।

# भाङ

## अद्भुत पोषण र औषधिको स्रोत

हेम्पलाई भाङ होला भन्ने सामान्य अनुमान गरिए तापनि संस्कृतमा गाँजालाई दिइएको झन्डै ५० नाममा भाङ पनि एक हो । गाँजा र भाङको तुलना गर्दा सामान्यतया गाँजामा मानिसलाई लाग्ने लट्ठ्याउने वा हेलोसिनेसन गर्ने सारतत्व टीएचसीको मात्रा धेरै हुन्छ । भाङका बीउहरू अथवा गेडाहरू त्यसमा विशेष गरी हेम्पको गेडाहरू संसारमा मध्यमस्तरमा खपत हुने गर्छन् । खानाका लागि प्रयोग हुने भाङका गेडाहरू पछिल्लो समयमा उत्कृष्ट स्वास्थ्यलाभ दिने औषधीय खाना अथवा हिलिङ्ग फुड रहेको प्रमाणित भएको छ ।

भाङको दानामा अद्भुत पोषण र औषधीय मूल्यका सारतत्वहरू पाइन्छन् । यसमा पाइने औषधीय मूल्यका तत्वहरूमा भिटामिन ए, बी, डी र ई मुख्य मानिन्छन् । यसका अतिरिक्त औषधीय मूल्य र ओजस्वी तत्वहरूमा शक्तिशाली एन्टिअक्सिडेन्टहरू र कलेजोले बनाउने इन्जाइमहरूको प्रिकर्सर वा उक्त तत्व बनाउने क्षमता यसमा छ । हेम्प प्रजातिको भाङको गेडा सबैभन्दा उत्कृष्ट औषधीय र ओजस्वी मूल्यका सारतत्वहरूको स्रोत हो । भाँगका बीजहरू म्याग्नेसियम, जिङ्क र फलामको राम्रो स्रोतका रूपमा समेत चिनिन्छन् । म्याग्नेसियम आफैँमा प्राकृतिक तनाव नियन्त्रक रहेकाले यसले चिन्ता र डिप्रेसनविरुद्ध लड्न न्युरोनलाई मद्दत गर्दछ । जिङ्कले शरीरलाई दुःख दिने स्वतन्त्र रेडिकल आयोन र ज्यान दुख्ने, पोल्नेविरुद्ध आफैँले आफ्नै औषधि गर्ने शरीरको क्षमता बढाउँछ । फलामले आफैं प्राकृतिक रूपमा शरीरलाई स्वस्थ अक्सिजन उत्पादन गर्ने क्रममा र रगतमा अक्सिजन घुलन गराउन सहयोग पुऱ्याउँछ ।

भाङको गेडाको पौष्टिक तत्व यसको खेती भएको ठाउँअनुसार फरक-फरक हुने गर्छ । ३ देखि ५ एफएम मोटो हुने बाहिरी भुससहितको

हेम्पको गेडामा औसत ३१% तेल, २५% प्रोटिन, ३३% फाइबर, ५% खरानी र ६% पानी भेटिन्छ । बोक्रा फालेको गेडामा भने औसत ४७% तेल, ३७% प्रोटिन, ७% फाइबर, ७% खरानी र २% पानी हुन्छ । पौष्टिक तत्वको हिसाबमा भाङको गेडालाई उच्च मात्रामा बिरुवामा आधारित प्रोटिन दिने खुराक मानिन्छ । भेगन र शाकाहारीहरूका लागि यो एक प्राकृतिक प्रोटिन पूरकका रूपमा संसारभर चर्चित छ । गेडाको तेल निकालेपछि प्रोटिन बजारमा जाने हुँदा हाल धेरै मांसाहारीहरूले समेत हेम्पको प्रोटिनलाई कम चिल्लो र कम कार्बोहाइड्रेट प्राप्त हुने प्रोटिनको विकल्पको स्रोतका रूपमा खाने गर्छन् ।

वनस्पति प्रोटिनहरू सामान्यतः अघुलनशील हुने गर्छन् । त्यसविपरीत भाङका गेडाहरूबाट निकालिने प्रोटिनका कन्सनट्रेटहरू पीएच ४.० देखि ६.० मा ७० प्रतिशतभन्दा धेरै घुलनशीलता भएको भेटिएबाट यो प्रोटिनलाई शरीरले सजिलै पचाउन सक्ने प्रमाणित भएको छ । हेम्प प्रोटिनमा मानिसको शरीरले आफैँ शरीरभित्र उत्पन्न गर्न नसक्ने मानिसलाई नभई नहुने सबै नौ प्रकारकै एसेन्सियल एमिनो एसिडहरू पाइन्छ । हेम्प प्रोटिनमा अर्जिनिन र ग्लुटामिक एसिड धेरै मात्रामा पाइन्छ । साथै यसमा मध्यम मात्रामा सल्फर पाइने एमिनो एसिडहरूसमेत पाइने हुँदा शरीरका लागि अमृत समान मानिएको हो ।

अर्जिनिन एमिनो एसिडले शरीरभित्र नाइट्रिक अक्साइड उत्पन्न गर्छ, जुन हाम्रो शरीरले आफैँ उत्पादन गर्न सक्दैन । अर्जिनिनद्वारा उत्पादित नाइट्रिक अक्साइडले रक्त प्रवाह गर्ने नसा फुलाउन र रक्तचाप घटाउने काम गर्छ । रक्तचापको स्वस्थ नियन्त्रण गरी हृदयाघात (हार्ट-अटेक) को जोखिम रोक्न सहयोगी हुन्छ । अर्जिनिनले नसाभित्र रगत जम्न रोक्ने र हृदयाघात पछाडिको समयमा छिटो निको गराउने गर्दछ ।

अर्जिनिनले शरीरमा एमोनिया डिटोक्सिफिकेसन गर्ने हुँदा यो बाथ रोगमा फाइदाजनक हुने गर्छ। अर्जिनिनले गर्भको बच्चाको वृद्धिमा, मधुमेहमा रगतको इन्सुलिनको प्रतिरोध घटाउन मद्दत गरेको भेटिन्छ। ग्लुटामिक एसिडले दिमागमा न्युरो ट्रान्स-मिसन वृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ। अर्जिनिन एमिनो एसिडको डर्मेटाइटिस र एक्जिमा जस्ता छालाका विभिन्न रोगहरूविरुद्ध लड्न पनि जरुरत पर्दछ।

शरीरलाई आफ्नो स्व-हिलिङ्ग क्षमतामा वृद्धि गर्न चाहिने एन्टिअक्सिडन्टहरू जस्तै ग्लुटाथियोन र एन-एसिटिल सिस्टिन आफैँले निर्माण गर्न शरीरलाई सल्फर हुने एमिनो एसिडहरू अनिवार्य हुन्छ। यसका अलावा सल्फरयुक्त एमिनो एसिडहरू आफैँ शरीरका प्रभावकारी र सुरक्षित डिटोक्सिफाइंग एजेन्टहरू हुन्। शरीरमा विषाक्त धातुको असर हुँदा र रेडिकल आयोनहरूले हानि पुऱ्याउने अवस्थाविरुद्ध लड्नसमेत सल्फर हुने एमिनो एसिडहरूको प्रभावकारी भूमिका रहने गर्दछ।

भाङको तेलमा झन्डै ९०% नै असन्तृप्त फ्याट्टी एसिडहरू हुन्छन्। अन्य बिरुवाको स्रोतबाट प्राप्त हुने तेलको तुलनामा भाङको तेलमा अधिक अनुपात पोली-अनस्याचुरेटेड फ्याट्टी एसिड रहेकाले अत्यन्त स्वस्थबर्द्धक हुने गर्छ। लिनोलिक एसिड, अल्फा-लिनोलेनिक एसिड, ओलिक एसिड आदि अधिक हुने भाङको तेल हृदय रोग, मोटोपन, मधुमेह आदिमा औषधी हुने गरेको छ। यसले शरीर दुख्न तथा सुन्निनबाट रोक्नसमेत ठूलो भूमिका खेल्छ। किनकि यो तेलमा शरीरले आफैँ आफ्नो दर्द निको पार्न शरीरभित्र बनाउने एइकोसानोइड्स नामक दर्द नाशक बनाउने प्रिकरसर वाई-लिनोलेनिक एसिड वा जीएलए हुने गर्छ।

भाङका गेडामा हुने अति महत्वपूर्ण फ्याट्टी एसिडहरू ओमेगा-६ र ओमेगा-३ हुन् । ओमेगा-६ र ओमेगा-३ फ्याट्टी एसिडहरू मुटु र मस्तिष्क स्वास्थ्य राख्नका लागि अनिवार्य रहेको प्रमाणित भएको छ । त्योबाहेक ओमेगा फ्याट्टी एसिडहरू एडीएचडीको प्रबन्ध गर्न, शरीरमा उच्च कोलेस्ट्रोल हुँदा त्योविरुद्ध लड्न, बाथ रोगमा, सुन्नेको दुखेको घटाउनसमेत सहयोगी हुने प्रमाणित भएको छ । ओमेगा एसिडहरू आफैँ शरीरभित्र गुणस्तरीय प्रोटिनहरू उत्पादनमा मद्दत पुऱ्याउँछन् । भाङका दाना माछा नखाने वा माछाको एलर्जी हुनेहरूका लागि अत्यन्त राम्रो ओमेगा एसिडहरू प्राप्त गर्ने खाना हो ।

यसो भन्दै गर्दा हेम्प ओइल र सीबीडी ओइल फरक-फरक कुरा भएको बुझ्न जरुरी छ । सामान्य रूपमा बताउँदा क्यानाबिस स्याटिभा जातको भाङको बिरुवालाई हेम्प भनिन्छ । हेम्पको डाँठ, पात र फूलहरूबाट निकालिएको तेल सीबीडी तेल हो । हेम्पको गेडाबाट निकालिएको तेललाई भने हेम्पको तेल वा भाङको गेडाको तेल अथवा हेम्प ओइल भनिएको हो ।

हेम्प ओइल निकाल्न हेम्पका गेडालाई तोरी पेलेजस्तो पेलेर तेललाई कसैले सिधै प्याकेजिङ्ग गर्छन् भने कसैले उक्त तेललाई थप प्रशोधन गरेर प्याकेजिङ्ग गर्छन् । सीबीडी तेल निकाल्न कार्बनडाइअक्साइड वा इथानोल वा ओलिव/जैतुनको तेल आदि प्रयोग गरी विभिन्न आधुनिक सोल्भेन्ट एक्सट्र्याक्सन विधिहरू प्रयोग गरिन्छ । सोल्भेन्ट एक्सट्र्याक्सन प्रविधिमा हालसम्म सबैभन्दा उत्तम कार्बनडाइअक्साइड सुपर क्रिटिकल एक्सट्र्याक्सन रहेको ठानिन्छ ।

भाङका गेडाहरू भुटेपछि कुरुमकुरुम गर्ने बन्छन् । बेग्लै स्वाद र वासना आउँछ । राम्ररी भुटिएको भाङको गेडा बाहिरको बोक्रा नफाली खान सकिन्छ । भुट्दा त्यसमा रहन सक्ने हानिकारक जीवाणुसमेत नष्ट हुन्छ । भाङका गेडा आफैँ सुपर फुड हुने भएकाले प्रतिदिन ३० ग्रामभन्दा धेरै नखान सल्लाह दिइन्छ । आफ्नो खाने बानीअनुरूप शरीरलाई अभ्यस्त बनाउन र यसको पूर्ण फाइदा उठाउन दैनिक सुरुमा १५ ग्राम वा सोभन्दा कमबाट सुरु गरी २-४ हप्तामा दैनिक बढीमा ३० ग्रामसम्म भुटेको भाङका गेडा खान सकिन्छ ।

नेपालमा भने भाङको गेडा अचार बनाएर खाने चलन छ । विदेशतिर बोक्रा फाली टोस्ट गरी वा भुटेर टुक्र्याई पाउडर बनाएको हेम्प सिड प्रायः जुस, आइसक्रिम, विभिन्न खानाका टपिङ्ग, सुप, तरकारी आदिमा मिसाएर खाने गरिन्छ । भुटेको भाङको दानालाई टमाटर, टिमुर, नुन वा इच्छा अनुसार जे उपलब्ध छ, त्यो मिलाएर सिलौटोमा पिसेर चटनी बनाएर खानासँग खाने गरिन्छ । भाङको दाना भुटेर सुक्खा छोप बनाएर खाने प्रचलन पनि छ । भाङ खाने यी पछिल्ला तरिका अझ वैज्ञानिक र आयुर्वेदिक दृष्टिमा समेत उत्कृष्ट छन् ।

# गाँजा र यौन

वैदिक अवधारणा अनुसार खानाको पाचन प्रक्रियामार्फत खानाको रस तत्वबाट रगत बन्छ । रगतबाट मासु (तन्तु, हड्डी र कार्टिलेज), मासुबाट बोसो, बोसोबाट हड्डीको मासी बन्छ । हड्डीको मासीले वीर्य निर्माण गर्छ । वीर्य तत्वले भौतिक शरीर, मुटु र बुद्धिको पोषण गर्दछ । भौतिक शरीर मात्र उपयोग गर्ने मानिसको बुद्धि र हृदय अविकसित रहन्छ । मन र हृदयको शुद्धताको चक्र पूरा हुन सक्दैन । शरीरको सम्पूर्ण ऊर्जाको सार वीर्य तत्व मुटु र दिमागसँग सम्बन्धित रहन्छ । यसले आन्तरिक रूपमा इन्डोकेनेबिनोइड सिस्टम लगायत मानसिक, मनोवैज्ञानिक र आध्यात्मिक स्वस्थ सुदृढ गर्न र बाह्य रूपमा शुक्रकीट र शुक्रकीटको सहयोगी वीर्यका रूपमा जीवन्त शक्ति निर्माणमा भूमिका खेल्दछ ।

बाह्य प्रयोजन (यौनजन्य क्रियाकलाप) का लागि उत्पादन भएको तर उपयोग नगरिएको झन्डै ९०% शुक्रकीट र शुक्रकीटको सहयोगी वीर्यलाई शरीरले विखण्डन गरी फेरि शरीरभित्र नै सोसी अङ्गहरूको मर्मत सम्हार, पुनर्ताजकीकरण र हिलिङ्ग शक्तिमा उपयोगमा ल्याउने गर्छ ।

संस्कृतमा बाजीको अर्थ घोडा हो । यौनशक्ति र यौन तागत प्रदर्शन गर्ने क्षमताको सन्दर्भमा एक मस्त घोडाको जस्तै यौन जोस र तागत निर्माण गर्नुलाई बाजीकरण भन्ने गरिन्छ । वैदिक अवधारणामा बाजीकरण विधिमार्फत लक्षित व्यक्तिको सम्भावित यौन क्षमता र तागत सम्पूर्ण रूपमा सक्रिय गर्न प्रयास गरिन्छ । वेदान्तमा मानव यौनशक्ति घोडाको जस्तै बनाउने भन्नुको पछाडि गहिरो वैज्ञानिक कारण देखिन्छ ।

एक वयस्क मानिसको अण्डकोषले प्रतिसेकेन्ड १ हजार ५ सयजति शुक्रकीट बनाउँछ। सक्रिय यौनकालमा कुनै मानिसको दिनमा १ देखि ५ पटकसम्म वीर्य स्खलन सामान्य हुन सक्छ। हरेक पटक २ देखि ५ एमएल वीर्य निक्लने मानिसको प्रतिएमएल वीर्यमा २ करोडदेखि ३० करोड शुक्रकीट रहने गर्दछ। एक वयस्क घोडाको अण्डकोषले प्रतिसेकेन्ड ५२ हजारजति शुक्रकीट बनाउँछ। सामान्य रूपमै हरेक २ घण्टामा स्खलित हुन सक्ने एक वयस्क घोडाले दिनमा १ देखि ५ पटकसम्म वीर्य स्खलन गर्दा एक पटकमा २० देखि ८० एमएल वीर्य निकाल्ने हो भने उसको प्रतिएमएल वीर्यमा ८ अर्ब ४० करोडदेखि ६० अर्ब ८० करोड शुक्रकीट रहने गर्दछ। घोडा यौनशक्तिमा उत्कृष्ट देखिएकाले वेदान्तमा उत्कृष्ट यौनशक्तिको क्षमता निर्माण जनाउन बाजीकरण शब्द प्रयोग भएको छ।

बाजीकरण विधिमार्फत जुन हदमा लक्षित व्यक्तिको यौन क्षमता र तागत सक्रिय गर्न सकिन्छ, त्यो हदको प्रभावकारिताको एक चौथाइसमेत आजको औषधि विज्ञानले विकास गरेको भियाग्रा लगायतका टनिकहरूले दिन सकिरहेका छैनन्। यस्तो अवस्थामा आज फेरि संसारको ध्यान परम्परागत बाजीकरण विधितर्फ फर्किरहेको छ। बाजीकरण विधिमा जडिबुटीहरूबाट प्राप्त हुने सोमरसरूपी सारतत्व निर्माणमा गाँजामा हुने १०० भन्दा बढी औषधीय क्यानाबिनोइडहरूको समेत उच्च भूमिका हुने वैदिककालमै पहिचान भएकाले निकै धेरै मानिसमा गाँजाको औषधीय र तागत प्रदायक गुणले ध्यान खिच्न सकेको हो।

बाजीकरण आज किन पनि महत्वपूर्ण बनेको छ भने सन् १९७३ ताका सामान्य मानिसमा प्रतिएमएल वीर्यमा औसत ९ करोड ९० लाख शुक्राणु

रहने गरेकोमा सन् २०११ सम्म आइपुग्दा यो प्रतिएमएल ४ करोड ७० लाखमा झरेको भेटिएको थियो । मानिसको प्रतिएमएल वीर्यमा १ करोड ५० लाखभन्दा पनि तल शुक्राणु झर्ने अवस्था नआउँदासम्म त्यस्तो पुरुष गर्भधारण गराउन पूर्ण सक्षम रहनेछ । हरेक ४० वर्षमा प्रतिएमएल वीर्य आधा घट्दै गएको दर हेर्दा अबको ७० वर्षसम्म मानव गर्भधारण चिन्ताजनक बन्ने देखिँदैन । तर त्यसपछि ?

खाद्य सुरक्षाको प्रिजर्भेटिवका रूपमा विषालु पदार्थ राखिने, उच्च प्रशोधित खाना खान रमाउने र विषाक्त औद्योगिक रसायनका कारण बिग्रिएको वातावरणमा जीवनयापन गर्ने मानिसको वीर्यमा शुक्रकीटको संख्या उल्लेखनीय रूपमा घट्ने गरेको देखिएकाले खानपान र जीवनशैली नसुधार्ने हो भने मानव जाति नपुङ्सकताको सिकार हुन धेरै समय कुर्नुपर्ने देखिन्न । त्यसको विकल्प वैदिक खानपान र दिनचर्यामा नगई धरै नहुने धेरैको यकिन छ ।

व्यक्तिका रूपमा हामी को हौं भन्ने कुरा हामीले खाने खाना, भोगाइले विकास गरेको मान्यता र हाम्रो दिमागमा फुर्ने विभिन्न विचारहरूको संयोजनमा निर्भर गर्छ । पाचन प्रक्रियाका विभिन्न चरणहरूमा शरीरले बाहिरी स्रोतबाट प्राप्त खाना र सूचना दुवै उपयोग गर्दै खानाबाट निस्केका सारतत्वहरूबाटै आवश्यकताअनुरूपका भिन्नभिन्न सारतत्व वा रसहरू निर्माण गर्ने गर्छ । यसलाई नै रसायन भन्ने गरिन्छ ।

वैदिक पद्धतिमा खानालाई औषधीय बनाएर मानव औरा, जीवन्त शक्ति र यौनशक्तिका सबै कारकहरूको व्यवस्थापन हुन्छ । उक्त व्यवस्थापनबाटै घोडाको जस्तो यौनशक्तिको सम्पूर्ण सम्भावनाको निर्माण तथा पुनःस्थापना गरी व्यवस्थित गर्न बाजीकरण रसायनहरूको

उपयोग गरिन्छ । यथार्थमा बाजीकरण विधि औषधीय र तागतवर्धक जडिबुटीलगायत खाद्य पदार्थहरू शरीरलाई उपलब्ध गराएर नै त्यसबाट सारतत्व निकाल्न लगाएर उपयोग गर्न सक्षम बनाउन सघाउने विधि हो ।

बाजीकरण विधिमा पहिलो र दोस्रो पार्वती मुद्राको तथा तेस्रो शिव मुद्राको समग्र उपचारात्मक चरणहरू अन्योन्याश्रित रूपमा सञ्चालन गरिन्छ । जसअन्तर्गत पहिले शरीरको बिग्रिएको स्वास्थ्य अवस्था सुधार गरिन्छ । मूलतः बिग्रिएको स्वास्थ्यको पुनर्ताजकीकरणमार्फत पुनःस्थापनामा विशेष ध्यान पुऱ्याइन्छ । दोस्रोमा यौन गतिविधि सहज, भयरहित तथा पूर्ण सहभागितामूलक बनाउने गृहकार्य हुन्छ । तेस्रोमा स्त्री-पुरुष दुवैको यौन क्षमताको प्रभावकारिता बढाएर यौनिक रूपमा बैंसालु र पूर्ण उत्पादनशील पार्ने प्रयासहरू अवलम्बन गरिन्छ ।

शरीरको स्वास्थ्य सुधारअन्तर्गत आफ्नो स्वास्थ्य, वीर्य वा डिम्बको जीवन्त शक्ति अभिवृद्धि गर्न सघाउने सारतत्व प्रदायक औषधीय गुणको जडिबुटी तथा खाना खान दिइन्छ । तन्तु, बोसो, हड्डी आदि सुदृढ गराई शरीरको मांसपेशी बलिष्ठ पार्ने जीवनशैली र पोषणको उपाय सुझाइन्छ । शारीरिक तथा मनोवैज्ञानिक स्वास्थ्य अभिवृद्धि गर्ने जडिबुटी तथा खाना र जीवनशैली अवलम्बन गरिन्छ । शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउने पेय, खाना र जीवनशैली अपनाइन्छ । शक्तिवर्धक, यौन दक्षता तथा तागतवर्धक पौष्टिक खानपानमा ध्यान दिइन्छ ।

यौन गतिविधिहरूलाई सहज पार्ने उपायअन्तर्गत यौनकार्य र स्खलनमा रहेका समस्यामा निवारण खोज्न मद्दत गरिन्छ । जस्तै सुक्खापन, दुख्ने,

पोल्ने आदि समस्या निवारण गरिन्छ । यौन इच्छा जगाउने विधि र खुराकको व्यवस्था गरिन्छ । यौन अङ्गको उत्तेजनात्मक क्षमतामा ह्रास (इरेक्टाइल डिसफङ्सन), रस निर्माण नहुने, सक्रिय नबन्ने, काम वासना नजाग्ने समस्या समाधान गरिन्छ । सम्भोगका बेला देखिने थकावट, चिडचिडेपन, अनिच्छा, दिक्दारी र झिँजोपन आदि हटाउने उपाय खोजिन्छ । शीघ्र स्खलन रोक्ने क्षमता वृद्धि गर्नुका साथै एकै सहवासमा छोटो समयको अन्तरालमा एकभन्दा धरै पटक स्खलन हुने क्षमता विकास गराइन्छ ।

यौन क्षमताको प्रभावकारिता बढाएर यौनिक रूपमा आफूलाई पूर्ण उत्पादनशील पार्ने विधिअन्तर्गत गर्भधारण प्रक्रिया सबल र सुदृढ पार्ने कार्यहरू गरिन्छ । जस्तै : गर्भ रहने समय छोपी सम्भोग गर्नेबारे सिकाइन्छ । पुरुष अण्डकोषलाई शुद्धीकरण गर्दै धेरै मात्रामा उच्च गुणस्तरको वीर्य एवं शुक्राणु उत्पन्न गर्न सहयोग गरिन्छ । योनि रस र वीर्यको मिश्रण हुँदा वीर्यलाई सकारात्मक वातावरण पैदा हुने स्थिति बनाउनेदेखि लिएर वीर्यको पुच्छर तागतिलो बनाई गतिशीलता तीव्र पार्ने, यौन अङ्गका तन्तुहरू सबल पारी यौन कार्य हुँदा सक्रिय, प्रजनन मैत्री र जीवन्त बनाउनेसम्मका प्रक्रियाहरू यसअन्तर्गत हुन्छन् ।

आज यौनशक्तिमा ह्रास तथा यौन समस्या लिएर चिकित्सककहाँ धाउने व्यक्ति वा दम्पतीको संख्या दिनहुँ बढ्दो छ । यौन समस्याग्रस्त बिरामीका समस्याको समाधान खोज्ने क्रममा स्ट्यानफोर्ड युनिभर्सिटीले अमेरिकी सरकारले गरेको पारिवारिक वृद्धि सम्बन्धको राष्ट्रिय सर्वेक्षण तथ्याङ्कको विश्लेषण गर्दैगर्दा एक आश्चर्यजनक तथ्य सार्वजनिक गरेको छ । जो मानिसहरू गाँजा सेवन गर्ने गर्थे, उनीहरूमा यौनशक्ति र सन्तुष्टिको हद तुलनात्मक रूपमा ज्यादा रहने गरेको पाइयो । यो

तथ्यलाई यस्तै प्रकृतिका अन्य अनुसन्धानको आधिकारिक नतिजाले समेत पुष्टि गरेको छ । उक्त अनुसन्धानभन्दा पहिले नै साइकोलोजी टुडेले गरेको अनुसन्धानले यौनक्रिया गर्नुपूर्व गरिने गाँजाको धूमपानले अधिक संख्याका मानिसहरूमा आनन्दको हद वृद्धि गर्न मद्दत गरेको नतिजा सार्वजनिक गरेको थियो । केही थोरै मानिसमा भने गाँजाको धूमपानले कामेच्छा घटाएर निद्रा लगाएको पाइएको थियो ।

अमेरिकी सरकारले गरेको पारिवारिक वृद्धिसम्बन्धी राष्ट्रिय सर्वेक्षणको तथ्याङ्क विश्लेषण गरी सन् २०१७ मा जर्नल अफ सेक्सुअल मेडिसिनले लेखे अनुसार उमेर पुगेका २८ हजार महिला र २३ हजार पुरुषहरूमा गरिएको अनुसन्धानबाट सर्वेक्षण गरिएको मितिको अघिल्लो चार हप्तामा दैनिक गाँजा सेवन गर्ने युवतीहरूले उनीहरू औसत ७.१ पटक यौन कार्यमा समावेश भएको बताए । जबकि कहिल्यै गाँजा सेवन नगर्ने युवतीहरूले उक्त समयमा औसत ६ पटक मात्र सम्भोग गरेको बताए । दैनिक गाँजा सेवन गर्ने पुरुषहरूले उक्त समयमा औसत ६.९ पटक सम्भोगरत रहेको बताए भने कहिल्यै गाँजा सेवन नगर्ने पुरुषहरूले औसत ५.६ पटक मात्र यौन कार्यमा संलग्न भएको जनाएका थिए ।

२०१९ मा ३ सय ७३ युवतीमा गरिएको सर्वेक्षणमा सम्भोग पहिले गाँजा सेवन गर्ने १ सय २७ युवतीले सम्भोगको क्रममा धेरै स्खलित र आनन्दित महसुस गरेको बताए । उक्त सर्वेक्षणको निष्कर्षमा सम्भोग पहिले गाँजा सेवन गरी सम्भोग गर्ने युवतीमा २.१३ गुणा ज्यादा स्खलित र आनन्दित सम्भोगको महसुस भएको पाइयो भने धूमपान वा खानामा राखेर दैनिक गाँजा सेवन गर्ने युवतीले २.१० गुणा स्खलित र आनन्दित महसुस गर्ने गरेको पाइएको थियो ।

२०२० मा ४ सय ५२ युवतीहरूमा गरिएको सर्वेक्षणमा सहभागी भएका गाँजा सेवन गरी यौनक्रियामा संलग्न हुने युवतीहरूले सम्भोगको समयमा धेरै यौन चाहना विकास भएको, धेरै स्खलित र आनन्दित बनेको बताए । २०१७ मा २ सय ८९ युवतीहरूमा गरिएको अर्को सर्वेक्षणको निष्कर्षले गाँजा सेवन गरी सम्भोग गर्दा बढी आनन्दमा सुधार भएको बताएका थिए । गाँजा सेवनका कारण ६० प्रतिशतले यौन चाहना अधिक बढेकाले आनन्द महसुस भएको बताएका थिए । सम्भोगका बेला योनिमा दर्द भएर यौन जीवन दर्दपूर्ण बनेको बताउने युवतीहरूमध्ये ७७% ले गाँजा सेवन गरी सम्भोग गर्दा दर्द कम भएको वा नभएको जनाएका थिए ।

मुख र्‍यालविहीन भएर सुक्खापनको सिकार हुने समस्यालाई अङ्ग्रेजीमा 'कटन माउथ' भन्ने गरिन्छ । धूमपानले मुखको सुक्खापन बढाउँछ । यथार्थमा गाँजामा हुने लाग्ने तत्व टीएचसीले मुखका र्‍याल पैदा गर्ने ग्रन्थिहरूलाई रोक्ने गर्छ । त्यस्तो समस्यालाई एक गिलास पानी पिएर निवारण गर्न सकिन्छ । मुखमा सुक्खा हुने (कटन माउथ) समस्या जस्तै योनि रसविहीन हुने समस्यालाई 'कटन भजिना' भन्ने गरिन्छ । योनि रसहरूले प्रशस्त लुब्रिकेन्टहरू पैदा गर्न नसक्दा त्यसले समागमका बेला योनिको भित्री भाग पोल्ने समस्या त हुन्छ नै सम्भोगरत जोडीको समागमको अनुभवसमेत निराशाजनक बनाइदिन्छ ।

एस्ट्रोजन एक हर्मोन हो, जसको मात्रा आवश्यकताभन्दा तल झर्दा योनिमा प्रायः सुक्खापन बढेको देखिन्छ । एस्ट्रोजनले योनिका तन्तुहरूलाई लुब्रिकेटेड र स्वस्थ राख्न मद्दत गर्दछ । गाँजामा हुने सीबीडीले एस्ट्रोजिनको तह घट्न नदिने हुँदा कटन भजिनाको समस्यामा गाँजाको सीबीडी उपयोगी हुन्छ । सीबीडीको नियन्त्रित मात्रामा प्रयोग

भई बनेको केही भजाइनल सपोजिटरी योनि सुक्खा हुने अवस्थाको उपचारका लागि हाल बजारमा आएको देखिन्छ। सीबीडीले मानिसको मुडमा परिवर्तन गर्ने भए तापनि यो टीएचसीजस्तो लाग्ने वा नसा दिने पदार्थ होइन। यसले योनिमा हुने दर्दसमेत कम गर्न सघाउँछ। यौन क्रियाकलापमा संलग्न हुँदै गर्दा सेवन गरिने गाँजाले युवायुवती दुवैको मुड र यौन गतिविधिमा सकारात्मक परिवर्तन गरिदिन्छ। तर त्यस्तो परिवर्तनको हद युवायुवतीले सेवन गर्ने गाँजाको मात्रा, जोडीको आपसी मित्रता, उनीहरूको मनस्थिति र यौनक्रियामा सहभागी हुन पाएको वातावरणको सुरक्षित वा असुरक्षित अवस्थाले निर्धारण गर्छ। गाँजाले मानिसमा चिन्ता कम गराउने काम गर्ने भएकाले सम्भोगको समयमा हुने चिन्ताका कारण लिङ्ग उत्तेजित नहुने पुरुषका लागि गाँजाको उचित मात्राको सेवन सहयोगी हुन सक्छ।

अनुसन्धानबाट गाँजामा पाइने टीएचसीले नाइट्रिक अक्साइड पैदा गर्नसँग सम्बन्धित रहेको न्युरोट्रान्समिटरलाई उत्तेजित गरी रगतमा नाइट्रिक अक्साइड स्खलन गराउने यकिन भएको छ। नाइट्रिक अक्साइडले रक्तवाहिकाहरू ठूलो र नरम पार्दछ, जसले गर्दा मानिसले आराम महसुस गर्दछ। रक्तवाहिकाहरूभित्र रगतको सञ्चार वृद्धि गर्दा पुरुषमा उत्तेजना नहुने समस्या (इरेक्टाइल डिसफङ्सन) घटाउने र महिलाको योनिको आनन्दको गाँठो (क्लाइटोरिस) र स्तनको मुन्टामा तीव्र रक्तसञ्चार गरी उत्तेजना (इमोसन) विकास गरिदिन्छ।

टीएचसी र सीबीडी मिश्रित गाँजाले त्यही समयमा स्नायु प्रणालीको योनिको तर्फ खुलेको दर्दको अनुभूति दिलाउने स्नायुलाई दर्द महसुस हुनबाट रोक्दछ, जसले गर्दा दर्दको अनुभूति रोकिने र आनन्दको अनुभूति बढ्ने अवसर मिल्छ। एस्ट्रोजन हर्मोनका कारण युवतीमा एन्जाइटी र

डिप्रेसनजस्तो चिन्ताग्रस्त रहने समस्या घट्छ । गाँजाको केनेबिनोइडले एस्ट्रोजनको मात्रा नियन्त्रण गरी चिन्तित हुन नदिने भूमिका खेल्छ । तर एकदमै सचेत हुनुपर्ने पक्ष के भने गाँजा सेवनले यौन इच्छा बढाउने र अधिक सन्तुष्टि दिने भए तापनि नियमित गाँजा सेवनबाट पुरुषको वीर्यमा शुक्रकिटको संख्या घट्ने र महिलामा गर्भधारण दर कम हुने गरेको पाइएको छ। सिजोफेर्निया भएको बिरामीका लागि गाँजा अत्यन्तै प्रत्युत्पादक सावित भएको छ ।

वैदिक वाङ्मयमा मनोवैज्ञानिक पक्ष र आध्यात्मिकताअन्तर्गत टीएचसीजन्य प्रभावलाई शिव मुद्रा र सीबीडीजन्य प्रभावलाई पार्वती मुद्राको रूपमा लिने गरिएको छ । गाँजाको कुनै निश्चित स्टेन (प्रजाति) अर्काको तुलनामा फरक प्रकृतिको यौन सन्तुष्टि दिलाउन अधिक सहयोगी हुन सक्छ । कुनै खास प्रजातिको गाँजाले अधिक आनन्दित अनुभूतिको सेरेब्रल मुडमा राख्ने गर्दछ भने त्यसलाई शिव मुद्रा भनिन्छ । कुनैले शारीरिक पूर्ण स्खलनको आनन्द दिलाउने फिजिकल सेन्सेसन अभिवृद्धि गर्न रचनात्मक भूमिका खेलिदिने गर्दछ भने त्यसलाई पार्वती मुद्रा भनिन्छ ।

यौन सन्तुष्टिअन्तर्गत फिजिकल सेन्सेसन अभिवृद्धिलाई धेरै महत्व दिने गाँजाका सेवनकर्ताहरू सामान्यतया सेटिभा प्रजातिको गाँजामा धेरै आकर्षित हुन्छन् । इन्डिका प्रजातिमा भन्दा टीएचसीको मात्रा कम हुने सेटिभा प्रजातिले मानिसमा मुड सचेत पार्न, सम्भोगको गति तीव्र पार्न र सम्भोग कार्य सम्पन्न हुँदै गर्दा भौतिक संवेदनाशीलता चरम बनाउन मद्दत गर्दछ ।

कामशास्त्रले सम्भोगलाई उच्च चेतनायुक्त देवत्व अनुभूत गर्ने पवित्र कार्य मानेको छ । किनभने सम्भोगको समयमा सबै इन्द्रियहरूले एकै साथ मिलेर तत्कालीन समयमा घट्दै गरेका गतिविधिहरूबारे समान अनुभूति चेतनाका रूपमा दिमागमा सम्प्रेषण गरिरहेका हुन्छन् । भएका सम्पूर्ण इन्द्रियहरूले समान अनुभूतिको सूचना सम्प्रेषण गरिरहँदा मानव चेतनाले प्राप्त सूचनामा कुनै शङ्का गर्ने वा प्रश्न उब्जाउने स्थिति रहँदैन । प्राप्त सम्पूर्ण सूचना सर्वस्वीकृत हुँदै गर्दा सूचनाको प्रकृतिसमेत अत्यधिक सकारात्मक रहन्छ । फलतः मस्तिष्कले स्वर्गीय आनन्द अनुभूत गर्ने अवसर र समय प्राप्त गर्दछ। त्यस्तो समय अल्पकालीन मोक्ष (ब्लिस) को अनुभूति दिने पार्वती मुद्रा हो ।

वैदिक अभिमत अनुसार हाम्रो शरीर पञ्चतत्वले बनेको हुन्छ। ती पञ्चतत्वबाटै पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राण, मन र बुद्धि मिलेर शरीर रचना भएको हुन्छ । खाना खाने क्रममा आँखाले सौन्दर्य (अग्नि तत्व), जिब्रोले स्वाद (जल तत्व), नाकले वासना (पृथ्वी तत्व) र कानले खानको ध्वन्यात्मकता जस्तै : कुरुङ-कुरुङपन (आकाश तत्व) अनुभूत गरिरहेको हुन्छ । यी पञ्चतत्वको ग्रहणका लागि हाम्रो शरीरमा पाँचै खास-खास अङ्गहरू निर्दिष्ट छन् । सम्भोगका बेला आँखाले सौन्दर्य (अग्नि तत्व), जिब्रोले मन्द स्वाद (जल तत्व), नाकले मन्द वासना (पृथ्वी तत्व), कानले कर्ण प्रिय ध्वनि (आकाश तत्व) र छालाले आनन्दमय स्पर्शको अनुभूति (वायु तत्व) मार्फत भौतिक संवेदनाशीलता ग्रहण गरिरहेका हुन्छन् । सबै पञ्च तत्वहरूको ग्रहण एकैसाथ हुने भएकाले सम्भोगका बेला चरम आनन्द महसुस हुने गर्छ। यस्तो बेला सबै इन्द्रियहरू शारीरिक सुखद संवदेनको उच्च तह (ब्राभो डेल्टा) मा पुग्ने भएकाले चरम सुख सम्भव भएको हो ।

नेपालको रैथाने इन्डिका प्रजातिको गाँजामा धेरै टीएचसीको मात्रा हुने हुँदा यसले अनुभूतिमा रचनात्मकता तथा हेलुसुनेसन अर्थात् अधिक आनन्दित अनुभूतिको सेरेब्रल मुडमा लैजान्छ। यस्तो रचनात्मकताले विभिन्न आसन र प्रक्रियामार्फत सम्भोगका विविध प्रयोग र परीक्षण गर्ने मुड विकास गर्छ। नवीन विचार, शक्ति तथा ऊर्जा उपलब्ध गराउँदछ। आपसी सोख, चाहना, मान्यता र भौतिक अवस्थाअनुकूल कामक्रिडाका तौरतरिका विकास गर्न मद्दत गर्दछ।

गाँजाको केनेबिनोइडले नाकको सिँगान बन्ने नोस्ट्रिनाक नाइट्रिक अक्साइड निर्माण र स्खलनमा सहयोग पुऱ्याउँछ। नाक सफा गर्ने सिलसिलामा कपाल भाँती, अनुलोम विलोम र प्राणायाम गर्दा उक्त नाइट्रिक अक्साइड श्वास हुँदै फोक्सोमा पुग्दछ। यसले फोक्सोको एल्भियोलाई र रगतमा अक्सिजन लिने र कार्बनडाइअक्साइड फाल्ने रक्त वाहिनी सञ्जाललाई फुलाएर अक्सिजनको घुल्ने मात्रा बढाउन र रगतमार्फत धेरै अक्सिजन तन्तु-तन्तुहरूमा पुऱ्याउन सहयोग गर्छ।

ॐ मन्त्रोच्चारणका क्रमममा श्वास नाकबाट तानिने र मुखबाट फालिने हुँदा अधिक नाइट्रिक अक्साइड भित्रिने, केही समय सास रोक्दा कार्बनडाइअक्साइड फाली अक्सिजन घुल्ने र रगतमार्फत शरीरभित्र भित्रिने समय बढ्छ। नाइट्रिक अक्साइडले रगतमा अक्सिजन घुलाउन, शरीरमा सञ्चार गर्न, नसा फुकाउन र कोर्टिसोल उत्पादन घटाई डर नियन्त्रणमा समेत सहयोग गर्छ।

कसैले तपाईंको तारिफ गर्दा तपाईंको मनमा उब्जने 'अहा' को भावना तपाईंको इन्डोकेनेबिनोइड प्रणालीको सन्देशका कारण दिमागले निकाल्ने हर्मोन डोपामिनका कारण हो। श्रीमान्-श्रीमतीबीच एकले

अर्काको इज्जत गर्ने, उसको अस्तित्वको आफ्नो जीवनमा मूल्य देख्ने, माया गर्ने, यौन र प्यारमा लाडिने अवस्थामा समेत मस्तिष्कले डोपामिन र सेरोटोनिन जस्ता आनन्ददायक स्रावहरू पैदा गर्दछ। तर यसको विपरीत श्रीमान्-श्रीमती बीचको यौनसम्बन्धमा मनोवैज्ञानिक दूरी बढ्दा कोर्टिसोल र भेसोप्रिसिन पैदा हुन गई दुवैले एकअर्कोबाट आफ्नो भविष्य असुरक्षित महसुस गर्ने, डर लाग्ने, दिक्दारी पैदा हुने र रिस उठ्ने जस्ता समस्या जन्मन्छ। लामो समय उक्त अवस्था कायम रहदा एकको अर्कोप्रति नकारात्मक धारणा विकास हुने हुँदा एकले अर्कोलाई मनैदेखि घृणा गर्ने आदत विकास हुन्छ। यदि हाम्रो शरीरमा आवश्यक मात्रामा इन्डोकेनेबिनोइड र आनन्दमाइडहरू बन्न सकेका छैनन् भने त्यस्तो बेला गाँजामार्फत प्राप्त हुने केनेबिनोइड, इन्डोकेनेबिनोइड र आनन्दमाइडजस्ता रसायनहरूको पूर्तिमा सहयोगी बन्छ।

वेद, वेदान्त तथा श्रुति-स्मृतिहरूमा स्नायु प्रणाली, प्रजनन प्रणाली र प्रतिरक्षा प्रणालीको उत्पादनको सारलाई पार्वती मुद्राका रूपमा चर्चा गरिएको पाइन्छ भने इन्डोकेनेबिनोइड प्रणालीको भूमिकामा स्नायु प्रणाली, प्रजनन प्रणाली र प्रतिरक्षा प्रणालीले दिने समग्र नतिजाको सारलाई शिव मुद्राका रूपमा चर्चा गरिएको पाइन्छ।

अत्यन्त चर्चित समुद्र मन्थनको किंवदन्तीलाई सागर मन्थन वा क्षीर सागर मन्थनसमेत भनिन्छ। क्षीरको अर्थ दूध, पानी वा रुखको दूध जस्तो सेतो चोप भन्ने हुन्छ। हर्मोन तीन प्रकारका हुन्छन्। पानीमा घुल्ने पेप्टाइड हर्मोन। पेप्टाइड हर्मोनअन्तर्गतको पिटुटरी ग्रन्थिले निकाल्ने भासोप्रेसिनले रक्तचाप नियन्त्रण गर्छ भने पेंक्रियाजले बनाउने इन्सुलिनले ग्लुकोज पाचनमा सहयोग गर्छ। अर्को चिल्लोमा घुल्ने लिपिड तथा फस्पोलिपिडमा आधारित हार्मोन हुन्छ। प्रायः

खानको चिल्लोबाट बन्ने लिपिड हर्मोनमा मूलतः लिनोलिक एसिड र आराचिडोइक एसिड मुख्य छन् ।


लिनोलिक एसिडले भत्किएको बिग्रिएको तन्तुहरूको जीर्णोद्धार गर्ने फस्पोलिपिड र आराचिडोइक एसिड बनाउँदछ । यसले खराब कोलेस्ट्रोल हटाएर मुटुलाई स्वस्थ राख्ने काम गर्ने गर्दछ । आराचिडोइक एसिडले तन्तुहरूको बीचमा चिप्लो ज्याल बनाएर पानीको मात्रा हटाई तन्तुहरू बलियो पार्न कसिलो बनाउने रसायन लिउकोटिरिन बनाउने गर्दछ ।

चिल्लोमा आधारित हर्मोनमा स्टेरोइड हर्मोनसमेत पर्दछ । यिनीहरू खानाको कार्बोहाइड्रेटबाट प्राप्त सारतत्वबाट निर्मित हर्मोन हुन्, जसमा वीर्य, शुक्रकीट र जीवन्त ऊर्जा निर्माण गर्ने टेसटोसटेरोन पर्दछ । चिल्लोबाट सिधै बन्ने हर्मोन इकोसेनोइडले रक्तवाहिका नलीहरू फुलाएर दर्द तथा ज्वरो घटाई निद्रा लगाउने, आनन्द दिने गर्दछ । शङ्कास्पद सङ्क्रमणको स्थितिमा भने रक्तनलीहरू खुम्चाएर दर्दको सूचनामार्फत रोग प्रतिरोधी संयन्त्रलाई सचेत पारी सम्भावित खतराको खबर सम्प्रेषण गरिदिन्छ ।

डिकार्बोक्सिलेज इन्जाइमको सहयोगमा फिनाइलएलानिन, टाइरोसिन र ट्रिपटोफेन जस्ता सुगन्धित एमिनो एसिडहरूबाट बन्ने हर्मोनलाई मानोएमाइन हर्मोन नामकरण गरिएको छ । जस्तै : पिनल गल्यांडले (तेस्रो नेत्र) ट्रिपटोफेनबाट बनाउने मेलाटोनिन हर्मोनका कारण मानिसमा निद्रा लाग्ने र ब्युँझिने समयतालिका निर्धारण गरिदिन्छ । फिनाइलएलानिन एमिनो एसिड प्रोटिन निर्माण गर्ने आधारभूत तत्व हो । फिनाइलएलानिनबाट मानिसको मुड नियन्त्रण गर्ने तथा मिलानिन हर्मोन बनाउन सहयोग गर्ने टाइरोसिन बन्छ । मानिसलाई

'आहा' को अनुभूति दिने डोपामिन, मुटुको धड्कन बढाई रक्तसञ्चार बढाउन सघाउने नोरिइपिनेफरिन (नोरएड्रिनालिन) तथा इपिनेफरिन (एड्रेनालाइन) समेत फिनाइलएलानिनबाट बन्छ। फिनाइलएलानिन तथा टाइरोसिन दुवैबाट छाला तथा कपालको रङ्ग बनाउन सहयोग गर्ने हर्मोन मिलानिन बन्दछ।

समग्रमा पानीमा घुल्ने पेप्टाइड हर्मोन, तेलमा घुल्ने चिल्लोमा घुल्ने लिपिड हर्मोन पार्वती मुद्राको सारतत्व हुन्। त्यस्तै पानीमा घुल्ने तर चिल्लोमा घुल्न स्टेरोइड हर्मोनको सहयोग चाहिने सुगन्धित एमिनो एसिडहरूबाट निर्मित मानोएमाइन हर्मोन शिव मुद्राका सारतत्व हुन्। शिव मुद्राको सारतत्व रूपी हर्मोनहरू इन्डो-केनेबिनोइड, केनेबिनोइड र आनन्दमाइड रूपी गाँजाका सारतत्वको उपज ठानिन्छ। पार्वती मुद्राका सारतत्वरूपी हर्मोनहरू पञ्चामृतको सारतत्वको उपज मानिन्छ। तसर्थ वैदिक संस्कृतिमा गाँजा र पञ्चामृत अत्यावश्यक वस्तु हुन्। खाद्य वैज्ञानिक दृष्टिमा वैदिक सूत्रीकरण (फर्मुलेसन) को पञ्चामृतले आमादूधकै प्रतिनिधित्व गर्ने हैसियत राख्दछ। घरेलु रूपमा गाँजाको सारतत्व निकाल्नमा पनि सबैभन्दा राम्रो पञ्चामृतको मूल तत्व मानिने दूध र घिउ नै उपयोग हुने गर्दछ।



# गाँजा विधेयक :

## किसानलाई सास्ती, व्यापारीलाई मस्ती

नेपालमा गाँजा खेती गर्न छुट दिनुपर्ने भन्दै प्रतिनिधिसभामा 'गाँजा खेती व्यवस्थापन ऐन-२०७६' दर्ता भएको छ । त्यस्तै वाग्मती प्रदेशमा पनि गैर-सरकारी विधेयकका रूपमा गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्दै प्रतिबन्ध फुकुवा गर्ने प्रस्ताव दर्ता गरिएको छ । दुवै प्रस्तावको औचित्य पुष्टि गर्न विधेयक पास हुँदाका अवस्थामा सुरु हुने गाँजा खेतीले नेपालको बजेट ६० खर्बसम्म पुग्ने, विदेश गएका ८० प्रतिशत नेपाली स्वदेश फर्केर यसको खेतीमा लाग्ने भनिएको छ । कुरो धेरै गर्ने, जे पनि हुन्छ गर्ने हो भन्ने, लिखत ठूलाठूला तेर्स्याउने तर कामको सन्दर्भमा सिन्को नभाँच्ने प्रवृत्तिले ग्रस्त सरकारी संयन्त्र र संसद्को कथनी र करणीमा आकाशपातालको दूरी रहने परम्परा नै यी प्रस्तावको औचित्य पुष्टि गर्न दोहोरिएको देखिन्छ । मुलुकको अर्थतन्त्र बलियो बनाउन सकिने, बिदेसिएका युवालाई समेत स्वदेश फर्काउन सकिने, अनि किसान घरै बसी-बसी सजिलै धनी हुने सपना देखाएर ल्याउन लागिएको प्रस्तावित कानुन जनमैत्री छैन ।

नेपालको सन्दर्भमा राष्ट्रसङ्घीय नियोगको अवधारणाअनुरूप यहाँको गाँजालाई औषधीय मूल्यको कच्चा पदार्थमा ढाल्न जरुरी हुने सामान्यभन्दा सामान्य अनुसन्धान तथा नव-प्रवर्तनका लागि क्षमता विकासका कुनै काम भएका छैनन् । दर्ता गरिएको विधेयकमा त्यतातर्फ काम गर्ने चासो पनि भेटिँदैन । विधेयकमा नेपालका किसान र उद्यमीले सानो लगानीमा गर्न सक्ने गाँजा खेती, प्रशोधन र मालिस गर्ने तेल आदि उत्पादन गर्न जरुरी हुने औषधीय पूर्वाधार बनाउन कुनै चासो देखाइएको न त आयुर्वेदिक औषधी, पूरक खाद्य, प्राकृतिक स्वस्थबर्धक टनिक वा पेय र मनोरञ्जनात्मक प्रयोगका लागि राष्ट्रसङ्घीय अवधारणाको घेरा तोडी अघि बढ्ने हैसियत र जुझारुपन नै छ । बरु यसमा नेपाली कृषक र उद्यमीलाई उल्टै अनावश्यक नियम-कानुन थोपरिएको छ । विधेयकमा

न अत्यावश्यक स्तरको पारदर्शिताको व्यवस्था छ, न त अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न जरुरी हुने नियन्त्रणको व्यवस्था नै । बरु नियन्त्रण तथा नियमनकारी निकाय र सरकारको समेत पहुँच बाहिर रहने गरी समानान्तर सरकार बनाउने अवधारणा छ । वास्तविक किसानको हितमा नरहेको यो विधेयक आफ्नो जग्गामा विदेशी र बिचौलियाले ब्रह्मलुट गरिरहेको नेपाली किसान, उद्यमी र सुरक्षा निकायले टुलुटुलु हेरेर बस्नुपर्ने परिस्थिति जन्माउने समस्याले ग्रस्त छ ।

विधेयक जसरी पेस गरिएको छ त्यसरी नै हुबहु पास हुने हो भने यो फगत विदेशी गाँजा कम्पनीहरूलाई नेपालमा उनैका बीउ, उनैका प्रविधि, उनैका मान्छे र उनीहरूले नै अकुत कमाउने गरी नेपाली बिचौलियामार्फत जग्गा भाडामा दिन लिपिबद्ध गरिएको कानुनी मृत्युपत्र सावित हुनेछ । पास भएर लागू हुने बिन्दुमा पुग्नेबित्तिकै विधेयक विरोधको चपेटामा पर्ने निश्चितप्रायः छ । फलतः फेरि अर्को विधेयक ल्याउने नाममा किसानलाई अर्को ५-७ वर्ष अनिर्णयको बन्दी बनाइने छ । त्यो समय तस्कर र बिचौलियाहरूका निम्ति उच्च कमाइको मौका हुनेछ ।

संसद्मा टेबल गरिएको विधेयक 'नेपालको गाँजा खेती व्यवस्थापन ऐन-२०७८' को प्रस्तावना नै गाँजा तानेर लेखिए जस्तो गरी गैर-जिम्मेवार शब्दहरू चयन गरिएका छन् । विधेयकको अभिप्रायः गाँजाको 'गैर-अपराधीकरण' गर्ने बुझिन्छ । तर भनिएको छ- खुल्ला गर्ने । गाँजाको औषधीजन्य प्रयोजनका लागि उत्पादन, प्रशोधन, अनुसन्धान र व्यापारीकरण गर्नका लागि हाल प्रतिबन्ध रहेकाले त्यसलाई हटाउन विधेयक जरुरत परेर ल्याइएको सबैलाई थाहा छ । तर प्रस्तावनामा 'गाँजाको गैर-कानुनी उत्पादन गर्न वाञ्छनीय भएकाले' भनिएको छ ।

उत्पादनलाई गैर-कानुनी हैन कानुनी बनाउन यसको जरुरत हो भन्ने सामान्य तथ्यसमेत ख्याल गरिएको छैन ।

विधेयकमा 'अनुमति' भन्ने शब्दले 'गाँजा खेती गर्न, बिक्री-वितरण गर्न र निकासी गर्नमा' मात्र सीमित गरिएको छ। यसको मतलब स्थानीयतामा प्रशोधन गर्ने, अनुसन्धान गर्ने र आफैँले औषधि बनाउन चाहे त्यस्ता गतिविधिहरू परिभाषाबाटै निकाली दिएको अवस्थामा ती कसरी कानुनी गतिविधि हुन सक्छन् ? विधेयकमा यो कानुन बनेपछि त्यसको कार्यान्वयनका लागि आवश्यक नियमावली र निर्देशिकाबारे केही बोलिएको छैन । लेबलसम्बन्धी व्यवस्थामा उत्पादित, अर्ध प्रशोधित वा प्रशोधित गाँजा वा गाँजाको सारतत्व रहेको पदार्थ भनी परिवर्तित आवश्यकताहरूसमेत समेट्न सक्ने नबनाएर जडता प्रधान गरिएकाले अप्रशोधित कोपिला, फूल, पात, डाँठ, जरा आदिको भिन्न औषधीय तथा खाद्य गुण भेटिएको सन्दर्भ छुटाइएको छ। लेबलहरू युभीजस्ता प्रविधिबाट बन्न सक्छ। बारकोड हुन सक्छ। गाँजाको बीउ, बिरुवा, उत्पादन वा गाँजा हालिएको अन्य पदार्थमा पनि जरुरी हुन सक्छ भन्ने विवेक गुमेको देखिन्छ ।

निर्यातको दृष्टिबाट हेर्दा आफ्नो नियम जे भए पनि निर्यात गरिने देशको कानुन अनिवार्य मान्नुपर्ने बाध्यात्मक परिस्थिति रहन्छ । निर्यात गरिने देशको कानुन पूरा गर्दा उक्त देशमा औषधि बाहेकको अन्य प्रयोजनमा समेत गाँजा पठाउन सकिने व्यवस्था छुटेको छ । निर्यातका लागि आफ्नो देशको नियम निर्यात गरिने देशको कानुनभन्दा कडा देखिए त्यसको उत्पादन र बिक्री-वितरणका लागि विशेष व्यवस्था नहुँदा स्थानीय व्यवसाय सञ्चालन गर्नेहरूलाई समस्यामा पर्ने कानुन बनिरहेको बुझ्न सकिन्छ ।

विधेयकमा हेम्पको छुट्टै आफ्नो उत्पादन सुहाउँदो परिभाषाको जरुरी छ। आयुर्वेदमा गाँजालाई बुझाउन सय जति शब्द प्रयोग भएको छ। जस्तै गाँजा, विजया, भाङ आदि। हेम्पको छुट्टै परिभाषा र वर्गीकरण नहुँदा यसको व्यापारीकरणमा समस्या आउनेछ। नेपाली हेम्प र गाँजा राम्रो गुणस्तरको रहेकाले टीएचसी पनि उच्च रहने अनुमान गर्न सकिन्छ। हेम्पका लागि स्वीकारयोग्य टीएचसी आफ्नो उत्पादन अनुसार भिन्न देशमा भिन्नभिन्न छ। जस्तै क्यानडामा ०.३%, ईयूमा ०.२%, स्विट्जरलैन्डमा १.०% आदि। नेपाल १.०% मा जान उपयुक्त हुन सक्छ। विश्व स्वास्थ्य संगठनले भने आफ्नो प्रतिवेदनमा ०.२% सिफारिस गरेको छ।

तर नेपाली हेम्पमा निश्चित टीएचसी लेबल तोक्नु अन्ततः किसान मारा काम बन्न सक्छ। विधेयकमा नेपालका सबै रैथाने प्रजातिका हेम्पका बोट भन्ने तोक्नु उचित हुन्छ। नियमावली वा निर्देशिकाले नियमन गर्न नपर्ने रैथाने कुन कुन स्ट्रेंन वा नश्ल हुन् अनुभव र अनुसन्धानका आधारमा तोक्न उचित हुनेछ। कुनै निश्चित टीएचसीको प्रतिशत तोक्नैपर्ने अवस्थामा पनि निर्देशिका स्तरमा तोक्दा उपलब्ध तथ्याङ्कहरूका आधारमा मन्त्रालयस्तरबाटै जरुरी पर्दा हेरफेर गर्न सहज हुनेछ।

ऐनमा सुकेको गाँजा नभई सुकेको गाँजा बराबरको मात्रा तोक्नु अन्तर्राष्ट्रिय तरिका हो। त्यसो गर्नु व्यावहारिक पनि हुन्छ। संसारमा हाल तोकिने बराबरीको मात्रा ५ ग्राम ताजा गाँजा बराबर १ ग्राम सुकेको गाँजा, ०.२५ ग्राम सोलिड कन्सनट्रेड, ०.२५ ग्राम नन-सोलिड कन्सनट्रेड, १५ ग्राम गाँजा हालिएको सोलिड पदार्थ, ७० ग्राम गाँजा

हालिएको नन-सोलिड पदार्थ, १ गाँजाको बीउ हुने गर्छ । यो नेपालले पनि कायम गर्न सकिने देखिन्छ ।

गाँजा व्यवसाय कुन क्षेत्रको मानिसले गर्न पाउने कसले नपाउने भनी निश्चित क्षेत्र तोकिनु उचित देखिँदैन । तोकिएको मापदण्ड पूरा गरेमा जो कोहीले जहाँ पनि यसको व्यवसाय गर्न पाउनुपर्छ । आफ्नै जग्गा नभएकाहरूले समेत आफ्नो अनुकूलको जग्गा भाडामा लिएर व्यवसाय गर्न पाउने व्यवस्था गरिनुपर्छ । नेपालमा गाँजा व्यवसायमा लगानी गर्न चाहने विदेशी नागरिक वा कम्पनीको हकमा स्थानीय व्यवसायमा कम्तीमा २०% स्थानीय नागरिकको अनिवार्य सेयर वा स्वामित्व जरुरी पर्ने व्यवस्था गरिनुपर्छ । यसो गरिएन भने कालान्तरमा यसको नाफा पारदर्शी नबनी मुलुकले ठूलो राजस्व गुमाउने स्थिति पैदा हुन्छ ।

उत्पादित गाँजा वा गाँजाबाट बनेको सारतत्व निर्यात हुने मुलुकबाट प्राप्त खरिद माग, आयातकर्ताको आयात लाइसेन्स र उक्त मुलुकको कानुनी व्यवस्थाअनुरूप निर्यात गरिने वस्तुको गुणस्तर यकिन भएको विवरण प्राप्त गरिसकेपछि निर्यातका लागि पुनः सरकारको स्वीकृति जरुरी हुने हालको व्यवस्थाले भ्रष्ट कर्मचारीतन्त्रलाई थप मलजल मात्र गर्नेछ । गाँजा वा गाँजाबाट बनेको सारतत्व अभिलेख राख्ने हालको प्रावधानमा भएका व्यवस्था बिचौलिया र तस्करमैत्री छन् । त्यहाँ अन्तर्राष्ट्रिय मापदण्डसमेत पूरा हुने गरी चोरी वा क्षति भएका, गाँजाका कारण भएका अप्रत्याशित घटना, स्वास्थ्यमा देखिएको प्रतिकूल हानि, रिकन्सिलेसन, उत्पादन र मौज्दात तथा बिक्री भएको मात्रा फरक हुनाका कारण, नष्ट गरिएका मात्राको अभिलेख र प्रमाण प्रमाणित रहने व्यवस्था अनिवार्य हुनुपर्ने प्रावधान छुटेको छ । यसले कालो बजारी र तस्करीको बाटो सहज बनाइदिने देखिन्छ ।

हालको गाँजा विधेयकले २१ वर्ष पूरा नभएकासँग गर्भवती महिलालाई समेत जोडेर गाँजा बिक्री-वितरण गर्न, व्यवसाय गर्न रोकेको छ। डाक्टरको प्रिस्क्रिप्सनमा छारे रोग, अटिजमजस्ता धेरै रोगमा बालबालिकालाई ओखतीका रूपमा गाँजा दिनुपर्ने हुन सक्छ। तसर्थ यो अवैज्ञानिक छ। महिला बिहे गरेको केही दिनमै पनि गर्भवती हुन सक्छिन्। उमेर पुगेकी महिलालाई व्यवसाय गर्न रोक्नु महिलामाथिको गम्भीर भेदभाव हो। उमेर पुगेपछि के गर्न ठीक हुन्छ के गर्न ठीक हुँदैन भन्ने महिलाले जान्दैनन् भन्ने जस्तो अवधारणा वा व्यवहार उचित हुँदैन। सार्वजनिक स्थलबाट एक किलोमिटरको दूरीमा व्यवसाय गर्न नपाइने विधेयकको आशय पनि व्यावहारिक छैन। किनकि हरेक रेस्टुरेन्ट, अस्पताल, वन, चौतारो र गाँजाको पसल आफैँ सार्वजनिक स्थलको परिभाषामा पर्दछ।

विधेयकले चिया तथा कफी विकास बोर्ड गठन गरेजस्तै उच्च कर्मचारीको जम्बो टोली रहने एक बोर्ड कल्पना गरी गाँजाको नियमन तथा व्यवस्थापन गर्न जिम्मेवारी थमाउन खोजेको छ। जतिसुकै अधिकारसम्पन्न बनाए पनि जरुरी पर्दा तस्करी रोक्ने, अपराधीलाई छानबिनका लागि नियन्त्रणमा लिने, जरुरत पर्दा तत्काल हिरासतमा लिन र जेलसम्म पठाउन सक्ने गरी कारबाही गर्ने हैसियत यस्तो बोर्डहरूमा रहन्न। कारबाही गर्ने हैसियत दिइए विद्यमान सुरक्षा संयन्त्रको अर्को समानान्तर अङ्ग हुनेछ। त्यो आफैँ कार्यक्रम सञ्चालन गर्ने आफैँ छानबिन र कारबाही गर्ने निरङ्कुश राज्यसंयन्त्र बन्न जानेछ।

प्रस्तावित कानुनमा आफूले परिकल्पना गरेको क्षेत्रका व्यवसायमा संलग्नहरूको व्यक्तिगत र व्यावसायिक सूचना, नियमनका क्रममा प्राप्त हुने सम्भावित आपराधिक सूचनाहरू कति संवेदनशील हुन्छन् र

ती कुन-कुन निकायभन्दा बाहिर पुग्नु हुँदैन भन्ने सामान्य विवेकसमेत पुऱ्याउन सकिएको छैन ।

समग्रमा भन्नुपर्दो 'गाँजा खेती व्यवस्थापन ऐन-२०७६' प्रतिनिधिसभामा दर्ता हुनु सकारात्मक रहँदा रहँदै पनि यसमा अचाक्ली त्रुटिहरू छन् । व्यावहारिक पक्षको दुर्बलताका कारण यसलाई झन्डै पुनर्लेखनकै अवस्थामा पुग्ने गरी संशोधन गरेर मात्रै संसद्बाट पास गर्न जरुरी छ । तुरुन्तै नियमावली र निर्देशिकासमेत जारी गरी नेपाल सकेसम्म छिटो गाँजाको गैर-अपराधीकरण गरी गाँजाको औषधिजन्य प्रयोजनको उत्पादन, प्रशोधन, अनुसन्धान र व्यापारीकरण गर्नेतर्फ अघि बढ्नु उपयुक्त छ ।

मुलुकलाई जस्तोसुकै आर्थिक फाइदा पुग्ने किन नहोस् गाँजा एक उच्च आर्थिक जोखिम रहेको, सामाजिक विकृति जन्माउन सहायक बन्न सक्ने लागूपदार्थ नै हो । बालबालिका र किशोरकिशोरीको हातसम्म पुग्नबाट रोक्ने, मानव स्वास्थ्यको प्रयोजनमा यसको सदुपयोग भएको सुनिश्चित गर्ने, पूर्ण नियन्त्रित तथा समयोचित वितरण प्रणाली लागू गर्ने, मनोरञ्जनात्मक गतिविधि उच्च नियन्त्रित माहोलमा मात्र हुन दिने, कालो बजारी रोक्ने, तस्करहरूको हातमा रहेको व्यवसायलाई कानुनी संयन्त्रको दायरामा ल्याउने, तस्करी हुने रकम सरकारी राजस्वमा पुऱ्याउने, मानवअधिकार र मानवताको रक्षा गर्न सक्षम हुने संयन्त्र बनाउनेजस्ता सभ्य समाजको परिकल्पना बिना उच्च सामाजिक र आर्थिक जोखिम रहेको गाँजाजस्ता पदार्थले मुलुकको हित गर्ने सुनिश्चितता दिँदैन । यति पनि बुझ्न नसकी प्रस्तावित कानुनका भरमा मात्रै अघि बढ्दा नेपालको पहिचान अनियन्त्रित गाँजा बेच्ने मुलुकका रूपमा बन्ने जोखिम छ । संसारले हामीलाई गाँजाको

उच्च तस्करी हुने जोखिमयुक्त मुलुकका रूपमा चिन्नेछ। नेपालका परम्परागत तस्करहरूलाई प्रस्तावित ऐनले कानुनी रूपमै सेतो कोट पहिराएर झन् ठूलो तस्करी सञ्चालन गर्ने बाटो खोलिदिनेछ। न नेपाली किसानले कुनै लाभ पाउनेछन् न त राज्यले कुनै कर पाउनेछ।

नेपालमा जुन पार्टीको सरकार छ त्यही पार्टीको झन्डावालबाहेक अन्यलाई विज्ञ वा प्राविधिका रूपमा स्विकारिने संस्कृति छैन। पदमा नियुक्ति पाउनेबित्तिकै उक्त पदाधिकारी आफूले आफैँलाई सबै कुराको विज्ञ पाउँछ। नियुक्ति गर्ने पार्टीका नेता र मन्त्रीहरू उसका वरिष्ठ सल्लाहकार र निर्देशनकर्ता बन्छन्। त्यो परिस्थितिमा बन्ने ऐन, नियम प्रायः भेटिएका सम्बन्धित क्षेत्रका बिचौलियाहरूलाई जिम्मा दिएर मात्र तयार हुन सक्छन्। कतिपय अवस्थामा त त्यो संयन्त्रले ऐन, नियम र निर्देशिका आदि बिचौलिया बिना बनाउनै नसक्ने हालतमा पुग्छ। परिणाम राज्यका प्रशासनिक संयन्त्र र राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूबीचको मिलिभगतमा बिचौलियाको खर्चमा विदेशका गाँजा फर्मको भ्रमण गरेर फर्कने र उनीहरूबाटै आर्थिक सुविधा लिने र उनीहरूकै स्वार्थमा नीति नियम र संयन्त्रहरू बन्ने अवस्था बन्छ। गाँजा विधेयकमा प्रतिविम्बित अवधारणालाई हेर्दा यो मात्रै अपवाद रह्यो होला भनेर आश्वस्त हुन सकिने अवस्था देखिन्न।

# परिशिष्ट क

# संसमा प्रस्तुत "गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७६" मा हुनुपर्ने न्यूनतम परिवर्तनः

**प्रस्तावना :** औषधि निर्माण, वैज्ञानिक अनुसन्धान तथा यस्तै अन्य खाद्य, व्यवसायीक तथा औद्योगिक प्रयोजनको लागि समेत गुणस्तरिय गाँजा उपलब्ध गराउन नेपालमा गाँजा खेतिलाई खुल्ला गर्न तथा यसको माध्यमबाट कृषकको आर्थिक स्तर बढाउनको लागि गाँजा खेतिलाई नियमित तथा व्यवस्थित गर्ने र ~~गाँजाको गैर कानूनी उत्पादन, बिक्रि वितरण तथा उपयोगलाई नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकाले~~, **गाँजाको उत्पादन कानूनी गर्न तथा गाँजाको प्रशोधन, अनुसन्धान, बिक्रि वितरण, कारोबार तथा उपभोगलाई गैर अपराधीकरण गर्न कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकाले,** संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१ प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम ~~"गाँजा खेती (व्यवस्थापन) ऐन, २०७६"~~ **"गाँजा ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) ~~“अनुमतिपत्र” भन्नाले गाँजा खेति गर्न वा गाँजा विक्रि वितरण वा निकासी गर्नको लागि दफा ६ बमोजिम दिईएको अनुमतिपत्र सम्झनु पर्छ।~~ **“अनुमति पत्र” भन्नाले गाँजा ऐन, २०७६ अन्तर्गत, अनुसूची-२ मा उल्लेखित वर्गका इजाजत पत्र वा इजाजत पत्रहरूको समूह पर्दछ, जसले गाँजा र यसका सबै प्रजातिहरू हरेक वर्गको लागि निर्धारित गरिए अनुरुप नेपाल अधिराज्यभर तोकिएका गतिविधिहरू सञ्चालन गर्न पाउने गरी गाँजा व्यवसायमा संलग्न हुन नेपाल सरकारको औपचारिक अनुमति प्रदान गर्नेछः**

**१) खेतीको लागि इजाजत पत्र**

**२) प्रशोधनको लागि इजाजत पत्र**

**३) विश्लेषणात्मक परीक्षणको लागि इजाजत पत्र**

**४) बिक्रीको लागि इजाजत पत्र (व्यापारिक प्रयोजनको लागि स्थानीय खरिद-बिक्री)**

**५) बिक्रीको लागि इजाजत पत्र (व्यापारिक प्रयोजनको लागि खरिद-बिक्री तथा आयात-निर्यात गर्ने)**

**६) अनुसन्धानको लागि इजाजत पत्र**

**७) गाँजाको आयुर्वेदिक टनिक, आयुर्वेदिक ओखती तथा लागू औषध इजाजत पत्र**

**८) गाँजाको अन्य प्रयोगको लाइसेन्स जस्तैः गाँजा औषधालय**

**(फार्मेसी) सञ्चालन ।**

**९) गाँजाको एकभन्दा बढी बर्गमा पर्ने कार्य सञ्चालन । हरेक प्रकृतिको इजाजत पत्र अन्तर्गत औपचारिक अनुमति प्रदान गरिने गतिविधिहरू अनुसूची-२ मा उल्लेख छ ।**

**(ख)** "अनुमतिपत्र **इजाजत** प्राप्त व्यक्ति **निकाय"** भन्नाले दफा ६ बमोजिम **गाँजा व्यवसाय संचालनको लागि औपचारिक अनुमति प्राप्त** व्यक्ति**, संस्था, व्यवसाय, उद्योग, सहकारी, साझेदारी संस्था, सरकारी वा गैर सरकारी निकाय आदि** सम्झनु पर्छ ।

(ग) "उत्पादन" भन्नाले ~~गाँजा खेति गरी तयार गर्ने, प्रशोधन गर्ने, प्याकिङ गर्ने वा लेबुल लगाउने प्रक्रिया वा सो सम्बन्धमा अपनाईने सम्पूर्ण वा कुनै प्रक्रिया सम्झनु पर्छ ।~~ **गाँजा उत्पादन भनेको गाँजाको बीउबाट बीउसम्म; बीउबाट उपभोगयोग्य पदार्थ निर्माण सम्मको गाँजाको खेती गर्ने, प्रशोधन गर्ने लगायतका सम्भव हुने सबै प्रकारका मूल्य अभिवृद्धिका कार्यहरूलाई जनाउँछ । यस अन्तर्गत सामान्यतः गाँजाको बिउँ तथा बोट बिरुवा व्यवस्थापन गर्ने, खेती गर्ने, फसल काट्ने, भण्डारण गर्ने, प्रशोधन गर्ने, ढुवानी गर्ने, बेबलिङ गर्ने, बिउँ तथा बेर्ना उत्पादन गर्ने र उत्पादित फसल तथा तिनका सार तत्वको मूल्य वृद्धि गरिने घरेलु, परम्परागत, आधुनिक वैज्ञानिक, सामाजिक तथा सांस्कृतिक मान्यताका गतिविधिहरू समेत पर्दछन् ।**

(घ) "कृषक तथा कृषक समुह" भन्नाले गाँजा खेति गर्न यस ऐन बमोजिम **गाँजा उत्पादन** अनुमति प्राप्त व्यक्ति, **व्यक्ति, संस्था, व्यवसाय, उद्योग, सहकारी, साझेदारी संस्था आदिको समूह** सम्झनु पर्छ । सो शब्दले **गाँजा खेतीको लागि इजाजत पत्र**

~~खेती गर्न अनुमति~~ प्राप्त कृषकहरूको समूह वा कृषि सहकारी समेतलाई जनाउँछ ।

(ङ) “कार्यकारी निर्देशक” भन्नाले दफा १८ बमोजिम नियुक्त **गाँजा नियमन तथा नियन्त्रण बोर्डको सदस्य सचिव तथा गाँजा नियमन तथा नियन्त्रण** बोर्डको **कार्यालयको अधिकार प्राप्त** कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) “गाँजा” भन्नाले गाँजाको ~~बोटको~~ सम्पूर्ण **बोटको भाग जस्तै** पात, फूल, बीउ, जरा वा फल सम्झनु पर्छ र सो शब्दले गाँजा जातको भाँग वा सिद्धको पात, फूल, बीउ वा फल, **सङ्ग्लित सार तत्व, वासना, गन्ध आदि जनाउँछ** । ~~वा गाँजाको बोटबाट प्राप्त गरिएको~~ **प्राकृतिक वा कृत्रिम रूपमा गाँजाको सार तत्वको उपयोग भई बनेको मह, रस,** खोटो, लिस्सा, चोप वा गाँजाको निस्सार वा निष्कर्ष ~~लाई समेत जनाउँछ ।~~ **र सम्भावित उत्पादनका गाँजाजन्य सामग्रीहरूलाई जनाउँछ ।**

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अर्न्तगत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ज) “निरीक्षक” भन्नाले दफा २० बमोजिम नियुक्ति भएको, तोकिएको वा खटाईएको ~~व्यक्ति~~ **अधिकार प्राप्त जिम्मेवार व्यक्ति, संस्था वा निकाय** सम्झनु पर्छ ।

(झ) “बोर्ड” भन्नाले दफा १५ बमोजिमको गाँजा नियमन **तथा नियन्त्रण बोर्ड गर्न गठित उच्च स्तरीय आधिकारिक सरकारी संयन्त्र “गाँजा नियमन तथा नियन्त्रण बोर्ड”**भन्ने सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले **मूलतः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, ~~सम्झनु पर्छ । सो शब्दले~~ कृषि तथा पशुपंक्षी मन्त्रालय, गृह मन्त्रालय, उद्योग मन्त्रालय लगायत गाँजा नियमन तथा नियन्त्रण गर्ने प्रमुख भूमिका रहने भनी पहिचान भएका सम्पूर्ण सरकारी मन्त्रालयहरू लाई जनाउँदछ । ~~समेतलाई जनाउँछ~~ ।

(ट) "लेबल" भन्नाले ~~सुकेको गाँजाको पात, फल वा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा, चोव वा गाँजाको निस्सार वा निष्कर्ष वा त्यसबाट बनेको प्रशोधित वस्तु~~ **गाँजा उत्पादन** राखिएको भाँडा, वा प्याकको आवरणमा लेखिएको, छापिएको वा अंकित भएको विवरण ~~वा~~ र संकेत सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले दफा २३ बमोजिमको ~~स्थानीय समिति~~ **आधिकारिक जिम्मेवारी तथा अधिकार प्राप्त जिल्ला स्तरीय समितिहरू** सम्झनु पर्छ ।

(ड) **"गाँजा औषधालय" भन्नाले कानुनद्वारा तोकिए अनुसार दक्ष चिकित्सकको सिफारिसमा औषधीय, आयुर्वेदिक ओखती, हिलिङ्ग खाद्य, सामाजिक तथा सामरिक महत्वको प्रयोजनको लागि वा अन्य प्रयोगको लागि गाँजा तथा गाँजामा मिश्रित उत्पादनको तोकिएको परिणाममा बिक्री वितरण गर्ने खुद्रा पसललाई जनाउँछ । कानुनीरूपमा मान्यताप्राप्त अनुसन्धान तथा अध्ययन तथा परीक्षणको कानुनले तोकेको दायराको खुद्रा अथवा ठूलो परिणाममा गाँजा तथा गाँजा मिश्रित पदार्थ बिक्री वितरण वा दान दिइने व्यवसाय तथा उद्यम लाई समेत "गाँजा औषधालय" भनिनेछ । गाँजा औषधालय गाँजाको मौजाद राख्न, कम्पाऊन्डिङ्ग वा मिश्रण बनाउन, प्याकिङ गर्न आदि लगायत र बिक्री वितरण, निर्यात आदि गर्न कानुनी रूपमा प्राधिकार प्राप्त आधिकारिक उद्यम सम्झनु पर्दछ ।**

**ढ) इजाजत पत्र वा अनुमति पत्रः**

**नेपाल अधिराज्यभित्र गाँजाको कारोबारमा संलग्न हुन चाहने हरेक निकायले कारोबारमा संलग्न हुन अगावै अनिवार्य औपचारिक इजाजत प्राप्त गर्न अनिवार्य हुने छ। औपचारिक इजाजत प्राप्त गर्न ऐनको अधीनमा रहेर कुनै एक वा एक भन्दा बढी प्रकारको इजाजत पत्रको लागि लाइसेन्सको लागि तोकिए बमोजिम गाँजा नियमन तथा नियन्त्रण बोर्डको रजिस्ट्रार लाई आवेदन दिन पर्ने छ।**

**ण) प्रतिबन्ध उमेरः उपदफा (ड) बमोजिमको आवेदन दिनको लागि एक व्यक्ति कम्तीमा १९ वर्षको हुनुपर्दछ। अन्य निकायको आवेदकको हकमा उक्त निकायको प्रत्येक सञ्चालक, अधिकृत र शेयर धारक कम्तीमा १९ वर्षको उमेर पुगेको हुनु पर्ने छ।**

**त) गाँजा र भाँगको पहिचानः गाँजामा हुने नशा दिने सार तत्व टिएचसी (*delta9THC*) अर्थात् शिव तत्वको मात्राको आधारमा गाँजा वा गाँजाको प्रजाति भाँग बिचको अन्तर यकिन गरिने छ। सुकेको गाँजा भनेर १० देखि १२% चिस्यान रहेको गाँजाको भाग लाई जनाउने छ। १२% चिस्यान रहेको सुकेको गाँजामा सार १% भन्दा धेरै टिएचसी वा शिव तत्व रहेमा त्यसलाई गाँजा र १% वा सोभन्दा कम टिएचसी वा शिव तत्वयुक्त गाँजालाई गाँजाको प्रजाति भाँग मानिने छ। १ प्रतिसतभन्दा कम टिएचसी वा शिव तत्व हुने गाँजाको प्रजाति हेम्प लाई भाङको नामले समेत जानिने छ।**

**थ) गाँजा व्यवसाय भन्नाले व्यापारिक वा अन्य पक्षलाई व्यापारिक लाभ उपलब्ध गराउने नियतले गाँजाको खेती गर्न वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै प्रकारको गाँजाको कारोबारमा संलग्न**

**हुन, ओसार पसार गर्न, बिक्री वितरण गर्न, उपहार दिन, आयत वा निकासी गर्नु आदि सबै पर्दछन्। जसलाई यो ऐनद्वारा नियन्त्रित गाँजा व्यवसाय समेत मानिने छ। कानुनले तोकेको मात्राको निजी प्रयोजनको लागि हुने गाँजाको प्रयोग तथा १% वा सो भन्दा कम टिएचसी वा शिव तत्व हुने भाँग आदि भने प्रतिबन्धित गाँजाको कारोबार अन्तर्गत नपर्ने हुँदा उक्त गतिविधिहरू नियन्त्रित गाँजा व्यवसाय अन्तर्गत पर्ने छैन।**

## परिच्छेद २:
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. अनुमतिपत्र नलिई **गाँजा व्यवसाय** खेति गर्न (**गाँजाको कुनै पनि प्रकार**को कारोबारमा संलग्न हुन **वा** ओसारपसार गर्न वा बिक्री गर्न वा **आयत वा** निकासी गर्न) नहुने **प्रतिबन्ध गरिएको छ।**

(१) कसैले पनि अनुमतिपत्र नलिई गाँजा खेती गर्न, **कारोबारमा संलग्न हुन,** ओसापासार गर्न र गाँजाको बिक्रि वितरण गर्न, ~~वा निकासी गर्न~~ **आयात वा निर्यात गर्न** पाउने छैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कामको लागि अनुमतिपत्र लिनुपर्ने छैनः-

क) एक घर परिवारमा घरायसी प्रयोजनको लागि बढीमा ६ वटासम्म गाँजाको बोट उमार्न, **र आफ्नै लागि घरेलु रूपमा प्रयोग गर्न।**

ख) कपडा बनाउने वा त्यस्तै अन्य औद्योगिक प्रयोजनको लागि रेसा उत्पादन गर्ने वा **१% भन्दा कम टिएचसी भएको** खाद्य पदार्थको रुपमा प्रयोग हुने दाना, मह,

तेल, पिना उत्पादन तथा बिक्रि वितरण ~~गर्नको लागि Delta 9 THC 1 % 0.2% वा सोभन्दा कम गाँजा वा गाँजाको भाँग प्रजातिको खेति~~ गर्न ।

४. गाँजा खेति **व्यवसायको लागि** ~~गरिने क्षेत्र र क्षेत्रफल तोक्ने~~ **इजाजत चाहने उद्यमीलाई निवेदन आव्हान गरि सार्वजनिक सूचना जारी गर्नेः**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम गाँजा खेति **व्यवसाय गर्न** ~~अनुमतिपत्र दिन सकिने स्थानीय तह वा जिल्ला तोक्नु पर्नेछ~~ **निवेदन दिन सूचना जारी गर्ने छ। दश करोड रूपैयाँभन्दा बढी लगानीको गाँजा व्यवसाय सञ्चालनको लागि तथा मुलुक बाहिर गाँजाको आयात वा निर्यातमा संलग्न हुने कारोबार अनिवार्य रूपमा गाँजा नियमन तथा नियन्त्रण बोर्डको रजिस्ट्रारको अफिसमा आवेदन दिई इजाजत पत्र प्राप्त गर्नु पर्ने छ। दस करोड रूपैंयाँभन्दा थोरै कारोबार हुने गाँजा व्यवसाय सञ्चालनको लागि जुन जिल्लामा गाँजा व्यवसाय सञ्चालन हुने हो त्यही जिल्लाको कृषि ज्ञान केन्द्रमा अवस्थित स्थानीय जिल्ला स्तरीय समितिहरूमार्फत् आवेदन लिने व्यवस्था गरिएको छ।**

२) उपदफा (१) बमोजिम स्थानीय तह वा क्षेत्रमा ~~तोक्दा~~ प्रत्येक **गाँजा खेतीको लागि इजाजत पत्र चाहने कृषकले** आफ्नो वा एकाघर परिवारको दर्ता श्रेस्ता कायम रहेको जग्गामा गाँजा खेती गर्न पाउने अधिकतम क्षेत्रफल समेत तोक्नु पर्नेछ। **विदेशी नागरिक तथा नेपालको नागरिकता नरहेका गैर आवासीय नेपालीलाई गाँजा खेतीको लागि इजाजत पत्र उपलब्ध हुने छैन। गाँजा खेतीको लागि**

**इजाजत प्राप्त गर्न व्यक्तिको हकमा नेपाली नागरिक मात्र तथा अन्य निकायको आवेदकको हकमा उक्त निकायको प्रत्येक सञ्चालक, व्यवसायका सम्पूर्ण हिस्सेदार अनिवार्य रूपमा नेपाली नागरिक रहेको हुनु पर्ने छ । गाँजा खेतीको लागि दिइने इजाजत पत्र बाहेक अन्यमा नागरिकता सम्बन्धको अनिवार्य प्रावधान राखिएको छैन ।**

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि आफ्नो वा एकाघर परिवारको नाममा नेपालभर कँही पनि जग्गा नभएकाहरूको हकमा नेपाल सरकारको अधिकार प्राप्त निकायको स्विकृतीमा नेपाल सरकारको कुनै जग्गा वा कुनै अन्य व्यक्तिको स्वामित्वमा रहेको जग्गा भाडामा लिएर गाँजा खेती गर्न तोकिए बमोजिम अनुमति दिईनेछ । **विदेशी नागरिक तथा नेपालको नागरिकता नरहेका गैर आवासीय नेपालीको लागि यो सुविधा उपलब्ध हुने छैन ।**

## ५. अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने:

(१) दफा ४ बमोजिम नेपालको कुनै पनि स्थानमा ~~तोकिएका स्थानीय तह वा जिल्लाका~~ गाँजा खेति **व्यवसाय** गर्न चाहने कृषकले अनुमतिपत्रको लागि देहायको विवरण तथा कागजात संलग्न गरी **गाँजा नियमन तथा नियन्त्रण बोर्डको रजिस्ट्रार लाई अथवा** सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) ~~कृषकको~~ **निवेदकको** नाम, थर र ठेगाना,

ख) ~~कृषकको~~ **निवेदकलाई उपलब्ध कारोबार गरिने स्थान**

**र संरचनाको निवेदनमा माग गरिएको विवरण। गाँजा खेतीको लागि दिइने इजाजत पत्रको हकमा निवेदकको** नाममा रहेको जम्मा खेतियोग्य जमिनको क्षेत्रफल र त्यसमध्ये गाँजा खेति गरिने जग्गाको कित्ता नं र जम्मा क्षेत्रफल तथा सो पुष्टि गर्ने जग्गाधनि प्रमाणपूर्जाको **प्रतिलिपि। कारोबार गरिने स्थान र संरचनाको स्वामित्व वा भाडामा उपलब्ध भएको प्रमाणित कागजात। उक्त स्थानमा प्रस्तावित अनुरूपको गाँजा कारोबार गर्न स्थानीय गाऊ वा नगरको आधिकारिक निकायको स्वीकृत प्रदान गरिएको कागजात वा कुनै आपत्ति नरहेको आशयको पत्र।**

ग) **निवेदक वा सञ्चालक वा व्यवसायमा संलग्न सम्पूर्ण व्यवसायका हिस्सेदारहरूको नाम र तिन पुस्ते खुल्ने विवरण। व्यवसायमा संलग्न सम्पूर्ण व्यवसायका हिस्सेदारहरूको नागरिकताको सक्कल प्रमाण पत्र सहित नागरिकताको प्रमाणित प्रतिलिपि।** ~~निवेदक बाहेक गाँजा खेति गर्नको लागि संलग्न हुने व्यक्तिको नाम, थर तथा उमेर,~~

घ) ~~वयस्क गाँजाको बोट तथा त्यस~~ **गाँजा व्यवसाय सञ्चालनको लागि माग गरेको औपचारिक अनुमति वा इजाजतको प्रकार। बढीमा दश अनुच्छेदमा माग गरेको व्यवसायको प्रस्तावित गतिविधिको विवरण।** ~~बाट उत्पादन गर्न सकिने पदार्थको अनधिकृत उपयोग तथा प्रयोग नियन्त्रणको लागि अवलम्बन गरिने उपायको विवरण,~~

ङ) ~~तोकिए बमोजिमका अन्य विवरण~~। **अनुमति प्राप्त गतिविधि बाहेक अन्य प्रयोजनमा गाँजाको उपयोग हुनवाट रोक्न गाँजा व्यवसायलाई अनुशासित, व्यवस्थित राखी गाँजाको अनधिकृत उपयोग तथा प्रयोग नियन्त्रणको लागि अवलम्बन गरिएको वा गरिने व्यवस्थाको विवरण।**

२) यस ऐन बमोजिम उत्पादन गरिएको गाँजा **वा गाँजाजन्य नियन्त्रित उत्पादन** निकासी गर्न वा बिक्रि वितरण गर्न चाहने व्यवसायीले त्यसको अनुमतिपत्रको लागि देहायको विवरण तथा कागजात सहित कार्यकारी निर्देशकसमक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

क) निवेदक **वा व्यवसाय**को नाम, थर, वतन,

ख) **मुलुकभित्र** विक्रि वितरण गर्न चाहेको क्षेत्र वा स्थान। **विदेश निर्यात गरिने अवस्थामा निर्यात हुने मुलुकको व्यवसाय वा निकायको गाँजा कारोबार गर्ने कानुनी हैसियत दर्शाउने कागजात तथा खरिद आदेशको प्रतिलिपि वा वार्षिक रूपमा खरिद गरिने एकमुष्ट खरिद सम्झौता।**

ग) प्रचलित कानून बमोजिम व्यवसाय दर्ताको प्रमाणपत्र,

घ) ~~पछिल्ला दुई~~ **तत्काल विगतको एक** आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

ङ) ~~गाँजाको विक्रि वितरणको विद्युतिय अभिलेख राख्न सक्ने~~ **उत्पादन, खरिद, बिक्री, क्षति, विनाश, प्रशोधन**

**आदिमा हुन गएको तौलको स्वाभाविक घटबढ लगायत कारोबारको क्रममा प्रयोग गरिएको गाँजा र गाँजा जन्य पदार्थको सम्पूर्ण मात्रा (ग्रामको तहसम्म) तथा अनपेक्षित चोरी, नोक्सानी आदिको यथार्थ विवरणको अभिलेख राख्न सक्ने विद्युतीय ट्रेसिबिलिटी प्रणाली** व्यवस्था भएको पुष्टि गर्ने विवरण, र

च) **इजाजत पत्र वा अनुमति पत्र प्रदान गर्ने रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारीले जरुरत ठानी माग गरिएको** तोकिए बमोजिमका अन्य विवरण तथा कागजात,

३) उपदफा (१) वा (२) बमोजिम निवेदन दिंदा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

र त्यसरी दस्तुर तोक्दा ~~उप~~ दफा ~~(१) र~~ (२) **(क) मा तोकिए बमोजिम फरक फरक वर्गका इजाजत पत्र वा इजाजत पत्रहरूको समूह**को लागि फरक फरक हुने गरी तोक्न सकिनेछ ।

## ६. अनुमतिपत्र दिनेः

(१) दफा ५ बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित **रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारीले** ~~कृषि ज्ञान केन्द्रको प्रमुख वा कार्यकारी निर्देशकले~~ सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थपजानकारी वा विवरण लिन आवश्यक देखेमा निजले निवेदक सँग थप जानकारी वा विवरण माग गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम आवश्यक जाँचबुझ गर्दा **रजिस्ट्रार**

**वा रजिस्ट्रारले तोकेको अधिकारीले** ~~कृषि ज्ञान केन्द्रको प्रमुख वा कार्यकारी निर्देशकले~~ निवेदकलाई अनुमतिपत्र दिन ~~उपयुक्त देखेमा~~ **कानुनले तोके अनुरूपको कानुनी प्रक्रिया तथा आवश्यक कागजात पुगेको भेटिएमा** तोकिए बमोजिमको दस्तुर लिई **रित पुगेको सात दिन भित्र अनिवार्य रूपमा** अनुमतिपत्र दिनु पर्नेछ ।

३) ~~अनुमतिपत्र व्यक्ति~~ **इजाजत प्राप्त निकायले** यो ऐन तथा यस ऐन अन्तरगत तोकिएका शर्तहरू पालना गर्नु पर्नेछ ।

## ७. अनुमतिपत्र दिन इन्कार गर्न सकिने:

(१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै अवस्थामा सम्बन्धित **रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारीले** गाँजा खेति **व्यवसाय** गर्नको लागि **प्राप्त** अनुमति**को निवेदन उपर कारबाही गरी** ~~पाउन निवेदन दिने निवेदकलाई कृषि ज्ञान केन्द्रको प्रमुखले अनुमतिपत्र~~ **इजाजत** दिन इन्कार गर्न **वा माग गरिए भन्दा फरक हुने गरी आंशिक रूपमा एक वा एक भन्दा धेरै प्रकारको इजाजतहरू प्रदान गर्न** सक्नेछ ।

(क) ~~गाँजा खेति गर्नको लागि अनुमतिपत्र पाउन~~ **गाँजा व्यवसाय सञ्चालनको लागि माग गरेको निवेदक माग गरिएको प्रकारको इजाजत प्राप्त गर्न कानुनी रूपमा योग्य नभेटिएमा। विगत पाँच वर्ष भित्र अदालतबाट अपराधी करार भएको भेटिएमा ।** ~~दिने कृषक आफै वा निजको एकाघर सँगोलको परिवारका सदस्यको नाममा जग्गा नभएमा वा सो बाहेक अन्य व्यक्तिको जग्गामा गाँजा खेतिगर्नको लागि अनुमति माग गरेकोमा,~~

उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि ~~कुनै कृषकको आफ्नो वा एकाघरको परिवारको समेत नेपालभर कुनै जग्गा छैन भने अन्य व्यक्तिको जग्गा भाडामा वा लिजमा लिएर तोकिएको क्षेत्रफलमा गाँजा खेति गर्न अनुमति दिन सक्नेछ।~~ **पाँच वर्षभित्र अदालतबाट अपराधी करार भएको नभएको बारे निवेदकको लिखित बयानलाई मुख्य इजाजत पत्र दिने नदिने निर्णयका लागि प्रमुख आधार मानिने छ।**

(ख) ~~गाँजा खेति गर्नको लागि~~ **गाँजा व्यवसाय सञ्चालक वा उक्त व्यवसायको साझेदारको रुपमा** १८ वर्षभन्दा कम उमेरको व्यक्तिको संलग्नता हुने देखिएमा।

(ग) ~~खेति गरिएको गाँजाको वयस्क बोटमा अन्य व्यक्तिको~~ **गाँजा व्यवसायमा अनधिकृत पहुँच**बाट जोगाउन **सकिने** भरपर्दो व्यवस्था नभएको वा अनुमतिपत्र दिंदा गाँजाको गैर कानूनी रुपमा प्रयोग हुने विश्वसनिय आधार भएमा। **विश्वसनीय आधारको रूपमा मूलतः इजाजत पत्रका लागि प्राप्त निवेदन इजाजतको लागि विचाराधीन रहँदाको अवस्थामा स्थानीय उजुरी प्राप्त भएमा त्यसको छानबिनको क्रममा प्राप्त हुने सम्बन्धित क्षेत्रको गोप्य पुलिस रिपोर्टको सूचनालाई मानिने छ।**

(घ) तोकिए बमोजिमको अन्य **विशेष** अवस्थामा। **अन्य विशेष अवस्थामा इजाजत पत्र दिन इन्कार गर्ने सम्बन्धित रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारी वा निजको कार्यालयले इजाजत पत्र दिन इन्कार गरिनुको कारण अदालतको आदेशमा अदालतको इजलास बाहेक निवेदक वा अन्य कुनै पक्षलाई उपलब्ध गराउने छैन। कारणको**

**रूपमा मात्र अन्य विशेष अवस्था लेखिने छ।**

(२) दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि **दफा २ क (४) बमोजिम बिक्रीको लागि इजाजत पत्र (व्यापारिक प्रयोजनको लागि खरिद-बिक्री तथा आयात-निर्यात गर्ने) सम्बन्धमा** देहायको कुनै अवस्थामा गाँजा आयात वा निकासी गर्न वा बिक्रि वितरण गर्न निवेदन दिने निवेदकलाई सोको लागि अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछः

(क) विगत आर्थिक वर्षको कर वा सरकारी दस्तुर बुझाउन बाँकी रहेको

(ख) अनुमतिपत्र दिंदा गाँजाको अनधिकृत विक्रि वितरण हुने देखिएमा

(ग) तोकिए बमोजिमको अन्य **विशेष** अवस्थामा। **तोकिए बमोजिमको अन्य विशेष अवस्थामा मूलतः कूटनैतिक नियोग, इन्टरपोल र नेपाल प्रहरीमार्फत् लक्षित आयात वा निर्यात गर्ने मुलुक वा आयात हुने मुलुक वा दुवैको कानुनको शासनको विपरीत दुरुपयोग हुने सम्भावना रहेको आशयको सूचना हुने गर्दछ। अन्य विशेष अवस्थामा इजाजत पत्र दिन इन्कार गर्ने सम्बन्धित रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारी वा निजको कार्यालयले इजाजत पत्र दिन इन्कार गरिनुको कारण अदालतको आदेशमा अदालतको इजलास बाहेक निवेदक वा अन्य कुनै पक्षलाई उपलब्ध गराउने छैन। कारणको रूपमा मात्र अन्य विशेष अवस्था लेखिने छ।**

## ८. अनुमतिपत्रको अवधि र नवीकरणः

(१) ~~अनुमतिपत्र~~ **ईजाजतको** अवधि ~~एक~~ **दस** वर्षको हुनेछ।

(२) ~~अनुमतिपत्र~~ **ईजाजत** ~~प्रत्येक वर्ष~~ **दुई वर्षमा सामान्य नवीकरण शुल्क बुझाएर** नवीकरण गराउनु पर्नेछ।

(३) ~~अनुमतिपत्र~~ **ईजाजत** नवीकरण गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले ~~अनुमतिपत्र~~ **ईजाजतको** अवधि समाप्त हुनुभन्दा ~~पन्ध्र दिन~~ **बढीमा छ महिना** अगावै तोकिए बमोजिमको ढाँचामा ~~कृषकको हकमा सम्बन्धित कृषि ज्ञान केन्द्रको प्रमुखर अन्यको हकमा कार्यकारी निर्देशक~~ **सम्बन्धित रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारी** समक्ष नवीकरणको लागि निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम **प्राप्त** ~~निवेदन प्राप्त भएमा कृषि ज्ञान केन्द्रको प्रमुख वा कार्यकारी निर्देशकले~~ आवश्यक जाँचबुझ गरी तोकिए बमोजिमको दस्तुर लिई ~~अनुमतिपत्र~~ **सम्पूर्ण कागजात पुगेको सात दिन भित्र ईजाजतको** नवीकरण गरिदिनु पर्नेछ।

**५) हरेक दश वर्षमा पुनः अर्को दश वर्षको लागि ईजाजतको अवधि थपिने छ। व्यवसाय नवीकरणमा मूलतः हरेक दुई वर्षमा सामान्य शुल्क लिई सरकारी लिखत अद्यावधिक गर्ने कार्य हुने छ। ईजाजतको अवधि थप गर्ने समयमा परिवर्तित नियम कानुन र अन्य सम्बन्धित विषयबस्तु समेतलाई दृष्टिगत गरी गरी इजाजत पत्रको सेवा र सर्तका दायरा आदि बारे समेत पुनरावलोकन गरी जस्तो छ त्यस्तै वा स्वीकृत कार्य तथा गतिविधिको दायराको**

**थप-घट सहित ईजाजतको अवधि थप गर्न सकिने छ ।**

## ९. अनुमतिपत्र खारेज गर्न सकिनेः

(१) देहायको कुनै अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकृतले अनुमतिपत्र खारेज गर्न सक्नेछः

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लिखित शर्त विपरीत कुनै काम गरेमा

(ग) दफा ८ बमोजिमको **लगातार दुई** अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा

(घ) विक्रि वितरण वा निकासीको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय कायम नभएमा वा खारेज भएमा

(ङ) अनधिकृत व्यक्तिलाई गाँजा विक्रि वितरण गरेमा वा उपलब्ध गराएमा

(च) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम राख्नु पर्ने विक्रि वितरणको अभिलेख नराखेमा वा त्यस्तो अभिलेख बोर्ड वा प्रचलित कानून बमोजिमको अधिकारीलाई उपलब्ध नगराएमा

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ । तर सो उपदफाको खण्ड (छ) बमोजिमको अवस्थामा त्यस्तो मौका दिई रहनु पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गरेकोमा चित्त नबुझ्ने व्यक्तिले खारेज गर्ने निर्णय भएको मितिले ३५ दिनभित्र ~~मन्त्रालय~~ **सम्बन्धित अदालत** समक्ष उजूरी दिन सक्नेछ । र त्यसरी परेको उजूरीमा ~~मन्त्रालयबाट~~ **प्रचलित कानुन बमोजिम अदालतबाट** हुने निर्णय अन्तिम हुनेछ ।

**परिच्छेद–३**
**उत्पादन तथा विक्रि वितरण सम्बन्धी व्यवस्था**

## १०. लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्गः

(१) ~~कृषक~~ **उत्पादक**ले आफूले उत्पादन गरेको गाँजा, ~~सुकेको गाँजाको पात वा हाँगा रहेको प्याकेट वा गाँजा वा भाँगको दाना वा फुल रहेको प्याकेट वा र्‍यापर्समा~~ **पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण भएको लेबुल लगाउनु पर्नेछ** :

(क) **प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल, ट्रेडमार्क चिन्ह तथा** ~~गाँजा खेति गर्नको लागि निजले प्राप्त गरेको~~ अनुमतिपत्र नम्बर । **गाँजा बेच्ने, वितरण गर्ने, आयात तथा निर्यात गर्ने इजाजत पत्र धारक उद्यमको हकमा सम्पर्क नम्बर सहितको सम्पर्क ठेगाना ।**

(ख) ~~गाँजाको फसल तयार भई~~ **उत्पादकको नाम, ठेगाना, गाँजा**

**र गाँजा जन्य पदार्थमा रहेको टिएचसिको मात्रा, उत्पादन गरिएको वर्ष र महिना खुल्ने गरी लेखिएको लट नम्बर। सुकेको वा ताजा गाँजा उत्पादन गर्ने साना कृषकको हकमा सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रले उपलब्ध गराएको अनुमानित टिएचसीको मात्रा उल्लेख गर्ने ।**

(ग) ~~गाँजा उत्पादन गरिएको स्थानीय तह र जिल्ला,~~ **गाँजाको वर्ग जस्तै सुकेको वा ताजा गाँजा, गाँजाको एक्स्ट्र्याक्ट, टपिकल गाँजा वा हिलिङ्ग खाद्य गाँजा आदि वा अन्य ।**

(घ) प्याकेट तथा र्‍यापर्स भित्र रहेको गाँजाको परिमाण, **सुरक्षित प्रयोगको मिति (एक्सपाएरी डेट) वा पुनः परीक्षण (रि-टेस्ट) मिति र उचित भण्डारणको अवस्थाबारे जानकारी ।**

(ङ) तोकिए बमोजिमको चेतावनी मूलक सन्देशः **सुकेको वा ताजा गाँजा बाहेकको अवस्थामा उत्पादकले गाँजाजन्य पदार्थको बट्टा, र्‍यापर्स,प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी भागमा गाँजाजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक हुन सक्ने भएको डाक्टरको सल्लाहबाट मात्र सेवन गर्न ऐनले तोके बमोजिमको चेतावनी मूलक सन्देश प्रष्ट रूपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ ।**

(च) ~~तोकिएका~~ **गाँजा नियमन तथा नियन्त्रण बोर्डले पहिचान गरी निर्देशन गरेको** अन्य हानिकारक तत्व ~~एवं आवश्यक कुराहरू ।~~ आदिबारे सूचना तथा लिनु पर्ने सावधानी बारेको सूचना ।

छ) **उत्पादकले गाँजाजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा**

**उमेर नपुगेका बालबालिकाको ध्यान आकर्षण हुने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन । गाँजाको प्याकिङ अत्यन्त सहज र सामान्य देखिन अनिवार्य छ ।**

(२) उपदफा (१) बमोजिमको कृषक बाहेक गाँजा प्रशोधन गरी खाद्य पदार्थको निर्माण गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले लेबुल राख्दा खाद्य पदार्थ सम्बन्धि प्रचलित कानून बमोजिम तथा गाँजाबाट औषधि उत्पादन गर्ने उत्पादकले औषधि सम्बन्धी प्रचलित कानून बमोजिमको लेबुल राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमम लेबुल राख्दा त्यस्तो लेबुलमा सो पदार्थको उपभोगबाट पर्न सक्ने प्रभावको बारेमा तोकिए बमोजिमको चेतावनीमूलक सन्देश समेत उल्लेख गर्नु पर्नेछ ।

## ११. अभिलेख राख्नु पर्नेः

(१) ~~कृषकले गाँजा खेति सम्बन्धमा~~ **उत्पादकले गाँजा र गाँजा जन्य उत्पादनमा** देहायको अभिलेख तोकिए बमोजिमको ढाँचामा अद्यावधिक रुपमा राख्नु पर्नेछ र त्यस्तो विवरण ~~स्थानीय समितिलाई समेत~~ **गाँजा नियमन तथा नियन्त्रण बोर्डले तोके बमोजिमका निकायमा** दिनु पर्नेछ ।

(क) गाँजा खेति गरिएको जग्गाको कित्ता नम्बर र जम्मा क्षेत्रफल,

(ख) फसल तयार हुने क्रममा रहेको गाँजाको वयस्क बोटको संख्या,

(ग) फसल भित्रयाए पछि वयस्क गाँजाको बोटबाट प्राप्त सुकेको गाँजाको कुल परिमाण,

(घ) गाँजा वा भाँगको दाना उत्पादन गरेकोमा त्यसको परिमाण,

(ङ) बोर्डलाई बिक्रि गरेको गाँजाको परिमाण र मिति,

(च) तोकिए बमोजिमको अन्य विवरण ।

**(छ) गाँजाको बिरुवा र काटिएको गाँजा वाट भएको उत्पादन, प्रशोधन गरिएको मात्रा, प्रशोधित पदार्थको मात्रा, उत्पादनको स्थानान्तरण वा बिक्रीको मात्राको रेकर्ड ।**

**(ज) प्रशोधनको क्रममा घटेको तौल, व्यापारी वा अन्य उद्यममा बिक्री गरेको मात्रा, मौजादमा रहेको गाँजा तथा गाँजा जन्य पदार्थको मात्रा, गाँजाको गुणस्तर परीक्षणमा प्रयोग भएको, अनुसन्धानमा प्रयोग भएको, औषधालय तथा अन्य निकायमा निकासा भएको गाँजाको मात्रा ।**

**(झ) आफूसँग रहेको पहिलेको मौजाद, उत्पादनमा भएको, हानि, चोरी वा नोक्सानी, प्रशोधनको क्रममा घटेको मात्रा, बिक्री गरिएको जम्मा गाँजाको मात्रा र आफूले प्राप्त गरेको र मौजादमा रहेको मात्राको किताब प्रस्ट रेकर्डमा राख्नु पर्नेछ । उक्त रेकर्डको वासलात अनिवार्य रूपमा सम्पूर्ण ट्रानज्याक्सन ट्रेसिबल र रिकनसाईल हुन अनिवार्य छ ।**

**(ण) गाँजाको कारोबारीले मान्यता प्राप्त स्वतन्त्र तेस्रो पक्षद्वारा गाँजाको लेनदेनको वार्षिक अडिट पूरा गर्नु पर्ने छ ।**

**(त) गाँजा कारोबारको परिणाम तथा आय व्ययको हिसाब किताब तथा अभिलेखहरू प्रष्ट राख्नु पर्नेछ।**

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अन्य अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले उत्पादन, प्रशोधन तथा विक्रि वितरण गरेको गाँजा तथा त्यसबाट बनेको औषधिजन्य पदार्थको विक्रीको दैनिक विवरण राख्नु पर्नेछ र त्यस्तो विवरण राख्दा खरिद गर्ने व्यक्तिको नाम, थर वतन,उमेर, नागरिकता नम्बर वा राष्ट्रिय परिचय नम्बर, त्यस्तो औषधि सिफारिस गर्ने चिकित्सकको नाम तथा नेपाल मेडिकल काउन्सिल दर्ता नम्बर तथा तोकिए बमोजिमको विवरणको अभिलेख राख्नु पर्नेछ।

(३) गाँजाबाट औषधी उत्पादन गर्ने वा गाँजाको निकासी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफुले गरेको उत्पादन तथा निकासीको विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको अभिलेखको विवरण अनुमतिपत्र प्राप्त व्यक्तिले मासिक रुपमा बोर्डमा पठाउनु पर्नेछ।

(५) बोर्डले यस दफा बमोजिमको अभिलेख विद्युतिय प्रणालिको विकास गरी अनलाईनबाट समेत अद्यावधिक गर्न, अभिलेख गर्न र पठाउन सकिने व्यवस्था गर्न सक्नेछ।

**१२. विक्रि वितरणमा बन्देज:**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले **इजाजत-पत्रधारी निकायले** देहायको व्यक्ति बाहेक अरुलाई **अन्यथा हुने गरी गाँजा तथा गाँजा जन्य पदार्थको** विक्रि वितरण गर्न वा निशुल्क **रूपमा वितरण गर्न वा उपहार दिनु** हुँदैन:

(क) ~~कृषकले आफूले उत्पादन गरेको गाँजा बोर्ड वा बोर्डले~~ **गाँजा नियमन तथा नियन्त्रण बोर्डबाट अनुमति प्राप्त** निकाय, **अनुमति प्राप्त** औषधि उत्पादन गर्ने निकाय, कम्पनी वा उद्योग, **बोर्डबाट अनुमति प्राप्त आयात वा निर्यात कारोबार गर्ने निकाय र विदेशी मूलका अन्तर्राष्ट्रिय गाँजा तथा गाँजा जन्य पदार्थका कारोबारी ।** ~~तर~~ **यो ऐन जारी हुँदाका बखत १% प्रतिशत वा सो भन्दा भन्दा कम टिएचसी भएको गाँजाको भाग वा गाँजा जन्य बस्तु नियन्त्रित गाँजा अन्तर्गत नरहेकोले** खाद्य प्रयोजनको लागि प्रयोगमा आउने भाँगको दाना वा दानाबाट उत्पादन भएको तेल वा मह वा रेसाबाट उत्पादन भएको कपडा वा डाँठबाट उत्पादन भएको सामाग्री जो सुकैलाई बिक्रि वितरण गर्न यस **ऐनमा** लेखिएको कुराले कुनै बाधा पर्ने छैन ।

(ख) निकासी वा बिक्रि वितरणको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकको प्रेस्कृप्सनको आधारमा सम्बन्धित व्यक्तिलाई ।

(ग) निकासी वा बिक्रि वितरणको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निकासी गर्दा निकासी गरिने मुलुकको कानून बमोजिम त्यस्तो गाँजा खरिद गरिलिन स्वीकृति प्राप्त व्यक्ति वा कम्पनीलाई ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि खरिद कर्ताको नाम, थर, ठेगाना समेतको अभिलेख राखि तोकिए बमोजिमको परिमाणमा नबढ्ने गरी बिक्रि वितरण गर्न बाधा पर्ने छैन । तर एकाइस वर्ष उमेर पूरा नभएका वा ~~गर्भवती महिलालाई~~ **व्यक्ति वा एक्काइस वर्ष उमेर पूरा नभएको व्यक्ति साझेदार रहेको व्यवसाय भनी जानकारी भएको अवस्थामा**

उनीहरूलाई गाँजा तथा गाँजाजन्य पदार्थ बिक्री वितरण गर्न वा निःशुल्क उपलब्ध गराउन पाईने छैन ।

(३) उपदफा (२) को प्रयोजनको लागि अनुमति पत्रवालाले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र त्यसरी प्रमाण माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(४) कसैले पनि शिक्षण संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक किलो मिटर भित्रको घर, पसलबाट परिधिभित्र गाँजा बिक्री वितरण गर्न गराउन पाउने छैन ।

## १३. जानकारी परामर्श उपलब्ध गराउने :

**गाँजा** कृषक **तथा व्यवसायीले आवश्यक सम्झेमा** आफूले **कारोबार गर्ने** लगाएको गाँजाको फसल भित्र्याउनको **मापदण्ड निर्धारण गर्न** लागि **उत्पादन** तयार भएपछि त्यसलाई भित्र्याउनु वा स्याहार्नु अघि सम्बन्धित निरीक्षक वा समिति लाई जानकारी गराउनु पर्नेछ सँग परामर्श माग गर्न सक्ने छन् । **सम्बन्धित निरीक्षकले गाँजा कृषकको हकमा परामर्श माग भएको दिन वाट प्राविधिक पक्षको समय बाहेक एक हप्ता भित्र परामर्श उपलब्ध गराउने छन् ।**

## १४. विज्ञापन तथा प्रायोजन गर्न नपाइने :

कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया

कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट गाँजा तथा गाँजाबाट बनेका पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन । **कसैले पनि निःशुल्क रूपमा गाँजा जन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।** तर खाद्य प्रयोजनको लागि प्रयोगमा आउने भाँगको दाना वा दानाबाट उत्पादन भएको तेल वा मह वा रेसाबाट उत्पादन भएको कपडा वा डाँठबाट उत्पादन भएको सामाग्री वा यस्तै अन्य औद्योगिक वस्तुको प्रचलित कानून बमोजिम विज्ञापन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-४
## बोर्ड तथा कर्मचारी सम्बन्धी व्यवस्था

### १५. बोर्डको गठनः

(१) **नेपाल अधिराज्य भर** गाँजा खेति तथा ~~यस~~ **गाँजाजन्य पदार्थ**को बिक्रि वितरणको अनुगमन तथा नियमन सम्बन्धी काम समेतको लागि देहाय बमोजिमका सदस्यहरू रहेको ~~नियमन बोर्ड~~ **गाँजा नियमन तथा नियन्त्रण बोर्ड** गठन गरिएको छः

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, कृषि तथा पशु पन्छी विकास मन्त्रालय- ~~सदस्य~~ **सह-अध्यक्ष**

~~(ग) सहसचिव, गृह मन्त्रालय- सदस्य~~

(घ) सहसचिव, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय- सदस्य

(ङ) महानिर्देशक, औषधि व्यवस्था विभाग- सदस्य

(च) महानिर्देशक, आयुर्वेद विभाग- सदस्य

(छ) महानिर्देशक, स्वास्थ्य सेवा विभाग खाध्य प्रबिधि तथा गुण नियन्त्रण बिभाग - सदस्य

(ज) महानिर्देशक, कृषि सेवा विभाग - सदस्य


(झ) प्रतिनिधि, नेपाल प्रहरी - सदस्य रजिस्ट्रार - सदस्य ??

(ञ) प्रमुख, लागू औषध नियन्त्रण व्यूरो - सदस्य
(ट) अध्यक्ष, नेपाल औषधि व्यवासायी संघ - सदस्य

(ठ) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल-सदस्य

(ड) सम्बन्धित विषयको विज्ञहरू - ३ जना (गाँजा उत्पादन, प्रसोधन, औषधि) मध्येबाट कम्तीमा दुई महिला सहित मन्त्रालयले तोकेका पाँच जना- सदस्य

(ढ) कार्यकारी निर्देशक- सदस्य सचिव




(२) उपदफा (१) को खण्ड (ड) बमोजिम तोकिएको **कार्यकारी निर्देशक, रजिस्ट्रार, विषय विज्ञहरू मन्त्रीपरिषद्ले नियुक्त गर्नेछ। उनीहरूको** ~~सदस्यका~~ पदावधि दुई **कम्तिमा चार** वर्षको हुनेछ। ~~र निजले~~ बोर्डको हित विपरितको काम गरेमा ~~मन्त्रालय~~ मन्त्रीपरिषद्ले ~~निज~~ उनीहरूलाई जुनसुकै समयमा ~~बोर्डको सदस्यबाट~~ हटाउन सक्नेछ। ~~सदस्य~~ हटाउनु अघि ~~नीजलाई~~ स्पष्टिकरणको मनासिव मौका दिईनेछ।

(२) बोर्डको केन्द्रीय कार्यालय **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा** ~~काठमाडौं उपत्यकामा~~ रहनेछ। ~~र आवश्यकता अनुसार उपत्यका बाहिर पनि~~ शाखा कार्यालय ~~वा संकलन केन्द्र खोल्न सकिनेछ~~ **गाँजा नियमन तथा नियन्त्रण बोर्डको जिल्ला स्तरीय संयन्त्र सम्पूर्ण जिल्लाको कृषि ज्ञान केन्द्रमा रहने छ।**

## १६. बोर्डको बैठक र निर्णयः

(१) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बोर्डको बैठक बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा सदस्य- सचिवले समितिका सदस्यहरूसँग परामर्श गरी **सह-अध्यक्षको अध्यक्षतामा** तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

(४) बोर्डको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले बोर्डका सदस्यहरूलाई दिनेछ ।

(५) बोर्डको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बोर्डको बैठकको अध्यक्षता बोर्डको अध्यक्षले र निजको अनुपस्थितिमा बोर्डका ~~सदस्यहरू~~ **सह-अध्यक्ष**ले ~~आफूमध्येबाट छानेको सदस्यले~~ गर्नेछन् ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) बोर्डको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(९) बोर्डले आवश्यक ठानेमा बोर्डको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई बोर्डको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(१०) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## १७. बोर्डको काम, कर्तव्य र अधिकारः

बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाँजा ~~खेति~~ तथा यसको **विभिन्न उत्पादनको** बिक्रि वितरणलाई नियमन तथा व्यवस्थापनको लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा मन्त्रालय समक्ष सुझाव पेश गर्ने ।

(ख) गाँजाको गैरकानूनी खेती, **गाँजा जन्य उत्पादनको** बिक्रि वितरणलाई तथा उपयोगलाई रोक्न अवलम्बन गर्नु पर्ने उपयायहरूको बारेमा मन्त्रालयलाई आवश्यक सुझाब पेश गर्ने ।

(ग) ~~कृषकबाट उत्पादित~~ गाँजा र गाँजा जन्य उत्पादनको विक्रि वितरणको लागि अवलम्बन गर्नु पर्ने आवश्यक व्यवस्थाको बारेमा आवश्यक व्यवस्था मिलाउन मन्त्रालयलाई सुझाब दिने।

(घ) गाँजा ~~खेति~~ तथा ~~र~~ गाँजा जन्य उत्पादनको बिक्रि वितरणको अनुगमन तथा निरीक्षण गर्ने, गराउने ।

(ङ) ~~कृषकबाट उत्पादित भएको~~ सुकेको गाँजा र त्यसको उत्पादन ~~खरिद गरी लिने~~, **खरिद बिक्रीको नियमन र सहजीकरण गर्ने ।**

(च) ~~बोर्डले खरिद गरेको~~ गाँजाको विक्रि वितरण वा निकासीको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा कम्पनी वा औषधि निर्माण गर्ने निकाय, कम्पनि वा संस्थालाई ~~विक्रि वितरण गर्न~~ **सहजीकरण गर्ने,** ~~यसरी~~ विक्रीबाट उठेको ~~मुनाफा र~~ राजस्व नेपाल सरकारको खातामा जम्मा गर्न **सहजीकरण गर्ने ।**

(छ) गाँजाको उपभोग तथा यसले पार्ने प्रभावको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कृषकबाट खरिद गरेको **गाँजा तथा गाँजाजन्य उत्पादनको** भण्डारणको लागि आवश्यक संरचना निर्माण गर्न सहजीकरण गर्ने ।

(झ) गाँजाको औषधिय उपयोगको सम्बन्धमा अनुसन्धान गर्न ~~गराउने~~, **सहजीकरण गर्ने ।**

(ञ) ~~यस~~ ऐनको प्रतिकुल हुने गरी गरिएको गाँजा खेति नष्ट गर्ने, गराउने ।

(ट) कृषकबाट गाँजाको ~~खरिद गर्ने मूल्य र~~ बिक्रि मूल्य निर्धारण गर्न **सहजीकरण गर्ने ।**

(ठ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने ।

(ड) बोर्डको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृति गर्ने ।

(ढ) गाँजा खेति उद्यम गरे वापत बुझाउनु पर्ने रोयल्टीको दर निर्धारण गर्न मन्त्रालयलाई सिफारिस गर्ने ।

(ण) मन्त्रालयबाट स्वीकृत मापदण्डको अधिनमा रही कृषकले उत्पादन गरेको गाँजाको ~~बोर्डले खरिद गर्ने~~ **न्यूनतम बिक्री मूल्य** निर्धारण गर्न **सहजीकरण गर्ने ।**

(त) कृषकलाई प्राविधिक सहयोग उपलब्ध गर्ने, गराउने तथा गाँजा खेति सम्बन्धी तालिम तथा अन्य जानकारी कृषकलाई उपलब्ध गराउने ।

(थ) गाँजा खेति तथा यसको उत्पादन, प्रसोधन, प्रडक्ट डेभलपमेन्ट तथा बिक्री वितरणको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने, गराउने ।

(द) गाँजाबाट स्थानीय ज्ञानको आधारमा उत्पादन हुने स्थानीय सामाग्री सम्बन्धी ज्ञानलाई संरक्षण गर्ने र त्यसमा नेपालको वौद्धिक अधिकार स्थापित गर्ने, गराउने ।

(ध) तोकिए बमोजिमको काम गर्ने गराउने ।

**(ण) गाँजा नियमन तथा नियन्त्रण बोर्ड आफैं नियमनकारी निकाय भएकाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफूलाई लाभ पुग्ने गरी यसका कार्यकारी पदाधिकारी तथा बोर्ड आफैं गाँजाको खरिद विक्रीमा संलग्न हुन पाउने छैनन् ।**

## १८. कार्यकारी निर्देशक र रजिष्ट्रारको नियुक्तिः

(१) बोर्डको ~~प्रशासकीय~~ **कार्यकारी** प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ। **इजाजत पत्र जारी गर्ने, नवीकरण गर्ने तथा खारेज गर्ने आदिको कार्य सम्पन्न गर्ने जिम्मेवारी सहित रजिस्ट्रारको व्यवस्था हुने छ।**

२) नेपाल सरकारले कार्यकारी निर्देशक **र रजिस्ट्रार** पदमा उपयुक्त व्यक्तिलाई नियुक्त गर्न वा तोक्न सक्नेछ।

(३) कार्यकारी निर्देशक **र रजिस्ट्रार**को पदावधि चार वर्षको हुनेछ। **पदावधि** ~~र निज~~ पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन वा तोकिन सक्नेछ।

(३) कार्यकारी निर्देशक **र रजिस्ट्रार**को काम, कर्तव्य, अधिकार र पारिश्रमिक सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## १९. बोर्डको कर्मचारीः

(१) बोर्डको कार्य सञ्चालनको निमित्त बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहनेछन्।

(२) बोर्डलाई आवश्यक पर्ने कर्मचारी **बोर्ड आफैंले** नियुक्त गर्ने छ। **बोर्डको अनुरोधमा केही समयको लागि कर्मचारीको आवश्यकता** भएमा मन्त्रालयले द्य उपलब्ध ~~गराउनेछ~~ **गराउन सक्ने छ।** ~~मन्त्रालयबाट कर्मचारी उपलब्ध हुन नसकेमा बोर्डले मन्त्रालयको पूर्व स्वीकृति लिई आवश्यक कर्मचारी करारमा राख्न सक्नेछ।~~

(४) बोर्डका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा ~~नेपाल सरकारको मापदण्ड भित्र~~ बोर्डले तोके बमोजिम हुनेछ ।

## २०. निरीक्षक सम्बन्धी व्यवस्था:

(१) अनुमतिपत्र प्राप्त ~~व्यक्तिले यस~~ उद्यमले ऐन बमोजिम पालना गर्नु पर्ने शर्तहरू पालना वा पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि बोर्डले बोर्डका कर्मचारी मध्येबाट आवश्यक संख्यामा निरीक्षक नियुक्ति गर्ने छ । ~~गर्न वा~~ बोर्डले मन्त्रालयको स्वीकृतिमा मन्त्रालय वा मन्त्रालयको मातहतको कुनै कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न वा खटाउन सक्नेछ ।

## (२) निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुमतिपत्र प्राप्त ~~व्यक्ति~~ **अधिकारी**ले यस ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावली बमोजिम पालना गर्नुपर्ने शर्तको पालना गरे वा नगरेको वा पूरा गर्नुपर्ने शर्त पूरागरे वा नगरेको सम्बन्धमा नियमित रुपमा आफ्नो क्षेत्राधिकार भित्रको जुनसुकै स्थलको निरीक्षण गर्ने

(ख) ~~कृषकबाट~~ उत्पादन भएको गाँजा त**था गाँजाजन्य पदार्थ**को अनधिकृतरुपमा प्रयोग हुन नदिन सतर्कता अवलम्बन गर्न कृषक उद्यमीलाई सुझाव दिने

(ग) ~~अनुमतिपत्र प्राप्त व्यक्तिले यो~~ ऐन ~~तथा यस ऐन~~ बमोजिम ~~बनेको नियमावली बमोजिम राख्ने~~ अभिलेख राखे नराखेको जाँच गर्ने

(घ) कृषकबाट उत्पादन भएको गाँजा बोर्डलाई बिक्रि गर्ने कार्यको लागि सहजिकरण गर्ने

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा ~~कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले यस~~ ऐन बमोजिम गर्नु पर्ने कुराहरू पूरा गरेको नदेखिएमा ~~निरीक्षकले त्यस्तो~~ अनुमतिपत्र ~~प्राप्त व्यक्तिको अनुमतिपत्र~~ रद्द गर्ने कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(४) ~~यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको~~ बोर्डले तोकिए तोके बमोजिमका अन्य ~~काम कर्तव्य र अधिकार तोकिए बमोजिम~~ हुनेछ गर्ने ।

## परिच्छेद-५
## बोर्डको कोष सम्बन्धी व्यवस्था

### २१. बोर्डको कोषः

(१) बोर्डको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम

(ख) अनुमतिपत्र दस्तुर तथा नवीकरण दस्तुर वापत प्राप्त रकम

~~(ग) कृषकबाट उठाइएको रोयल्टी रकम मध्ये तोकिए बमोजिमको रकम~~

(घ) बोर्डले गाँजा बिक्रिगर्दा प्राप्त हुन आउने मुनाफा रकम

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(२) बोर्डलाई प्राप्त हुने सबै रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषबाट देहायका खर्च व्यहोरिनेछः

(क) कृषकबाट **गाँजा नियमन तथा नियन्त्रणको क्षमता अभिवृद्धिको** खरिद गर्न तथा भण्डारणको लागि पूर्वाधार विकास गर्न

(ख) गाँजा व्यवसायले समाजमा पुर्‍याई रहेको प्रभाव को अध्ययन गर्न तथा सामाजिक जनचेतना जागृत गर्न । खेति गरिने स्थानको आर्थिक तथा सामाजिक क्रियाकलाप सञ्चालन गर्न

(ग) औषधि उत्पादन वैकल्पिक प्रयोग आदि जस्ता विषयमा तथा अनुसन्धान गर्न

(घ) वातावरण संरक्षण गर्न

(ङ) बोर्डको प्रशासनिक कार्य सञ्चालन गर्न । तर त्यस्तो कार्य सञ्चालन गर्न कोषमा जम्मा भएको रकमको चार प्रतिशत भन्दा बढी हुने छैन ।

(४) कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२२. लेखा र लेखापरीक्षणः**

(१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखाको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

## परिच्छेद-६
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**२३. समितिको गठनः**

(१) ~~गाँजा खेतिको नियमन तथा व्यवस्थापन गर्नको~~ गाँजा नियमन तथा **नियन्त्रण ऐनको स्थानीय स्तरमा कार्यान्वयनको** लागि दफा ४ बमोजिम **जिल्ला स्तरीय संयन्त्रको रुपमा** तोकिएको जिल्लाको कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमको एक **गाँजा नियमन तथा नियन्त्रण समिति** रहनेछः

(क) ~~सम्बन्धित जिल्लाको~~ जिल्ला समन्वय प्रमुख- ~~अध्यक्ष~~ **कार्यकारी निर्देशक (सदस्य सचिव, गाँजा नियमन तथा नियन्त्रण समिति)**

(ख) प्रतिनिधि प्रमुख, जिल्ला प्रशासन कार्यालय- ~~सदस्य~~ **अध्यक्ष**

(ग) ~~सम्बन्धित जिल्लाको~~ प्रमुख, कृषि ज्ञान केन्द्र - सदस्य

(घ) ~~जिल्लाको सदरमुकाम स्थित अस्पताल वा~~ प्रमुख, जनस्वास्थ्य कार्यालयका- सदस्य

(ङ) प्रमुख, प्रतिनिधि जिल्ला प्रहरी कार्यालय- **सह-अध्यक्ष**

~~(च) गाँजा खेति गरिने स्थानीय तहका कृषि विषय हेर्ने अधिकृतहरूमध्येबाट समितिले तोकेको स्थानीय तहको अधिकृत एकजना- सदस्य~~

~~(छ) गाँजा खेति गर्ने स्थानीय कृषकहरू मध्येबाट एक महिला सहित समितिले तोकेको ३ जना~~
~~-सदस्य~~

~~(ज) बोर्डको जिल्ला स्थित कार्यालय वा संकलन केन्द्रको प्रमुख -सदस्य सचिव~~

(२) समितिको बैठक तथा तत् सम्बन्धी कार्यविधि **गाँजा नियमन तथा नियन्त्रण बोर्डबाट प्राप्त निर्देशनको आधारमा** सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. समितिको काम, कर्तव्य र अधिकारः**
समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

~~(क) आफ्नो क्षेत्रभित्र गरिएको गाँजा खेतिको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने गराउने,~~

~~(ख) यस ऐन तथा नियमावली प्रतिकूल हुने गरी गरिएको गाँजा खेतिलाई नष्ट गर्ने,~~

~~(ग) गाँजा तथा यसबाट उत्पादित पदार्थको प्रयोग र त्यसका~~

~~असरको बारेमा स्थानीय स्तरमा सचेतना जगाउने,~~

~~(घ) बोर्डबाट सञ्चालन भएका कार्यक्रमलाई सञ्चालनको लागि सहजिकरण गर्ने,~~

~~(ङ) बोर्डबाट माग भएका विवरण संकलन गरी उपलब्ध गराउने,~~

~~(च) तोकिए बमोजमका अन्य कार्य गर्ने ।~~

**(क) इजाजतको लागि प्राप्त निवेदनको आवश्यक छानबिन र कागजातको प्रामाणिकता हेर्ने लगायतका सम्पूर्ण प्रक्रिया पुरा गरी गाँजा नियमन तथा नियन्त्रण बोर्डको रजिस्टार समक्ष अनुमतिको इजाजत उपलब्ध प्रदान गर्न सिफारिस सहित लेखि पठाउने। आफ्नो कार्य क्षेत्र भित्र गाँजा तथा यसको विभिन्न उत्पादनको बिक्रि वितरणलाई नियमन तथा व्यवस्थापनको लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा गाँजा नियमन तथा नियन्त्रण बोर्ड समक्ष सुझाव पेश गर्ने ।**

**(ख) आफ्नो कार्य क्षेत्र भित्र गाँजाको गैरकानूनी खेती, गाँजा जन्य उत्पादनको बिक्रि वितरणलाई तथा उपयोगलाई रोक्न अवलम्बन गर्नु पर्ने उपयायहरूको बारेमा गाँजा नियमन तथा नियन्त्रण बोर्ड लाई आवश्यक सुझाब पेश गर्ने ।**

**(ग) आफ्नो कार्य क्षेत्र भित्र गाँजा र गाँजा जन्य उत्पादनको विक्रि वितरणको लागि अवलम्बन गर्नु पर्ने आवश्यक**

**व्यवस्थाको बारेमा आवश्यक व्यवस्था मिलाउन गाँजा नियमन तथा नियन्त्रण बोर्ड लाई सुझाब दिने ।**

**(घ) आफ्नो कार्य क्षेत्र भित्र गाँजा तथा गाँजा जन्य उत्पादनको बिक्रि वितरणको अनुगमन तथा निरीक्षण गर्ने, गराउने ।**

**(ङ) आफ्नो कार्य क्षेत्र भित्र सुकेको गाँजा र त्यसको उत्पादन, खरिद बिक्रीको नियमन र सहजीकरण गर्ने ।**

**(च) आफ्नो कार्य क्षेत्र भित्र गाँजाको विक्रि वितरण वा निकासीको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा कम्पनी वा औषधि निर्माण गर्ने निकाय, कम्पनि वा संस्थालाई सहजीकरण गर्ने, विक्रीबाट उठेको राजस्व नेपाल सरकारको खातामा जम्मा गर्न सहजीकरण गर्ने ।**

## परिच्छेद-७
## कसूर र सजाय सम्बन्धी व्यवस्था

### २५. कसूर तथा सजायः

(१) कसैले देहायको कुनै काम गरेमा यस ऐन विपरितको कसूर गरेको मानिनेछः

(क) दफा ६ बमोजिम अनुमतिपत्र प्राप्त नगरी गाँजा खेति गरेमा वा त्यसको निकासी वा बिक्रि वितरण गरेमा

(ख) दफा १० बमोजिम लगाउनु पर्ने लेबुल नलगाएमा

(ग) दफा ११ बमोजिम राख्नु पर्ने विवरण वा अभिलेख नराखेमा वा त्यस सम्बन्धी झुट्टा विवरण तयार गरेमा

(घ) दफा १२ विपरित गाँजाको बिक्रि वितरण गरेमा

(ङ) दफा १४ विपरित विज्ञापन गरेमा

(च) यो ऐन विपरितको अन्य कुनै काम गरेमा ।

(२) देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः

(क) उपदफा (१) को खण्ड (क) वा (घ) बमोजिमको कसूरमा १ वर्षसम्म कैद र एक लाख रुपैंयाँ सम्म जरिवाना

(ख) उपदफा (१) को खण्ड (ख), (ग) वा (ङ) बमोजिमको कसूरमा ६ महिनासम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना

(ग) उपदफा (१) को खण्ड (च) बमोजिमको कसूरमा एक महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना

**२६. अनुसन्धान तथा तहकिकात :**

(१) यस ऐन अर्न्तगतको कसूर सम्बन्धि मुद्दाको अनुसन्धान तथा तहकिकात निरीक्षकले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान तथा तहकिकात गरिएको मुद्दामा निरीक्षकले सम्बन्धित सरकारी वकिलको राय लिएर मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

## २७. सरकारवादी हुने:

यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकारवादी चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद–८
## विविध

## २८. रोयल्टी तथा कर:

यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले प्रचलित कानूनमा निर्धारण भए बमोजिमको रोयल्टी तथा कर बुझाउनु पर्नेछ ।

## २९. उपसमिति वा कार्यदल गठन गर्न सक्ने:

(१) बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत बोर्डले तोके बमोजिम हुनेछ ।

## ३०. वार्षिक प्रतिवेदनः

(१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको विवरण सहित सो वर्ष भरमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको वार्षिक प्रतिवेदन मन्त्रालयले संघीय संसदमा पेश गर्नुपर्नेछ र सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न पर्नेछ ।

## ३१. अधिकार प्रत्यायोजनः

(१) बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अध्यक्ष **वा सह-अध्यक्ष** वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ३२. मन्त्रालयले निर्देशन दिन सक्नेः

मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

## ३३. नेपाल सरकारसँग सम्पर्क:

बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

## ३४. सहयोग गर्नु पर्ने:

यस ऐन बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ। त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

## ३५. नियम बनाउने अधिकार:

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

## ३६. खारेजी:

लागू औषध (नियमन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (क) को उपखण्ड (१) र उपखण्ड (२) तथा खण्ड (ख) र खण्ड (ग), दफा ४ को खण्ड (क), दफा ११ को खण्ड (क) र दफा १४ को खण्ड (क), (ख) (ग) र (घ) **तथा तिनको आधारमा बनेको सम्पूर्ण कानुन, निर्णय, कानुनी कारबाहीको सजाय तथा अन्य व्यवस्था यसै साथ खारेज गरिएको छ ।**

## अनुसूची - १

**धारा २ परिभाषा, अनुच्छेद (ण) र (थ) अनुसार गाँजाको विभिन्न भागको बराबरको मात्रा यस अनुसार मानिने छः**

| **स्तम्भ १** | **स्तम्भ २** | **स्तम्भ ३** |
|---|---|---|
| क्रम संख्या | गाँजाको प्रकार वा क्लास | १ ग्राम सुकेको गाँजा बराबरको मात्रा |
| १ | सुकेको गाँजा | १ ग्राम |
| २ | ताजा गाँजा | ५ ग्राम |
| ३ | गाँजामात्रको ठोस पदार्थ | १५ ग्राम |
| ४ | गाँजामात्रको तेल वा बाक्लो झोल | ७० ग्राम |
| ५ | गाँजामात्रको कन्सनट्रेट | ०.२५ ग्राम |
| ६ | गाँजाको एक बिरुवा | गाँजाको एक बीउ बराबर |

## अनुसूची - २
**धारा २ परिभाषा, अनुच्छेद (क) अनुसार एक अधिकृत व्यक्ति वा निकायले गाँजाको कारोबारको लागि प्राप्त गर्न सक्ने गाँजाका इजाजत पत्रका वर्गहरू यस प्रकार छः**

| क्रम संख्या | इजाजत पत्रको बर्ग | कारोवारको लागि स्वीकृत गतिबिधि |
|---|---|---|
| १ | खेतीको लागि इजाजत पत्र | गाँजाको खेती गर्ने, बिउँ, बिरुवा, बोट तथा सुकेको गाँजाको भाग, घरेलु तरिका वाट उत्पन्न हुने गाँजाको सार तत्व र मह मुलुक भित्र बेच्ने । कृषि अनुसन्धान गर्ने । |
| २ | प्रशोधनको लागि इजाजत पत्र | नेपालमा उत्पादित वा आयातित गाँजाको खरिद गरी गाँजा वाट सम्भव हुने सबै प्रकारको प्रशोधन नगरिएको तथा गरिएको मात्र गाँजा निर्मित पदार्थ तथा गाँजा जन्य पदार्थको उत्पादन गर्ने र मुलुक भित्र मात्र बेचबिखन गर्ने । |

| | | |
|---|---|---|
| ३ | विश्लेषणात्मक परीक्षणको लागि इजाजत पत्र | गाँजाको गुण नियन्त्रण तथा पोषण, औषधीय मूल्य, विषादीको हद तथा विभिन्न जस्तै सेल्फ-लाइफ, न्युट्रीसनल, हेबीमेटल, पेष्टिसाइड, इन्सेकटिसाइड आदिको परीक्षण गर्ने ल्याब । |
| ४ | बिक्रीको लागि इजाजत पत्र (व्यापारिक प्रयोजनको लागि स्थानीय खरिद-बिक्रीगर्ने) | गाँजा तथा गाँजाको सारतत्व वा सो निर्मित तत्व नेपाल अधिराज्य भर वाट खरिद गरी नेपाल अधिराज्य भर बिक्री वितरण गर्ने । |
| ५ | बिक्रीको लागि इजाजत पत्र (व्यापारिक प्रयोजनको लागि खरिद-बिक्री तथा आयात-निर्यात गर्ने ) | गाँजा तथा गाँजाको सारतत्व वा सो निर्मित तत्व संसार भर वाट खरिद गरी संसार भर बिक्री वितरण गर्ने । |
| ६ | अनुसन्धानको लागि इजाजत पत्र | गाँजा तथा गाँजाको सारतत्वको बिक्री वितरणको नियत नराखी स्वदेश वा विदेशमा मात्र परीक्षणको लागि कृषि वा ल्याब वा प्रशोधन आदि सम्बन्धी परीक्षण कार्यहरू सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| ७ | गाँजाको आयुर्वेदिक टनिक, आयुर्वेदिक ओखती तथा लागू औषध इजाजत पत्र | गाँजा तथा गाँजाको सारतत्वको आयुर्वेदिक उत्पादन, प्रशोधन, आयुर्वेदिक अध्ययन, औषधि तथा खाद्य निर्माण, परीक्षण, मुलुक भित्र वा बाहिर बिक्री वितरण तथा परीक्षण कार्यहरू सञ्चालन गर्ने । |
| ८ | गाँजाको अन्य प्रयोगको लाइसेन्स जस्तैः गाँजा औषधालय (फार्मेसी) सञ्चालन । | गाँजा तथा गाँजाको सारतत्वको निर्मित औषधीय गुणका पदार्थहरू मुलुक भित्र तथा बाहिर खरिद तथा बिक्री गर्ने । |
| ९ | गाँजाको एक भन्दा बढी बर्गमा पर्ने कार्य सञ्चालन । | माथिका एक भन्दा धेरै वर्ग अन्तरगतका वा सम्पूर्ण वर्ग अन्तरगतका गतिविधिहरू सञ्चालन गर्ने । |

# परिशिष्ट ख

**पुस्तकमा समावेश भएका प्राविधिक शब्द, पदावली र तिनका अर्थ :**

Adenosine receptors = डिएनए र आरएनए निर्माण हुने चार ब्लकमध्ये एक एडिनोसिन हो । एडिनोसिनको सन्देश ग्रहण गर्ने गाँठो वा बिन्दुलाई डिनोसिन रिसेप्टर भनिन्छ । जब एडिनोसिनहरू उक्त रिसेप्टरहरूमा जोल्टिन पुग्छन्, तब स्नायुका गतिविधिहरू सुस्त हुन्छन् र हामीलाई निन्द्रा लाग्छ ।

Adrenal Gland = मृगौले ग्रन्थी । यो ग्रन्थी मृगौलाको टुप्पामा टोपी लगाएजस्तै बसेको हुन्छ । यो हाम्रो शरीरमा हर्मोन उत्पादन गर्ने एक मुख्य ग्रन्थी हो ।

Adrenaline = अड्रिनल ग्रन्थीबाट निस्कने स्राव

Alzheimer = दिमागका तन्तुहरू छिया छिया हुँदै सानो भएर जानको कारण हुने एक प्रकारको मस्तिष्कसम्बन्धी रोग । यस रोगमा मानिस विस्तारै विस्तारै विसर्ने हुँदै जान्छ र उसको बौद्धिक क्षमतामा समेत ह्रास आउन थाल्छ ।

Amino Acids = प्रोटिनको संरचनाका स-साना इकाईहरू

Amino tryptophan = एक प्रकारको एमिनो एसिड

Anandamide = हाम्रो शरीररले शरीर भित्र नै उत्पादन गर्ने इन्डोक्यानाबिनोइड जसले मानिसको दर्द नाश गर्ने, खुशी र मानसिक रूपमा स्वस्थ्य रहेको अनुभूति पैदा गर्छ ।

Anxiety = डर

Arachidonic acid = एराकिडोनिक एसिड

Avalanche = हिमपहिरो

bravo delta = सम्पूर्ण रूपमा ल्वात्त छिर्नु

Caffeine = चिया, कफी र कोकस्ता खाद्य-पेयहरूमा पाइने केन्द्रीय स्नायु प्रणालीलाई उत्तेजित पारिदिनि रासायनिक तत्व ।

Cannabinoid or

Endocannabinoid System = स्नायु प्रणालीको लगभग सर्वव्यापी र सर्वाधिक शक्तिशाली प्रणाली ।

Cannabinoid Receptors = इन्डोक्यानाबिनोईड वा क्यानाबिनोईडको सन्देश ग्रहण गर्ने गाँठो वा बिन्दु

Cannabinoids = गाँजाको सार तत्वमा रहेका यौगिकहरूसँग सम्बन्धित वा निकट रहेका यौगिक अर्थात् रसायनहरूको समूह ।

Cartilage = कुरकुरे हाड

CBD = गाँजाको नसा नदिने औषधीय पार्वती तत्व

Cerebral Mood = अचाक्ली आनन्दको अनुभूति

Cholesterol = कोलेस्ट्रोल

Clitoris: संभोगको बेला नारीलाई चरम आनन्दको अनुभूति दिने योनिमा रहेको भगांकुर वा भगनासा ।

Cortisol = शरीरको प्रकृति निर्मित अलार्म प्रणालीको रूपमा रहेको मुख्य तनाव पैदा गर्ने एड्रेनल हार्मोन

Decarboxylase Enzyme = डिकार्बोक्सिलेज इन्जाइम

Delta 9 tetrahydrocannabinol = दिमागी अवस्था परिवर्तन गरिदिने गुण बोकेको गाँजाको मुख्य क्यानाबिनोइड अणुरुपी औषधीय रसायन

Depression = चिन्ता

Disorders = विकारहरू

Dopamine = एक प्रकारको न्यूरोट्रान्समिटर जसले हामीलाई 'आहा'को अनुभूति गराउँछ ।

Eicosanoids Harmone = चिल्लोबाट बन्ने हार्मोन जसले रक्तवाहीका नलीहरू फुलाएर दर्द तथा ज्वरो घटाई निन्द्रा लगाउने, आनन्द दिने गर्दछ । शङ्कास्पद सङ्क्रमणको स्थितिमा भने रक्त नलीहरूलाई खुम्च्याएर दर्दको सूचनामार्फत् रोग प्रतिरोधी संयन्त्रलाई सचेत पारी सम्भावित खतराको खबर सम्प्रेषण गरिदिन्छ ।

Emotion = उत्तेजना

Epinephrine = इपीनेफरिन

Erectile dysfunction = लिंग उत्तेजित हुन नसक्ने अवस्था

Estrogen = महिला प्रजनन प्रणालीमा रहेको यौन विशेषताहरूको विकास, नियमन गर्ने तथा यौन कार्यमा सहजता दिलाउने रस तत्व पैदा गर्न सहजीकरण गर्ने एक यौन हर्मोन ।

Ethanol = इथाइल अल्कोहल, रक्सी

Formulation = औषधीय सामग्रीको मात्रा

Hallucinations = दिमागी अवस्था जहाँ हुँदै नभएको कुरा देखिन्छ वा सुनिन्छ वा गन्धको अनुभूति हुन्छ वा स्वाद लिइन्छ वा अन्य केही महसुस भएको भ्रम पर्दछ जुन यथार्थमा भएको हुँदैन ।

Insulin = इन्सुलिन

L-DOPA = प्रोटिनको इन्जाइम बन्ने तत्व

Leukotrienes = एलर्जी वा एलर्जीको सम्पर्कमा आउँदा शरीरले पैदा गर्ने चिल्लो निर्मित दर्द प्रदायक प्राकृतिक रसायन ।

Linoleic Acids = लिनोलिक एसिड

Lipid = चिल्लो

Liver Cirrhosis = कलेजोको तन्दुरुस्त तन्तुहरू दागी

तन्तुहरूमार्फत् प्रतिस्थापन भएर कलेजोलाई स्थायी रूपमा क्षतिग्रस्त बनाउने रोग ।

Lubricant = चिप्लो तरल वा तेलीय वा जेल पदार्थ

Margin of Exposure = जोखिमको हद

Marijuana = गाँजा

Melatonin Hormone = मानिसमा निन्द्रा लाग्ने र ब्युँझिने समय तालिका निर्धारण गर्ने हार्मोन । Metabolite : खाना पच्ने प्रक्रियामा पैदा हुने समान्यताय साना अणुहरूको रुपको मध्यवर्ती वा अन्तिम उत्पादन वा सार तत्व ।

Mood disorder = भावनात्मक अवस्थामा आउने विकृति

Multiple Sclerosis = मस्तिष्क र मेरुदण्डलाई असर गर्ने रोग

Narcotics Department = प्रायः लागू औषध नियन्त्रण ब्युरोलाई जनाउने लागू औषध विभाग

Nature Science Newspaper = नेचर साइन्स नामक पत्रिका

Neuron = स्नायु कोशिका

Neurotransmitter = स्नायु वा न्युरोनद्वारा सूचनना सम्प्रेषणका लागि उत्पादन गरिएको रसायन वा सूचना बोक्ने अणु ।

Neurotransmitters = शरीरको कोषिका र स्नायु तन्तुहरूबीच सूचना आदान प्रदान गर्ने सन्देशवाहक रासायनकि पदार्थहरू ।

| | |
|---|---|
| Newsweek = | न्युजवीक नामक अंग्रेजी पत्रिका |
| Nicotine = | सुर्ती वा तमाखु आदिमा पाइने निकोटिन नामक पटक पटक सेवन गर्ने लत लगाउने तथा मानसिक चिन्ता र उत्तेजना दुवै विकास गर्ने रासायनिक यौगिक वा पदार्थ । |
| Nitric oxide = | एक रङ्गविहीन हावारुपी यौगिक वा रासायनिक पदार्थ जसले रक्त नलीहरूलाई फराकिलो बनाउँछ र निश्चित हर्मोनहरूको उत्पादनलाई उत्तेजित गर्दछ । |
| Noradrenaline = | नोरएड्रिनालिन |
| Norepinephrine = | नोरिइपिनेफरिन |
| Nostrils = | नाकको प्वाल |
| Pancreas = | प्यान्क्रियाज वा अग्नासय |
| Peptide hormones = | प्रोटिन निर्मित हार्मोन |
| Phenyl hydroxylase = | एक प्रकारको इन्जाइम |
| Phenylalanine = | शरीरले प्रोटिन तथा सूचना आदान प्रदान गर्ने अणुहरू उत्पादन गर्न प्रयोग गर्ने अत्यावश्यक वर्गको अमिनो एसिड वा खानाको सारतत्व । |
| Phospholipids = | अणुमा फस्फेट समूह जोडिएको चिल्लो पदार्थ जस्तै लेसिथिन |
| Physical Sensation = | भौतिक अनुभूति |

Pineal Gland = आत्माको आसन वा तेस्रो नेत्र

Preservative = थोरै मात्रामा संरक्षकको रूपमा राखिने खानामा हाल्न स्वीकृतिप्राप्त विषादी वा रसायन ।

Psychoactive = एक पदार्थ जसले मस्तिष्कले काम गर्ने तरिकालाई असर गर्छ र मुड, जागरूकता, विचार, भावना, वा व्यवहारमा परिवर्तन ल्याउँछ ।

Psychoactive Chemicals = मनोवैज्ञानिक अवस्था परिवर्तन गरिदिने रसायनहरू ।

Serotonin = मानिसको मुड स्वस्थ रहेको अनुभूति र खुसीपनलाई स्थिर बनाउने मुख्य हर्मोन ।

Steroid Hormone = मूलतः मानव निर्मित रसायनबाट बनेको हर्मोनलेजस्तै दर्दनाशक काम गर्ने औषधी वा ड्रग

Supplements = पूरक आहार

Synthetic Drug = रासायनिक प्रक्रियाबाट तयार भएको औषधी ।

Testosterone = पुरुषहरूको प्राथमिक स्टेरोइड यौन हार्मोन निर्माण गर्ने हर्मोन जसले पुरुषहरूमा कामवासना उत्पन्न गर्ने, हड्डीलाई गहकिलो पार्ने, बोसोको समानुपातिक वितरण गर्ने, मांसपेशीमा मासु र बलको निर्माण गर्ने तथा रातो रक्त कोशिका, वीर्य र शुक्रकीटको

आवश्यकता अनुसार उत्पादन र आपूर्ति गर्न भूमिका खेल्दछ ।

Tetrahydrocannabinol (THC) = गाँजाको नसा दिने औषधीय शिव तत्व

Toxicity = विषक्तता

Toxicological Threshold = विषाक्तता वा जोखिमविहीनताको मात्रा

Tryptophan hydroxylase = एक प्रकारको इन्जाइम


Tyrosine = प्रोटिनको इन्जाइम बन्ने तत्व


Vaginal suppositories = योनिमा घुसाइने नरम चिज जुन शरीरको तापक्रमको न्यानोमा योनि भित्र तरल अवस्थामा बस्दछ र सुख्खा योनिलाई घर्षण आदि असरबाट तथा अन्य अपेक्षित आराम प्रदान गर्दछ ।


Vasopressin = पिसाब धेरै लगाउने र रक्तचाप बढाउने एक पिट्युटरी हर्मोन र

Withdrawal syndrome = लागु पदार्थसँग शारीरिक निर्भरता विकसित भएका व्यक्तिहरू लागु पदार्थ सेवनबाट विच्छेदन हुने क्रममा देखिने लक्षण ।

# परिशिष्ट ग


MEDICINAL CANNABIS CHEMISTRY
HEATED
RAW
CBGA/CBGVA
CBGA
Analgesic
Anti-Inflammatory
CBGVA
Anti-Inflammatory
THCA /THCVA
THCA
Anti-Cancer
Anti-Inflammatory
Anti-Spasmodic
THCVA
Anti-Inflammatory
CBDA/CBDVA
CBDA
Anti-Cancer
Anti-Inflammatory
CBDVA
Anti-Inflammatory
CBCA/CBCVVA
CBCA
Anti-Fungal
Anti-Inflammatory
CBCVA
Anti-Inflammatory
AGED
THCA/THCVA
CBNA
Anti-Inflammatory
CBN
THC /THCV
Δ-8 THC
Anti-Anxiety
Anti-Emetic
CBN
Analgesic
Anti-Bacterial
Anti-Convulsive
Anti-Inflammatory
Anti-Insomnia
CBCA / CBCVA
CBLA
Anti-Inflammatory
CBL
CBC/CBCV
CBL


HEATED CANNABIS
THCA /THCVA
THC
Analgesic
Anti-Bacterial
Anti-Cancer
Anti-Inflammatory
Anti-Spasmodic
Appetite Stimulant
Bronchodilator
Neuroprotective
THCV
Anti-Convulsive
Anti-Inflammatory
Appetite Suppressant
Bone-Stimulant
Neuroprotective
CBCA/CBCVA
CBC
Analgesic
Anti-Bacterial
Anti-Cancer
Anti-Depressant
Anti-Fungal
Anti-Inflammatory
Anti-Insomnia
Bone-Stimulant
CBCV
CBGA /CBGVA
CBG
Analgesic
Anti-Bacterial
Anti-Cancer
Anti-Depressant
Anti-Fungal
CBGV
CBDA/CBDVA
CBD
Analgesic
Anti-Anxiety
Anti-Bacterial
Anti-Cancer
Anti-Convulsive
Anti-Depressant
Anti-Emetic
Anti-Inflammatory
Anti-Insomnia
Anti-Ischemic
Anti-Psychotic
Anti-Spasmodic
Bone-Stimulant
Immunosuppressive
Neuroprotective
CBDV
Anti-Convulsive
Bone-Stimulant


ROLE of ACTIVES
Principles
CANNABIS
Anti-Anxiety
Linalool
Limonene
Anti-Cancer
β-Caryophyllene
Citronellol
Humulene
Limonene
Myrcene
Anti-Depressant
Cineol
Limonene
Linalool
Anti-Fungal
α-Pinene
β-Caryophyllene
Caryophyllene Oxide
Limonene
Nerolidol
Terpinolene
Anti-Insomnia
Borneol
Citronellol
Linalool
Myrcene
Nerolidol
Phytol
Terpinolene
Anti-Psychotic
Appetite Stimulant
Bone-Stimulant
Immunosuppressive
Analgesic
Borneol
Myrcene
Anti-Bacterial
α-Pinene
β-Caryophyllene
Cineol
Humulene
Limonene
Linalool
Terpinolene
Anti-Convulsive
Linalool
Anti-Emetic
Anti-Inflammatory
α-Pinene
β-Caryophyllene
Cineol
Citronellol
Humulene
Myrcene
Anti-Ischemic
Caryophyllene Oxide
Anti-Spasmodic
Citronellol
Myrcene
Appetite Suppressant
Humulene
Bronchodilator
α-Pinene
Borneol
Cineol
Neuroprotective